सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ माघ २०८१, सोमबार (3 Feb 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मानव अधिकार आयोगलाई शक्तिशाली बनाउने प्रस्ताव



प्रधानमन्त्री कार्यालयले रायका लागि ६ महिनापछि अर्थ मन्त्रालय पठायो

(विस्तृत पृष्ठ ३)

ग्रामीण विकासका चुनौती र अवसर



अग्रलेख

● इ. प्रकाश थापा

ग्रामीण क्षेत्रमा विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत-साधनको दोहन र जथाभावी डोजरको प्रयोग चिन्ताजनक छ

(पृष्ठ ४)

बढ्न थाल्यो कर्जाको माग

आयाततर्फको कर्जा प्रवाह ५६.६ प्रतिशतले बढ्यो, आयातमा भएको वृद्धिले मुद्रास्फीतिमा पनि चाप

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ हावाहुरीको सिजन सुरु नहुँदै बढ्यो आगलागी र डढेलो

एक महिनामा १४ को मृत्यु, ७९ जना घाइते

४३ घर पूर्ण र ४९ आंशिक गरी ९२ घरमा क्षति, १४ करोडको क्षति आकलन, सरकार बल्ल कार्ययोजनाको तयारीमा

■ विज्ञ भन्छन्-
यसपालि पनि डढेलो बढ्ने देखिन्छ




● **सुन्दरप्रसाद शर्मा**, डढेलोविज्ञ

हिउँदमा पनि कम पानी परेकाले आगलागी र डढेलो बढेको छ। अब झन् सुक्खायाम र हावाहुरी चल्ने समय सुरु भइरहेको छ। चैत-वैशाखमा कस्तो होला भन्न सकिने अवस्था छैन।



● **विभूति पोखरेल**, मौसमविद्

विश्वव्यापी तापक्रम वृद्धिका कारण कुनै पनि समय र याममा डढेलोको जोखिम हुन्छ। नेपालमा हिउँदमा कम पानी परेको र तापक्रम सरदरभन्दा बढी रहेकाले सुक्खा छ। त्यसैले डढेलो बढ्यो।



● **दीपक ज्ञवाली**
सहसचिव, वन मन्त्रालय

यसपालि पनि डढेलो बढ्ने देखिन्छ। डढेलो लागेपछि निभाउन सम्भव छैन। वनमा दमकल जान नसक्ने, दमकल नै पर्याप्त छैनन्। नजिकै पानीको स्रोत पनि नहुन सक्छ। हामीले पूर्वतयारीमा जोड दिएका छौं। त्यहीअनुसार डढेलो नियन्त्रण र पूर्वतयारी कार्ययोजना बन्दै छ।

काठमाडौंमा **यम बम**
सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

हावाहुरीको सिजन (प्रि-मनसुन) सुरु नहुँदै वनडढेलो र आगलागीका घटना बढेका छन्। तर, सरकार बल्ल डढेलो नियन्त्रणका लागि पूर्वतयारी कार्ययोजना बनाउँदै छ। सुक्खायाम र हावाहुरी चल्ने समय सुरु हुन थालेकाले डढेलो र आगलागी थप बढ्न सक्ने विज्ञको चिन्ता छ। डढेलो र आगलागी नियन्त्रणका लागि जनशक्ति र उपकरण अभाव छ।

गृह मन्त्रालयका अनुसार १७ पुसयताको एक महिना

» पृष्ठ २ मा क्रमशः

■ भोटेकोशीमा तीन दिनदेखि डढेलो



चीन र नेपालको सिमानामा पर्ने कोदारी जंगलमा तीन दिनदेखि लागेको डढेलो अझै नियन्त्रणमा आएको छैन। डढेलो नियन्त्रणका लागि आइतबार हेलिकोप्टरबाट भोटेकोशीको पानी ल्याएर खन्याइएको छ। भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङ नोर्बु शेर्पाले डढेलो निभाउन सोमबार पनि हेलिकोप्टरले पानी खन्याउने बताए। लिपिङ बजारमाथि भिरको जंगलबाट सुरु भएको डढेलो चीन क्षेत्रको जंगलमा पनि जाने जोखिम बढेको छ। डढेलो नियन्त्रणका लागि गाउँपालिका, सेना, प्रहरी र सशस्त्र प्रहरी लागिपरेका छन्। तस्बिरहरू : नेपाल प्रहरी

जनशक्ति र उपकरणको अभाव

नेपालमा आगलागी र डढेलो निभाउन जनशक्ति र उपकरणको अभाव छ। जसकारण आगो निभाउन अग्रपंक्तिमा खटिने सुरक्षाकर्मी र स्थानीय युवाले ज्यान गुमाउने गरेका छन्। राज्यसँग आगलागी नियन्त्रणका लागि उपकरणसहित छुट्टै दस्ता छैन। आगो र डढेलो निभाउन सबैभन्दा ठुलो जनशक्ति २३ हजार फौज नेपाली सेनासँग छ। स्थानीय तहसँग १५५ दमकल छन्। तर, तीमध्ये पनि १३४ वटा मात्र सञ्चालनमा छन्। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पालिकालाई एक सयभन्दा धेरै पोर्टेबल फायर पम्प (बोकेर लैजान मिल्ने पम्प) दिएको छ। त्यसबाहेक फायर सुटसहितका उपकरण पनि प्रदान गरिएको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले बताए।

■ इतिहासकै भयानक १० डढेलो

नारायण सिवाकोटी / नयाँ पत्रिका

संयुक्त राष्ट्रसंघका अनुसार यो शताब्दीको अन्तसम्ममा आगलागीजन्य चरम घटनाहरूमा ५० प्रतिशतले वृद्धि हुँदै छ। डढेलोको प्रकोप बढ्नुमा जलवायु संकट र भूउपयोगमा आएको परिवर्तनलाई कारण मानिएको छ। केही दशकअघिको तुलनामा अहिले नै पश्चिम अमेरिका, उत्तरी साइबेरिया, मध्य भारत र पूर्वी अस्ट्रेलियालगायतका क्षेत्रमा उल्लेख्य आगलागीका घटना भएका छन्। यसले जैविक विविधता, पर्यावरण र मानव बस्तीमा जोखिम बढाएको छ। यस्ता छन्, इतिहासकै भयानक केही डढेलो :



१ लस एन्जलस डढेलो (७ जनवरी २०२५)
दुई सय वर्गकिलोमिटर

क्यालिफोर्निया राज्यको लस एन्जलस काउन्टीका हर्स्ट, पालिसेड्स र इटोनमा ७ जनवरीबाट सुरु भएको डढेलो अझै निभेको छैन। मानव बसोबासको ठुलो क्षेत्रलाई चपेटामा लिएको यो डढेलो नियन्त्रण लिन अमेरिकी सरकारले साढे सात हजारभन्दा धेरै अग्निशमनकर्ताका साथै ठुलो परिमाणमा स्रोतसाधन परिचालन गरेको छ। भरमग्दुर प्रयासका बाबजुद महाशक्ति अमेरिका यस प्राकृतिक प्रकोपसामु निरीह साबित भएको छ। हर्स्टमा फैलिएको डढेलो पूर्ण नियन्त्रण लिन सके पनि अन्य स्थानका डढेलो अझै काबुबाहिरै छन्। यहीबिच, गत बुधबार अर्थात् जनवरी २२ बाट ह्युसमा नयाँ डढेलो खतरनाक तहमा विस्तारित भइसकेको छ। तीव्र गतिको शान्ता

» पृष्ठ २ मा क्रमशः

■ हलो-जुवा बोकेर आन्दोलनमा



तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

वर्षौंदेखि जोतभोग गर्दै आएको जमिन आफूहरूको नाममा हुनुपर्नेलगायत माग राख्दै दाङको स्वर्गद्वारी गुठीका मोही किसानले काठमाडौंको माइतीघरमा आन्दोलन सुरु गरेका छन्। ०४५ देखि जिल्लामा आन्दोलन गरे पनि न्याय नपाएको भन्दै आइतबारदेखि उनीहरूले काठमाडौंकेन्द्रित आन्दोलन थालेका हुन्।

(विस्तृत समाचार पृष्ठ ३)

■ अध्यादेशलाई विपक्षीको संसद्बाटै चुनौती

प्रतिनिधिसभामा ५० र राष्ट्रिय सभामा १६ अस्वीकार प्रस्ताव

कमलराज भट्ट / नयाँ पत्रिका

अध्यादेशको सामूहिक र पार्टीगत रूपमा विरोध गरेका विपक्षी दलहरूले संसद्बाट समेत सरकारलाई चुनौती दिएका छन्। सरकारले ल्याएका ६ वटा अध्यादेशविरुद्ध संघीय संसद्मा ६६ वटा अस्वीकार प्रस्तावको सूचना दर्ता भएका छन्।

प्रमुख प्रतिपक्षी माओवादी केन्द्र, विपक्षीहरू रास्वपा, एकीकृत समाजवादी, नेमकिपाका सांसदले ६ वटा अध्यादेशविरुद्ध छुट्टाछुट्टै अस्वीकार प्रस्तावको सूचना दर्ता गराएका हुन्। रोस्टमबाट अध्यादेशको प्रक्रियामा असहमति जनाएको विपक्षी राप्रपाले भने अस्वीकार प्रस्तावको सूचना दर्ता गराएन।

दुवै सभामा अध्यादेशविरुद्ध ६६ वटा अस्वीकारको सूचना दर्ता भएको संसद् सचिवालयका सहायक प्रवक्ता अनन्त कोइरालाले बताए। उनका अनुसार प्रतिनिधिसभामा ५० र राष्ट्रिय सभामा १६ वटा प्रस्ताव दर्ता भएका छन्। विपक्षीहरूले संसद् छलेर सरकारले गलत नियतसहित अध्यादेश ल्याएको आरोप लगाउँदै आएका छन्।

संसद् अधिवेशन सुरु भएकै दिन सरकारले १८ माघमा

» पृष्ठ २ मा क्रमशः

● **प्रस्तावमा सांसदहरूको दाबी :** माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादी, नेमकिपाका सांसदले दर्ता गराएको सूचनामा सरकारी जग्गा कार्यकर्तालाई बाँड्ने नियत राखेको, २० प्रतिशत नाफाको सीमा हटाएर कालोबजारीलाई बढावा दिएको, बेरुजु फर्स्योट गर्ने लेखा समितिको संसदीय अधिकार हनन गरेको र राष्ट्रिय सम्पत्तिको सुरक्षामा गम्भीर असर पार्ने खालका अध्यादेश आएको दाबी छ।

● **प्रक्रिया के हुन्छ ? :** प्रतिनिधिसभा नियमावली परिच्छेद १४ अनुसार सरकारले सदनको पहिलो बैठकमा अध्यादेश पेस गरेपछि सांसदहरूले त्यसको दुई दिनभित्र अस्वीकार गरियोस् भनेर संसद्को महासचिवलाई सूचना दिन पाउँछन्। सूचनामा सांसदले अध्यादेश अस्वीकृत गर्नुको कारण उल्लेख गर्नुपर्छ। उक्त सूचनालाई सभामुखको अनुमतिमा सांसदले सदनमा प्रस्तुत गर्छ। प्रस्तावमा अन्य सांसदहरूले भाग लिन पाउँछन्, छलफल हुन्छ। मन्त्रीले जवाफ दिन्छन् र अन्तिममा प्रस्ताव सभामुखले निर्णयार्थ प्रस्तुत गर्छन्। प्रस्ताव स्वीकृत भए अध्यादेश फिर्ता हुन्छ। अस्वीकृत भए अध्यादेश छलफल प्रक्रियामा अगाडि बढ्छ। अध्यादेशहरूलाई २४ माघमा बस्ने दुवै सभाको बैठकमा स्वीकृतिका लागि प्रस्तुत गर्ने कार्यतालिका छ। त्यसअगाडि अस्वीकार गरियोस् भन्ने प्रस्तावमा छलफल हुने संसद् सचिवालयले जनाएको छ।

● **राष्ट्रिय सभामा जसपा नेपाल निर्णायक :** संविधानअनुसार दुवै सभाबाट अध्यादेश स्वीकृत हुनुपर्छ। अध्यादेश दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने व्यवस्था छ। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० जना आवश्यक पर्छ। प्रतिनिधिसभामा सत्तापक्षको झन्डै दुईतिहाइ हाराहारी बहुमत रहे पनि राष्ट्रिय सभामा स्पष्ट बहुमत छैन। राष्ट्रिय सभामा सत्तारूढ दलको हाल २८ सांसद छन्, तीन सदस्य रहेको जसपा नेपालले समर्थन जनाए मात्र अध्यादेशको पक्षमा बहुमत पुग्छ।

■ पाथीभरा केबलकार विवाद

झडपदेखि बन्दसम्मले अशान्त बन्दै पूर्व



झापाको दमकमा सडकमा बसेर सार्वजनिक सवारी बन्द गराउँदै आन्दोलनकारी

झापामा **चिरञ्जीवी घिमिरे**

धार्मिक स्थल ताप्लेजुङको पाथीभरा मन्दिरलाई केबलकारले जोड्ने विवादसँगै निम्तिएको झडप र बन्दले पूर्व अशान्त बन्दै गएको छ। ताप्लेजुङमा एक सातायता निम्तिएको तनाव कोशी प्रदेशभर विस्तार हुँदै गएको छ। लिम्बू मुन्धुमअनुसार मुकुम्लुङ भनिने पाथीभरालाई उनीहरूले धार्मिक स्थल मान्छन्। यहाँ केबुलकार बनाउन नहुने माग उनीहरूको छ।

आफूहरूले पहिचान मागिरहेका वेला सरकारले उल्टै जबर्जस्ती केबलकार निर्माण गर्न दिएर अन्याय गरेको भन्दै उनीहरूले आइतबार कोशी प्रदेशका नौ जिल्ला बन्द गरे। बन्दले दिनभर यहाँको जनजीवन प्रभावित बनायो। पूर्वघोषित कार्यक्रमअनुसार सोमबार पनि प्रदेशभर बन्द

» पृष्ठ २ मा क्रमशः

स्तनपान गराउने आमाको संख्या घट्दो

पाउडर दुधले बिग्रिँदै बच्चाको स्वास्थ्य

आमाको दुध प्रतिस्थापन गर्ने पाउडरजन्य उत्पादन बिक्री छ्यापछ्याप्ती, खुद्रा बजारदेखि सुपरमार्केटसम्मले बेच्छन् विनाअनुमति

● **डा. रामहरि चापागाईं**, बालरोग विशेषज्ञ, कान्ति बाल अस्पताल



आमाको दुध जति पोसिलो हुन्छ, त्यस्तो फर्मुला फिडमा त के पशुपक्षीको दुधमा पनि हुँदैन। आमाको दुध खुवाउनै नसक्ने अवस्थामा यसको प्रयोग गर्नुपर्ने बाध्यता हुन सक्ला। सकेसम्म यसको प्रयोग नगरेकै राम्रो हो।

● **डा. वसन्त अधिकारी**, प्रमुख, जनस्वास्थ्य कार्यालय काठमाडौं



बजारमा पाइने फर्मुला तथा ल्याक्टोजिनहरूले नवजात शिशुको वृद्धि विकासमा असर पार्छ। बाध्यकारी परिस्थितिमा बाहेक रहर र सौन्दर्य बिग्रने भन्दै बच्चालाई स्तनपान नगराउनु राम्रो होइन।

शिवहरि घिमिरे / नयाँ पत्रिका

'शिशुका लागि स्तनपान अमृतसमान'। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्वास्थ्य संस्थाहरूले वर्षौंदेखि सञ्चार गरेको यो विश्वव्यापी सूचना हरेकलाई कण्ठजस्तै भइसक्यो। विश्व स्वास्थ्य संगठनका अनुसार शिशुलाई स्वस्थ राख्न जन्मिएको एक वर्षसम्म २४ घण्टामा कम्तीमा १२ पटक आमाको स्तनपान गराउनुपर्छ। तर, नेपालमा स्तनपान गराउने आमाको संख्या घट्दो दरमा छ।

गत वर्ष गरिएको राष्ट्रिय सर्वेक्षणले स्तनपान गराउने आमाको संख्या ५५ प्रतिशत मात्रै रहेको देखाएको छ। यो दुई वर्षभन्दा मुनिका बालबालिकालाई आधार मानेर गरिएको सर्वेक्षण थियो। जबकि आठ वर्षअघि गरिएको

» पृष्ठ २ मा क्रमशः



सरकारले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नियन्त्रण ऐन, २०४९ र सोसम्बन्धी नियमावली, २०५१ जारी गरेको थियो। अहिले पनि कार्यान्वयनमै रहेको उक्त ऐनले आमाको दुध प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नियन्त्रण गर्ने व्यवस्था गरेको छ। तर, उक्त ऐन र नियमावलीले गरेका व्यवस्था उल्लंघन गर्दै मेडिकलदेखि किराना पसलेसम्मले पाउडरजन्य दुध बिक्री गरिरहेका अनुगमनमा भेटिएको कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. सतिश विष्टले बताए।

किन घट्दै छन्
स्तनपान गराउने आमा ?

आमाको व्यस्तता, स्तनको आकार बिग्रिने डर र झन्झटका कारण स्तनपान गराउने आमाहरूको संख्या घट्न थालेको विज्ञहरू बताउँछन्। जनस्वास्थ्य कार्यालय काठमाडौंकी जनस्वास्थ्य अधिकृत अनिता खनालका अनुसार कामकाजी महिलाले व्यस्त दैनिकीका कारण स्तनपान गराउन सकेका छैनन्। तर, अधिकांशले भने स्तनको आकार बिग्रिने डर तथा विज्ञापनको भ्रममा परेर बच्चालाई ल्याक्टोजिन, फर्मुलाजस्ता उत्पादन खुवाउने गरेको वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. सतिश विष्ट बताउँछन्। आफ्नो शरीर बिग्रिने बहानामा आमाहरूले बच्चाको स्वास्थ्य बिगारिरहेको उनको चेतावनी छ। त्यसो त आफ्नो दुध नआएपछि बट्टाको दुध खुवाउनुपर्ने बाध्यतामा पनि कतिपय आमा रहेको उनले बताए।

प्रतिनिधिसभामा...

पृष्ठ १ बाट क्रमशः

प्रतिनिधिसभा र राष्ट्रिय सभामा सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गरेको थियो । यी अध्यादेशविरुद्ध अस्वीकार प्रस्ताव दर्ता भएका हुन् ।

सांसदहरूले अस्वीकार प्रस्तावमा भूमि विधेयकमा सरकारी जग्गा कार्यकर्तालाई बाँड्ने नियत राखेको, प्रधानमन्त्री कार्यालयले ल्याएको आर्थिक सुशासनमा अध्यादेशमा २० प्रतिशत नाफाको सीमा हटाएर कालोबजारीलाई बढावा दिएको र आर्थिक वित्तीय उत्तरदायी अध्यादेशमार्फत बेरुजु फर्स्योट गर्ने लेखा समितिको संसदीय अधिकार हनन गरेको दाबी गरेका छन् । यस्तै, निजीकरण ऐन संशोधन अध्यादेशले राष्ट्रिय सम्पत्तिको सुरक्षामा गम्भीर असर पार्ने र स्थायी निजीकरणको खतरा भएकालगायत कारण दिएर अस्वीकार प्रस्ताव दर्ता गरेका छन् ।

झडपदेखि...

पृष्ठ १ बाट क्रमशः

घोषणा गरिएको छ । १२ माघमा 'नो केबलकार' समूह र प्रहरीबिच भएको झडपमा प्रदर्शनकारी घाइते भएपछि पहिचानवादीहरूले ताप्लेजुङमा निरन्तर विरोध गर्दै आएका थिए । तीन घाइतेको अहिले पनि काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । प्रदर्शनकारीले १५ माघदेखि ताप्लेजुङ प्रवेश गर्ने मेची राजमार्ग र तमोर करिडोरमा यातायातका साधन बन्द गर्दै आएका छन् । पाँच दिनको अल्टिमेटम दिँदा पनि सरकारले बेवास्ता गरेको भन्दै आइतबार र सोमबार उनीहरूले नौ जिल्ला नै बन्दको घोषणा गरेका हुन् ।

'हामीले पाँच दिनको अल्टिमेटम दिँदै मेची राजमार्ग र तमोर करिडोर बन्द आह्वान गरेका थियौं । सरकारले बेवास्ता गरेपछि अरुणपूर्वका नौ जिल्ला बन्द नै गर्नुपर्ने बाध्यता आइपर्‍यो,' मुक्कुमलुङ संरक्षण समितिका संयोजक श्री लिङखिमले भने, 'मुक्कुमलुङ क्षेत्रमा गोली चलाउने सुरक्षाकर्मीलाई छानबिन गरी कारबाही गर्नुपर्छ । केबलकार निर्माणको काम रोक्नुपर्छ । घाइतेलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ । सोमबारसम्म पनि सरकारले हाम्रा माग पूरा नगरे अरुणपूर्वका नौ जिल्लामा अनिश्चितकालीन आमहड्ताल गर्छौं ।'

आन्दोलनकारीले पाथीभरा क्षेत्रमा केबलकार निर्माणको काम रोक्नुपर्ने, आन्दोलनका क्रममा ताप्लेजुङमा पक्राउ परेका तीनजनाको मुद्दा फिर्ता गर्नुपर्ने, घाइतेलाई क्षतिपूर्ति दिनुपर्नेलगायत माग राखेको संयोजक लिङखिमले जानकारी दिए । 'मुक्कुमलुङजस्तो धार्मिकस्थलमा असुरक्षाको खतरा छ । यहाँ शान्ति कायम गर्नुपर्छ । सरकारले बेस क्याम्प नै खडा गरेर राखेको सशस्त्र प्रहरीको टोली फिर्ता बोलाउनुपर्छ,' उनले भने ।

आइतबार आह्वान गरिएको बन्दका कारण पहाडी क्षेत्रमा बन्दको पूर्ण तथा तराईका जिल्लामा आंशिक प्रभाव परेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका सूचना अधिकारी डिएसपी ध्रुवकुमार श्रेष्ठले जानकारी दिए । 'बन्दको प्रभाव जिल्लाअनुसार फरक छ । पहाडी जिल्लामा बढी प्रभाव छ । तराईका जिल्लामा कम छ । इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुमलगायतका पहाडी जिल्लामा ९० प्रतिशत बन्दको असर पर्‍यो । सवारीसाधन चलेनन् । मोरङ, सुनसरी, संखुवासभा र झापामा आंशिक प्रभाव पर्‍यो,' उनले भने, 'बन्दकर्ताहरू बिहानैदेखि विभिन्न ठाउँमा देखापरेका थिए ।' उनका अनुसार मेची राजमार्ग र तमोर करिडोरमा भने १५ माघदेखि नै बन्दको प्रभाव छ ।

झापाको दमकमा बन्दकर्ता र प्रहरीबिच झडपसमेत भएको डिएसपी श्रेष्ठले जानकारी दिए । उनका अनुसार आन्दोलनकारीले सार्वजनिक बसको सिसा फुटाएपछि सामान्य झडप सुरु भएको थियो । स्थिति नियन्त्रणमा लिन एक सेल अश्रु ग्यास फायर भएको उनले बताए । प्रहरीले दमकबाट आठ र सुनसरीको धरानबाट ६ जनालाई पक्राउ गरेको उनले बताए । यो समाचार तयार पार्दासम्म उनीहरू छुटेका छैनन् ।

केबलकार निर्माण सुरु भएपछि असामान्य अवस्था आएको भन्दै जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले वार्ताको प्रयास गरेको छ । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले आइतबार जिल्लामा क्रियाशील राजनीतिक दलसँग छलफल गरेको थियो ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

पाँचथर पावर कम्पनी लिमिटेडको आ.व.०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको विवरण

Panchthar Power Company Ltd.

Hattiban, Lalitpur, Nepal

Balance Sheet as on Poush 29th, 2081 (Unaudited) NRP'000

Particulars	"This Quarter ending As at 29th Poush, 2081"	"This Quarter ending As at 30th Aswin, 2081"	"Previous 4th Quarter ending As at 31th Ashad, 2081 (Audited)"	"Previous 2nd Quarter ending As at29th Poush, 2080"
Assets				
Non-Current Assets:				
Properties, Plant & Equipments	1634400.583	1,652,796.51	1,671,122.43	2,050,805.91
Work-in-Progress	622034.1793	572308.0075	419,406	
Investments			-	
Total Non-Current Assets	**2,256,435**	**2,225,105**	**2,090,528**	**2,050,806**
Current Assets:				
Deposits	50889.939	52,900.94	59,104.94	13,560.40
Other Loans & Advances	1424.43471	1,424.43	1,424.43	1,424.43
Sundry Debtors	567364.4846	397,385.11	358,719.50	347,769.45
Inventories		-	-	-
Cash & Bank Balance	560.52201	2,642.28	36,211.43	6,563.14
Total Current Assets	**620,239**	**454,353**	**455,460**	**369,317.43**
Total Assets	**2,876,674**	**2,679,457**	**2,545,989**	**2,420,123**
Equity				
Share Capital	962500	962,500	962,500	962,500
Reserve and Surplus	(114,064.64)	(62,071)	(36,430)	(2,786)
Total Equity	**848,435**	**900,429**	**926,070**	**959,714**
Liabilities				
Non-Current Liabilities:				
Secured Loans	630006.605	711,483.89	747,849.11	878,570.83
Unsecured Loans	1094653.39	784,134.14	698,615	319,038
Total Non-Current Liabilities	**1,724,660**	**1,495,618**	**1,446,464**	**1,197,608**
Current Liabilities:				
Trade and Other Payables	303,578.79	283,410.38	173,455.09	262,801.24
Shgort Term Loan Loan		-	-	-
Dividend Payable			-	-
Deferred Tax Liabilities			-	-
Total Current Liabilities	**303,579**	**283,410**	**173,455**	**262,801**
Total Liabilities	**2,028,239**	**1,779,028**	**1,619,919**	**1,460,410**
Total Equity and Liabilities	**2,876,674**	**2,679,457**	**2,545,989**	**2,420,123**

Profit & Loss Accounts for the period end Poush 29, 2081 (Unaudited (NRS,000)

Particulars	"This Quarter ending As at 29th Poush, 2081"	"This Quarter ending As at 30th Aswin, 2081"	"Previous 4th Quarter ending As at 31th Ashad, 2081(Audited)"	"Previous 2nd Quarter ending As at29th Poush, 2080"
Revenue from Operations		-	-	-
Less: Direct Expenses		-	-	-
Gross Profit		-	-	-
Other Income	1000	-	417,106	2.15
Staff Costs	2212.6	2,208.12	4,678	2,089.84
Other Operating Costs	2141.8137	961.93	17,937	5,439.71
Financial Costs	37488.07964	4,074.87	110,692	54,713.15
Depreciation	36,791.85	18,395.92	73,635	43,174.47
Impairment of project Assets	-	-	349,223	-
Provision for Staff Bonus		-	-	-
Net Profit before Tax	**(77,634)**	**(25,641)**	**(139,059)**	**(105,415)**
Income Tax		0	-	-
Net Profit	**(77,634)**	**(25,641)**	**(139,059)**	**(105,415)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

पांचथर पावर कम्पनी लि.को आ.व. २०८१/०८२ को दोस्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तिय बिवरण**

क. त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी बिवरण यसै साथ संलग्न गरिएको छ ।

ख. प्रमुख वित्तिय अनुपातहरूः

प्रति शेयर आम्दानी (रु.) EPS**	शेयरको बजार मूल्य (रु.)	प्रति शेयर नेटवर्थ (रु.)	प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.)	तरलता अनुपात
(८.०७)	२८५	८८.१५	२९८.८८	२.०४

EPS** बार्षिकीकरण नगरिएको ।

२. **व्यवस्थापकीय विश्लेषण**

यस आयोजना वाट उत्पादनहुने २०८० आषाढ महिनामा आएको वाढीले आयेजनालाई क्षति पुऱ्याएकोले आयोजना आषाढ देखि वन्द रहेको र आयोजना पुन निर्माण तथा मर्मत कार्य भईरहेको हुँदा यस आ.व.को दास्रो त्रैमास सम्ममा आम्दानी हुन सकेको छैन । बाढीले आयोजनाको सिभिल संरचना सहित पावर हाउस लगायत इलेक्ट्रो मेकानिकल इक्यूपमेण्ट समेतमा क्षति हुन गएकोले र सो को मर्मत कार्य सम्पन्न गरि इलेक्ट्रो मेकानिकल इक्यूपमेण्टको जडान कार्य सम्पन्न गरि मिति २०८१ आश्विन १५ बाट आयोजनावाट विद्युत उत्पादन गर्ने तयारी भएकोमा **मिति २०८१ आश्विन ११ र १२ गतेको नेपाल अधिराज्य भर आएको बर्षाले हेवा खोलामा आएको वाडीले आयोजनालाई पुन क्षति पुऱ्याएको हुनाले आयोजना संचालन गर्न सकिएन दोस्रो पटकको बाडीले करिव ५५ करोडको क्षति हुन गएको पुर्वानुमान गरिएको छ । आयोजनको डुवानमा परेको पावर हाउस, स्विचयार्ड, एक्सेसरोड, लगायतका कार्यको पुन निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याइएको छ, करिव चैत्र मसान्त सम्ममा आयोजनाको पुन निर्माण सम्पन्न गरि आयोजना वाट विद्युत उत्पादन सुचारु गर्ने लक्षका साथ पुन निर्माणको कार्य भइरहेको छ ।** आयोजना संचालनमा आईसकेपछि अपेक्षा अनुसारको उत्पादन हुनेमा कम्पनि आशावादी रहेको छ । आयोजनाको पहिलो वाढीबाट क्षति भएको सम्पती बिमा दावी वापत हालसम्म पेस्कि बापत प्राप्त भएको रु २०,००,००,०००/- (बिस करोड) र आम्दानी लस वापत प्राप्त भएको १६ करोड ८९ लाखलाई आम्दानीमा लेखाङ्कन गरिएको छ । अघिल्लो प्रकाशित २०८१ आषाढ मसान्तसम्मको चौथो त्रैमासिक बिवरण मा लेखापरिक्षणको समयमा आयोजनाको पहिलो चरणको वाढीबाट क्षति भएको सम्पति मूल्यलाई Disposal गरिएकोले केहि संशोधन भएको र सोहि अनुसार पुर्व प्रकाशित त्रैमासिक बिवरणमा समेत शंसोधित भएको ब्यहोरा जानकारी गराउदछौ । आयोजनाको पुन निर्माणको लागि खरिद गरिएको इलेक्ट्रो मेकानिकल इक्यूपमेण्टको नेपाल सरकारले भन्सार तथा मु अ. कर छुटको सुविधा दिने भनि उर्जा मन्त्रालयवाट प्रकृया अगाडी बढाएको तर सोको निर्णय नगरि दिएकोले लामो समयसम्म पर्खाइमा रहेको र अन्त्यमा भन्सार महशुल तथा मुअ.कर तिरि भन्सार जाँच पास गर्नु परेकोले समयमानै आयोजनाको पुर्ननिर्माण कार्य सम्पन्न गर्न ढिलाई भई आम्दनी लस ब्यहोर्नु परेको कुरा समेत जानकारी गराउदछौ । साथै दोस्रपटक आयोजनालाई क्षति पुऱ्याएको सम्पति विमा दावी वापतको रकम बिमि कम्पनीसंग दावी गर्ने प्रकृयामा रहेकोले दास्रो पटकको सम्पती क्षतिलाई Disposal गरि लसमा देखाईएको छैन । पछि यकिन भए पश्चात मात्र सम्पती लसमा लेखाङ्कन गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

३. **कानूनी कारबाही सम्बन्धी बिवरण**

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

अधिकतम मूल्य (रु.)	न्यूनतम मूल्य (रु.)	अन्तिम मूल्य (रु.)	करोवार भएको कुल दिन	कारोवार संख्या	कारोवार रकम (रु.)
३२७	२४९	२८५	५५	१००८१	६४,९२,५४,१०७.००

५. **समस्या तथा चुनौती**

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पुर्वानुमान गरे भन्दा बाहिरको बाढी पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती तथा नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने बिद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरू सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानून, नियमन निकायहरूबाट प्राप्त निर्देशनहरू एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

एक महिनामा...

पृष्ठ १ बाट क्रमशः

(२० माघसम्म) मा आगलागीका ३८० र डढेलाका १०८ घटना भएका छन् । यी घटनामा १४ जनाको ज्यान जाँदा ७९ जना घाइते भएका छन् । सरकारी तथ्यांकअनुसार झापा, सोलुखुम्बु, रौतहट, बारा, धनुषा, काभ्रेपलाञ्चोक, रसुवा, चितवन, मुस्ताङ, पर्वत, अर्घाखाँची, रोल्पा र डोल्पामा आगलागीमा एक-एकजना र डढेलोमा परी जुम्लामा एकको ज्यान गएको छ । ४३ घर पूर्ण क्षति भएका छन् ।

सबैभन्दा बढी मोरङमा २२, सुनसरीमा २१, सप्तरीमा १९, झापामा १६, धनुषा र काठमाडौंमा १५-१५, सिराहामा १४, बारामा १३, सर्लाहीमा १२, रौतहट र बाँकेमा ११-११ तथा भोजपुरमा १० ठाउँमा आगलागी भएको छ । यो गत वर्षभन्दा कम संख्या हो । गत वर्ष यही अवधिमा ४२० ठाउँमा आगलागी हुँदा ११ जनाको मृत्यु, ८६ घाइते, ६६ घर पूर्ण र ११ घरमा आंशिक क्षति पुगेको थियो ।

डढेलोले कति वन क्षेत्र सखाप पार्‍यो भनेर यकिन तथ्यांक छैन । तर, बर्सेनि औसतमा दुई लाख हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । जसकारण काठदाउरा, बुट्यान जल्ने मात्र होइन, वन्यजन्तुको वासस्थानसमेत खलबलिने गरेको छ । वनमा लागेको डढेलोसमेत बस्ती पस्दा जिउधनको क्षति बढिरहेको छ ।

वन डढेलोविज्ञ सुन्दरप्रसाद शर्माका अनुसार नेपालमा सबैभन्दा बढी डढेलो चैत-वैशाखमा लाग्ने गर्छ । यो महिना तापक्रम उच्च हुने र वर्षा पनि कम हुने घटना बढी हुने गर्छन् । 'हिउँदमा पनि कम पानी परेकाले आगलागी र डढेलो लाग्न सहयोग पुगेको देखिन्छ । अब झन् सुक्खायाम र हावाहुरी चल्ने समय सुरु भइरहेको छ । चैत-वैशाखमा कस्तो होला भन्न सकिने अवस्था छैन । डढेलो नियन्त्रणका योजना सरकारले तुरुन्त बनाउनुपर्छ । डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरेर अग्निरेखा बनाउनतिर लाग्नुपर्छ,' उनले भने ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले सुक्खायामसँगै डढेलो र आगलागीका घटना बढिरहेको र जोखिम अझै बढ्ने बताए । 'हावाहुरी चलेपछि आगलागी र डढेलो अझ बढ्छ भन्ने हुन्छ, त्यो सिजन आउँदै छ,' उनले भने, 'वनमा डढेलो लगाउने कार्य रोक्न सचेतनामूलक कार्यक्रम चलाउन भनेर सरोकारवाला निकायलाई भनेका छौं ।'

जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसमविद् विभूति पोखरेलले मौसम सुक्खा हुँदा डढेलोको जोखिम बढेको र अहिले मध्यपहाडी क्षेत्रमा डढेलो देखिएको बताइन् । 'विश्वव्यापी तापक्रम वृद्धिका कारण कुनै पनि समय र याममा डढेलाको जोखिम हुन्छ । नेपालमा हिउँदमा कम पानी परेको र तापक्रम सरदरभन्दा बढी रहेकाले सुक्खा छ । वनजंगलमा रहेका पातपतिंगरमा डढेलो लाग्दा सुक्खा हावाले चाँडै फैलने हुन्छ । अहिले मध्यपहाडी क्षेत्रमा डढेलो देखिएको छ,' उनले भनिन् ।

सामान्यतः नेपालमा दुई वा तीन वर्षको अन्तरालमा डढेलो बढ्ने गरेको छ । तर, पोहोर (२०२४) तीन वर्षयताकै धेरै पाँच हजार २०५ डढेलाका घटना रेकर्ड भएकामा यस वर्ष प्रि-मनसुन सुरु नहुँदै डढेलो बढेको छ । सन् २०२३ मा तीन हजार १९४ ठाउँमा डढेलो लागेको थियो ।

महाभारत र पहाडको वनजंगल डढेलोको चपेटामा

गत साता काभ्रेको खानीखोला र बेथानचोक गाउँपालिकाको सीमाक्षेत्र थामलेकस्थित महाभारत सामुदायिक वनमा लागेको डढेलो ६ दिनपछि मात्र नियन्त्रणमा आएको थियो । डढेलो नियन्त्रणमा लिन हेलिकोप्टरको बकेटमार्फत पानीसमेत खन्याउनुपरेको थियो । जुम्लाको सिँजा गाउँपालिका- १, जाँचको रूपाकोटमा वनमा लागेको डढेलो निभाउन जाँदा वृद्ध भद्र रावलको गत आइतबार ज्यान गएको थियो । त्यस्तै, नीलगिरि हिमालको फेद म्याग्दी र मुस्ताङको सीमावर्ती क्षेत्रमा पनि एक साता डढेलो लाग्यो । अमेरिकी अन्तरिक्षसम्बन्धी संस्था नासाको मोडिज भूउपग्रहले संकलन गरेको तथ्यांक हेर्दा डढेलो पनि बढिरहेको छ । पछिल्लो २४ घन्टामा मात्र १३२ ठाउँमा डढेलो देखिन्छ । चुरे, पहाड र उच्च पहाडी क्षेत्रका वनजंगलमा बढी डढेलो लागेको छ । शनिबार १२१ र शुक्रबार १२६ ठाउँमा डढेलो लागेको थियो ।

संसदीय समितिको निर्देशनपछि बल्ल कार्ययोजना बनाउँदै छ सरकार

डढेलाका घटना बढ्न थालेपछि सरकार बल्ल नियन्त्रण कार्ययोजना बनाउन जुटेको छ । संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले ९ माघमा गृह र वन मन्त्रालयलाई १५ दिनभित्र डढेलो नियन्त्रणको पूर्वतयारी कार्ययोजना पेस गर्न निर्देशन दिएपछि एकीकृत कार्ययोजना बनाउन थालिएको हो ।

वन मन्त्रालयका सहसचिव दीपक ज्ञवालीले डढेलो बढ्न सक्ने र यसका लागि कार्ययोजना निर्माणको काम भइरहेको बताए । 'यसपालि पनि डढेलो बढ्ने देखिन्छ । वनमा दमकल जान नसक्ने, दमकल नै पर्याप्त छैनन् । नजिकै पानीको स्रोत पनि नहुन सक्छ । डढेलो लागेकै वेला बस्तीमा आगलागी भए आगलागी नियन्त्रण पहिलो प्राथमिकता हुने नै भयो । त्यही भएर अब पूर्वतयारीमा जोड दिने भनेका छौं,' उनले भने, 'त्यहीअनुसार डढेलो नियन्त्रण र पूर्वतयारी कार्ययोजना बन्दै छ । केन्द्रले समन्वयको काम गर्छ, जिल्ला (प्रदेशमातहतको डिभिजन वन कार्यालय र पालिकास्तरमा टास्कफोर्स बनाउने भनेका छौं । सचेनामूलक कार्यक्रम, डढेलो लगाउनेलाई कारबाहीदेखि अग्निरेखा बनाउने काम त्यही स्तरबाट हुनेछ । हामीले १-७ फागुनलाई डढेलो नियन्त्रण सप्ताह पनि प्रस्ताव गरेका छौं ।'

वन विभागले ०६७ मा डढेलो व्यवस्थापन रणनीति ल्याएर डढेलो नियन्त्रणको काम गर्दै आए पनि मुलुक संघीयतामा गएपछि एकीकृत प्रणाली थिएन । डिभिजन वन कार्यालय ८४ वटा, सबडिभिजन वन कार्यालय ५२६, सामुदायिक वन २२ हजार र सयौंको संख्यामा साझेदारी वन छन् । त्यसबाहेक ७५३ स्थानीय तह पनि छन् । यी निकायलाई डढेलो नियन्त्रणका लागि उत्तरदायी बनाउन खोजिएको हो ।

कृषि समिति सभापति कुसुमदेवी थापाले डढेलो नियन्त्रण तथा त्यसबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि प्रभावकारी काम गर्ने गर्नुपर्ने भएकाले कार्ययोजना बनाउन निर्देशन दिइएको 'सुक्खा मौसममा वनजंगलमा डढेलोले प्रकोपको रूप लिने गरेको छ, सावधानी अपनाउनुपर्ने देखिन्छ,' थापाले भनिन्, 'डढेलो नियन्त्रणमा खटिँदा सुरक्षा सावधानीसहितको तालिमप्राप्त जनशक्ति र आवश्यक यन्त्र, उपकरणको पर्याप्त व्यवस्था गर्न पनि भनेका छौं ।'

इतिहासकै...

पृष्ठ १ बाट क्रमशः

एना हुरी र सुक्खा मौसमले यसमा इन्धन थपिरहेको छ । अहिलेसम्म डढेलोले १८ हजारभन्दा धेरै संरचनालाई खरानी बनाउनु साथै २८ जनाको ज्यान लिइसकेको छ । एक्युवेदरले यो डढेलोको क्षति २५० अर्ब डलरभन्दा धेरै हुन सक्ने प्रक्षेपण गरेको छ ।

२ अस्ट्रेलियन बसफायर (अस्ट्रेलिया– सन् २०१९/२०), एक लाख ७० हजार वर्गकिमि

अस्ट्रेलियामा सन् २०२० मा सल्किएको 'अस्ट्रेलियन बसफायर' डढेलो वन्यजन्तुमा पारेको प्रभावका दृष्टिले अहिलेसम्मकै विनाशकारी रह्यो । यो डढेलोबारे अभिलेख राख्न थलिएको सन् १९१० यताको भयानक रूपले विनाशकारी डढेलो हो । यसले न्यु साउथ वेल्स र क्विन्सल्यान्डको एक लाख ७० हजार वर्ग किलोमिटरभन्दा धेरै भूभागलाई चपेटामा लिएको थियो, जसमा कम्तीमा ४५ जना मानिसका साथै तीन अर्बभन्दा बढी जीवजन्तु मारिनपुगे । तीमध्ये ६१ हजारभन्दा धेरै दुर्लभ स्तनधारी जीव 'कोल' थिए । कोल अस्ट्रेलियामा मात्रै पाइने मार्सुपियल (प्रजातिको भालुजस्तै देखिने, तर भालुभन्दा सानो आकारको रुखमा बस्ने शाकाहारी) जीव हो । यो डढेलोले कुल १४ करोड ३० लाख स्तनधारी जीव, १८ करोड १० लाख पक्षी, पाँच करोडभन्दा धेरै भ्यागुता र साढे दुई अर्बजति सरिसृपको ज्यान लिएको थियो । कम्तीमा ५० लाख त कंगारु (कंगारुजस्तै देखिने वालाविजसहित) मात्रै मरे । सन् २०१९ को अन्त्य र २०२० को सुरुवातको यो अवधिमा अस्ट्रेलियाले तापक्रमको रेकर्ड राख्न थालेयताकै तातो र सुक्खाको सामना गरेको थियो ।

३ नर्थवेस्ट टेरिटोरिज फायर्स (क्यानडा– सन् २०१४), ३४ हजार चार सय वर्गकिलोमिटर

सन् २०१४ को गर्मीयाममा क्यानडाको उत्तरपूर्वी इलाकामा १५० भन्दा धेरै डढेलो लागेको थियो, जसमध्ये १३ वटा मान्छेले सल्काएका डढेलो थिए । यसले ३४ हजार चार सय वर्ग किलोमिटर जंगल क्षेत्रलाई डढाएको थियो । यो डढेलो निभाउन क्यानडा सरकारले झन्डै ४ करोड अमेरिकी डलर खर्च गरेको थियो । यहाँबाट निस्किएको धुवाँको असर पश्चिम युरोपको देश पोर्चुगलसम्म पनि महसुस गरिएको थियो ।

४ बोलिभिया फरेस्ट फायर्स (दक्षिण अमेरिका– सन् २०१०) १५ हजार वर्गकिलोमिटर

सन् २०१० को अगस्ट महिनामा बोलिभियाभर २५ हजारभन्दा धेरै डढेलोका घटना भए । यो डढेलोले बोलिभियाको अमेजन जंगलको भागको करिब १५ हजार वर्ग किलोमिटरमा विशेष रूपले क्षति गर्‍यो । यहाँ निस्किएको बाक्लो धुवाँका कारण त्यहाँको सरकारले उडान स्थगित गर्नुका साथै आपत्कालकै घोषणा गर्नुपर्‍यो । सुक्खा मौसममा खेतबारीमा बालीका अवशेष डढाउने क्रमबाट डढेलो सुरु भएको मानिएको छ ।

५ अलास्का फायर सिजन (अमेरिका– सन् २००४) २६ हजार सात सय वर्गकिलोमिटर

सन् २००४ मा सुक्खा मौसमका कारण बिजुली चम्किने घटना उत्कर्षमा पुग्दा अमेरिकाको पश्चिमोत्तर राज्य अलास्कामा कम्तीमा ७०१ वटा डढेलोका घटना दर्ज भएको थियो । अलास्का फायर सिजन नाम दिइएको यो डढेलोले २६ हजार सात सय वर्ग किलोमिटर भूभागलाई चपेटामा लिएको थियो । २१५ वटा आगलागी बिजुली चम्किँदा सुरु भएको थिए भने २२६ चाहिँ मानव सिर्जित थिए ।

६ साइबेरियन टाइगा फायर्स (रसिया– सन् २००३), दुई लाख २२ हजार ५०० वर्गकिलोमिटर

सन् २००३ को गर्मीयाममा पूर्वोत्तर रुसी इलाका साइबेरियाको टाइगा जंगलमा लागेको डढेलोलाई डढेलोको इतिहासकै ठुलो डढेलो मानिन्छ । यो डढेलो दुई लाख २२ हजार पाँच सय वर्ग किलोमिटरभन्दा धेरै क्षेत्रफलमा फैलिएको थियो । रुसको सुदूर पूर्वोत्तर इलाकाका साथै चीन र मंगोलियाको उत्तरी सीमा क्षेत्रको साइबेरियन इलाकामा फैलिएको यो डढेलो वातावरणीय विनाशका दृष्टिले पनि सबैभन्दा हानिकारक रह्यो । यहाँबाट उठेको बाक्लो धुवाँ हजारौं किलोमिटर पर जापानको टोकियो सहरसम्म छाएको थियो । यसले ओजन तहलाई नै पातलो बनाइदियो, जुन अझै भरिएको छैन ।

७ ब्ल्याक ड्रागन फायर (सन् १९८७) १० हजार वर्गकिलोमिटर

'डाक्सिङअनलिङ डढेलो' भनेर पनि चिनिने ब्ल्याक ड्रागन फायर १० हजार वर्ग किलो मिटरभन्दा धेरै क्षेत्रमा फैलिएको थियो । सन् १९८७ मा लागेको यो डढेलो चीन र रसियाको डढेलोको इतिहासकै घातकमध्येमा पर्छ । डाक्सिङअनलिङ क्षेत्रबाट सुरु भएको यो डढेलो सुक्खा र हुरी बतासका कारण तीव्र रूपमा फैलिएको थियो । एक महिनाभन्दा बढी समय लागेको यो डढेलोमा कैयौं बस्तीसमेत सखाप भएका थिए । एक सय ९१ व्यक्तिको मृत्यु भएको थियो भने घरबारविहीन हुनेको संख्या हजारौंमा थियो । यसले डढेलो नियन्त्रणमा छिमेकी मुलुकहरूबिच सहकार्यको आवश्यकतालाई उजागर गरेको थियो ।

८ चिन्चागा फायर (सन् १९५०) १७ हजार वर्गकिलोमिटर

चिन्चागा फायर ब्रिटिस कोलम्बिया र क्यानडाको अल्वेटा भेगमा फैलिएको थियो । यसले करिब १७ हजार वर्ग किलोमिटरलाई चपेटामा लिएको थियो । यसलाई उत्तर अमेरिकाको इतिहासकै ठुलो डढेलो मानिन्छ । सुक्खा र गर्मीयामका कारण बिजुली चम्किँदा यो डढेलो सुरुवात भएको मानिन्छ । हप्तौंसम्म लागेको यो डढेलोलाई अन्ततः वर्षाले निभाएको थियो । डढेलोबाट निकै परसम्म 'ग्रेट स्मोक पाल (धुवाँको ठुलो च्यादर) छाएको थियो । यसबाट युरोपका केही भाग र अमेरिकाको उत्तरपूर्वी क्षेत्रको वायुको गुणस्तर प्रभावित भएको थियो । आकाशलाई बाक्लो धुवाँले एक हप्तासम्म ढाकेर सूर्यलाई छोपेको थियो, सूर्यको रंग नै नीलो देखिएको थियो, जसलाई जो कसैले नांगो आँखाले सहजै हेर्न सक्थ्यो ।

९ ब्ल्याक फ्राइडे बसफायर (अस्ट्रेलिया– सन् १९३९) २० हजार वर्गकिलोमिटर

वर्षौंको खडेरी, उच्च तापक्रम र तीव्र वायुका कारण अस्ट्रेलियाको दक्षिणपूर्वी राज्य भिक्टोरिमा सन् १९३९ मा लागेको ब्ल्याकफ्राइडे बसफायर २० हजार वर्ग किलोमिटर क्षेत्रमा फैलिएको थियो । भिक्टोरिया राज्यको तीनचौथाइ क्षेत्रलाई चपेटामा लिएको यो डढेलोमा परी ७१ जनाको ज्यान गएको थियो । यो अस्ट्रेलियाली डढेलोको इतिहासमा तेस्रो भयानक डढेलो हो । यो डढेलोको लप्काबाट उडेको खरानी न्युजिल्यान्डसम्म पुगेको थियो ।

१० ग्रेट फायर अफ १९१० (अमेरिका) १२ हजार वर्गकिलोमिटर

'बिग वर्न' पनि चिनिने सन् १९१० को ग्रेट फायरले अमेरिकाको उत्तरी इडाहो र पश्चिमी मोन्टानाको १२ हजार वर्ग किलोमिटर क्षेत्र सखाप पारेको थियो । अहिले लस एन्जलसमा फैलिएझैं यो डढेलो पनि सुक्खा र तेज हावाका कारण भयानक बन्न पुगेको थियो । डढेलो नियन्त्रण लिने क्रममा ८७ अग्निनियन्त्रकको जलेर मृत्यु भएको थियो । यो यति भयानक थियो कि यसले आफ्नै मौसमी ढाचा सिर्जना गरेको थियो, जसकारण चट्याङ र बिजुली चम्किने घटनामा भारी वृद्धि गराएर नयाँ-नयाँ डढेलो सुरु गराएको थियो । यसको भयावहले अमेरिकाको वन व्यवस्थापनका नीति तथा अग्नि नियन्त्रण रणनीतिमा बदलावलाई प्रेरित गरेको थियो ।

(एजेन्सीको सहयोगमा)

पाउडर दुधले...

पृष्ठ १ बाट क्रमशः

सर्वेक्षणमा ६५ प्रतिशत आमाले स्तनपान गराएको रिपोर्ट आएको थियो ।

आमाले नै बजारिया पाउडर दुधमा जोड गर्दा बच्चाको स्वास्थ्य बिग्रिँदै गएको चिन्ता सरोकारवालाहरूको छ । कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. रामहरि चापागाईं आमाको दुधसँग 'फर्मुला फिड'को तुलना गर्नै नसकिने बताउँछन् । 'आमाको दुधमा जे-जे तत्त्व हुन्छ, फर्मुलामा त्यो हुँदैन । आमाका दुध जति पोसिलो हुन्छ, त्यस्तो फर्मुला फिडमा त के पशुपक्षीको दुधमा पनि हुँदैन,' उनले भने, 'आमाको दुध खुवाउनै नसक्ने अवस्थामा यसको प्रयोग गर्नुपर्ने बाध्यता हुन सक्ला । सकेसम्म यसको प्रयोग नगरेकै राम्रो हो ।'

जनस्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख डा. वसन्त अधिकारीले आमाले स्तनपान नगराउँदा बच्चाको स्वास्थ्यमा अनेक समस्या देखिन सक्ने बताए । बजारमा पाइने विभिन्न प्रकारका रेडिमेड दुध खुवाउने बालबालिकालाई पछि सरुवारोग, मोटोपन, पाचन प्रणालीमा समस्या, मधुमेह, मुटुरोग, मिर्गौलारोगजस्ता समस्या देखिन सक्ने उनको भनाइ छ ।

'नवजात शिशुलाई आमाको दुध खुवाउन छाडेर बजारमा पाइने फर्मुला तथा ल्याक्टोजिनहरू खुवाउने क्रम बढेको देखिन्छ, कतिलाई रहर छ, कतिलाई कहर होला । यसले शिशुको वृद्धि विकासमा असर पार्छ,' डा. अधिकारीले भने, 'आमाको दुध नआउने र बाध्यकारी आमालाई एउटा परिस्थितिले रेडिमेड प्रोडक्ट खुवाउनुपर्ने अवस्था होला, तर रहर र सौन्दर्य बिग्रने भन्दै बच्चालाई स्तनपान नगराउनु राम्रो होइन ।'

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी खाद्य अनुसन्धान अधिकृत बालकुमारी शर्माले ऐन समयानुकूल नभएकाले बच्चाको जीवनसँग जोडिएका वस्तु उत्पादनलाई कडाइ गर्न नसकिएको बताइन् । 'बच्चाको जीवनसँग जोडिएको यो विषय निकै गम्भीर छ, तर कानुन समयानुकूल भएन,' उनले भनिन्, 'खाद्यले मात्रै चाहेर पनि यसमा कडाइ गर्न सक्दैन, सबैको समन्वय चाहिन्छ ।'

सरकारले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नियन्त्रण ऐन, २०४९ र सोसम्बन्धी नियमावली, २०५१ जारी गरेको थियो । अहिले पनि कार्यान्वयनमै रहेको उक्त ऐनले आमाको दुध प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नियन्त्रण गर्ने व्यवस्था गरेको छ । जनस्वास्थ्य प्रमुख डा. अधिकारीका अनुसार आमाको दुध प्रतिस्थापन गर्ने वस्तुहरूको फोटो टाँस्न, विज्ञापन गर्ने, सजाएर राख्न, अभिभावकलाई प्रलोभनमा पार्न पाइँदैन । यस्तो वस्तु खुवाउन प्रोत्साहन गर्नेलाई सरकारले कारबाही गर्न सक्छ । त्यस्तै, फर्मुला, ल्याक्टोजिनजस्ता दुधजन्य वस्तुहरूको प्याकेट सही र स्वस्थ किसिमले प्याकिङ गरेको हुनुपर्ने, बट्टा तथा प्याकेटको बाहिर 'बच्चालाई आमाको दुध सर्वोत्कृष्ट मानिन्छ' भन्ने नारा अनिवार्य लेख्नुपर्ने नियम छ ।

तर, उक्त ऐन र नियमावलीले गरेका व्यवस्था उल्लंघन गर्दै मेडिकलदेखि किराना पसलेसम्मले पाउडरजन्य दुध बिक्री गरिरहेका अनुगमनमा भेटिएको कार्यालयका वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. सतिश विष्टले बताए । उनी यसलाई नियन्त्रण तथा कानुनसम्मत गराउन आवश्यक रहेको बताउँछन् । 'केही दिनअघि मात्रै पनि हामीले अनुगमन गर्दा ठुला मार्टदेखि खुद्रा पसलसम्म आमाको दुधलाई प्रतिस्थापन गर्ने रेडिमेड वस्तुहरू बिक्री गरेको भेटियो । पहिलो चरणमा हामीले सम्झाइबुझाइ गरेर छाडेका छौं । अबको अनुगमनमा पनि त्यस्तै भेटिए जरिवाना तिराइनेछ,' उनले भने ।

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२१

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत सशक्तिकरणका लागि '**अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम**' सञ्चालन हुने भएको हुँदा "**अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**" बमोजिम काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा कार्यक्षेत्र भएका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट कार्यविधिको **अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र** र कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१ फागुन ५ गतेसम्म) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

साथै चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन् । यस सम्बन्धी थप जानकारीका लागि **सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा**को वेबसाइट **https://mosd.bagamati.gov.np/** र यस कार्यालयको वेबसाइट **http://103.140.1.186/** हेर्न सकिनेछ साथै थप जानकारीको लागि **९८६२००७८७२** वा **९८५१४०१३२६** मा सम्पर्क गर्न सकिनेछ।

कार्यालय प्रमुख

मोहीको हक पुनर्स्थापित गर्न दाङदेखि आएका स्वर्गद्वारी गुठीका मोही माइतीघर धर्नामा

जमिन कमाएको तीन पुस्ता बिते पनि कानुनबमोजिमको मोहियानी हक सरकारले कार्यान्वयन नगरेको गुनासो, लालपुर्जाकै कारण राज्यले दिने न्यूनतम सुविधाबाट पुस्तौंदेखि भएका छन् वञ्चित



■ **प्रवीण दहित चौधरी**, सहसचिव, स्वर्गद्वारी गुठीपीडित मोही किसान संघर्ष समिति

बाजे र बुबाले गुठीमा प्रत्येक वर्ष कुत बुझाउँथे । मैले पनि बुझाउनुपर्ने भयो । तर, उत्पादन छैन । उत्पादन बढाउन मल आवश्यकता पर्ने भयो । सरकारले अरूलाई अनुदानमा मल बाँड्यो, तर मैले पाइनँ । किनकि मसँग लालपुर्जा छैन । विनालालपुर्जा अनुदानको मल नपाइने रहेछ ।



■ **पुष्पाकुमारी चौधरी**

हामीले गत वर्ष आन्दोलन गर्‍यौं । सरकारसँग वार्ता पनि भयो । समस्या समाधानको आश्वासन दिइयो । तर, अहिलेसम्म कुनै समस्या समाधान हुन सकेन । त्यसैकारण आफूले भोगेका पीडा सुनाउन काठमाडौं आएका छौं । अब हामी खाली हात फर्कने पक्षमा छैनौं ।



मोहियानी हक पुनर्स्थापनाका लागि ब्यानर, प्लेकार्ड, हलो, कोदालो, ढकियालगायतका सामग्री बोकेर माइतीघर मण्डलामा धर्नामा बसेका स्वर्गद्वारी गुठीका मोही । **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

टेकराज थामी/नयाँ पत्रिका

दाङको घोराहीमा प्युठानस्थित स्वर्गद्वारी गुठीको एक हजार ५० बिघा जमिन छ । जसमध्ये ७५३ बिघा जमिनमा मोही कायम भएको छ । सोही जग्गामा तीन पुस्तादेखि आश्रित छन्, घोराही उपमहानगरपालिका र लमही नगरपालिकाका ३५ सय घरधुरी । तर, हालसम्म पनि लालपुर्जा नहुँदा सबै स्थानीय सुकुम्वासीसरह भएका छन् ।

भूमिसम्बन्धी ऐन, ०२१ को दफा २६ मा मोही र जग्गाधनीले हिस्सा छुट्याई लिन पाउने भनी उल्लेख गरिएको छ । 'जग्गाधनी र मोही दुवैथरी आपसमा मञ्जुर हुन नसकी जग्गाधनी वा मोहीमध्ये कुनै एक पक्षले निवेदन दिएमा तोकिएको अधिकारीले जग्गाधनी र मोही भिकाई आवश्यक प्रमाण बुझ्नुपर्ने भएमा बुझी नरमगरम मिलाई जग्गाधनी र मोहीलाई आधाआधा हुने गरी जग्गा बाँडफाँड गरी मोही लगतसमेत कट्टा गरी दिनुपर्नेछ,' उक्त दफामा भनिएको छ ।

त्यस्तै, गुठी संस्थान ऐन, ०३३ को दफा २६ मा तोकिएको रकम गुठी संस्थानलाई बुझाएर मोहीले गुठी रैतानी नम्बरीमा परिणत गर्न सक्ने भनी उल्लेख छ । घोराही र लमहीका स्थानीयले स्वर्गद्वारी गुठीको जग्गामा कमाइ गरेर जीविका चलाएको तीन पुस्ता बितिसक्यो । मोहियानी हक कायम गर्न उनीहरूले वर्षौंअघि निवेदन पनि दिए । तर, हालसम्म न मोहीबापतको जग्गा विभाजन भयो, न उनीहरूको नाममा जग्गाको लालपुर्जा नै बन्न सक्यो । लालपुर्जाकै कारण राज्यबाट प्रवाहित हुने न्यूनतम सुविधाबाट समेत वञ्चित हुनुपरेपछि २८ जना मोही धर्ना बस्न माइतीघर मण्डला आइपुगेका छन् । परम्परागत पोसाकमा सजिएका उनीहरूले ब्यानर, प्लेकार्ड, हलो, कोदालो, ढकियालगायतका सामग्री बोकेका छन् ।

आइतबारबाट आन्दोलन सुरु गरेका स्वर्गद्वारी गुठीपीडित मोही किसान संघर्ष समितिका सहसचिव प्रवीण दहित चौधरीले भने, 'तीन पुस्तादेखि हामीले स्वर्गद्वारी गुठीको जग्गा कमाइरहेका छौं । हामीले हाम्रो मोहियानी हक माग गरेको वर्षौं बित्यो । तर, हालसम्म पाउन सकेनौं । हामीसँग लालपुर्जा नभएकाले राज्यले दिने सबै सुविधाबाट वञ्चित हुनुपरेको छ ।'

खुसीराम चौधरीले स्वर्गद्वारी गुठीको जग्गा ०२१ भन्दा अघिबाटै कमाउन सुरु गरेका थिए । १८ कट्ठा जमिन कमाउँदा उनले गुठीलाई प्रत्येक वर्ष पाँच क्विन्टल धान बुझाउनुपर्थ्यो । गुठीको यो थिति उनको छोरा चुरालाल चौधरीले कायमै राखे । उनैका छोरा हुन प्रवीण । तर, उनले भने गुठीले कबुल गरेअनुसारको कुत बुझाउन सकेका छैनन् । उत्पादनमा कमी आएकाले उनले बुझाउन नसकेका हुन् । उत्पादन बढाउन उनले अनुदानमा वितरित मल लिन खोजे, तर लालपुर्जा नहुँदा मल पाउन सकेनन् । घाँटीमा मोहियानी हकको प्रमाणपत्र लिएर माइतीघर मण्डलामा आन्दोलनमा उत्रिएका उनले नयाँ पत्रिकासँग भने, 'बाजे र बुबाले गुठीमा प्रत्येक वर्ष कुत बुझाउँथे । मैले पनि बुझाउनुपर्ने भयो । तर, उत्पादन छैन । उत्पादन बढाउन मल आवश्यकता पर्ने भयो । सरकारले अरूलाई अनुदानमा मल बाँड्यो, तर मैले पाइनँ । किनकि मसँग लालपुर्जा छैन । विनालालपुर्जा अनुदानको मल नपाइने रहेछ ।'

■ लालपुर्जा नहुँदा सामाजिक बहिष्करणमा

लालपुर्जा नहुँदा सामाजिक बहिष्करणमा परेको पीडा अझ विकराल छ । स्वर्गद्वारी गुठीका मोहीलाई हेर्ने समाजको दृष्टिकोण घोराही र लमहीमा अलग छ । मोही भएकै कारण उनीहरूलाई अन्य समुदायले सामाजिक कार्यबाट समेत अलग गरेका छन् । स्थानीय मोहीले वर्षौंदेखि भोग्दै आएको पीडा सुनाउँदै प्रवीणले भने, 'हामीसँग न कोही विवाह गर्न चाहन्छन्, न कसैले सामाजिक कार्यमै सहभागी गराउँछन् । हामी सामाजिक बहिष्करणमा परेका छौं । हामीलाई सबैले हेयका भावले हेर्छन् । हामीले भोग्दै आएको पीडा कतिजनासँग पोख्दै हिँडौं ।'

प्रवीणसँगै आन्दोलनमा उत्रिएका घोराही उपमहानगर-१४ भिँगौराका ५४ वर्षीय भरतराज गिरीको समस्या पनि उस्तै छ । लालपुर्जा नहुँदा उनले न घर बनाउन पाएका छन्, न घरमा बिजुली नै जोडिएको छ । लालपुर्जाकै कारण दैनिक उपभोगका लागि आवश्यक खानेपानी सुविधाबाट समेत उनी वञ्चित छन् । कृषि गर्न सरकारले प्रत्येक वर्ष आधुनिक कृषि औजार वितरण गर्छ । तर, उनले त्यो सुविधा पनि उपभोग गर्न पाएका छैनन् । 'हामीसँग लालपुर्जा नभएकाले न घर बनाउन पायौं, न बिजुली नै जोड्न सक्यौं । अरूको घरमा खानेपानी जोडिएका छन् । कृषि गर्न सहुलियतको कृषि औजार अरूले प्रयोग गर्छन् । तर, हामी यी सुविधाबाट सधैं वञ्चित हुनुपरेको छ,' उनले भने ।

घोराही र लमहीका स्थानीयले मोहियानी हकअनुसार प्राप्त हुनुपर्ने जग्गाका लागि ०४५ देखि संघर्ष गर्दै आएका छन् । यसक्रममा जतिपटक आन्दोलन भए, उति नै पटक सरकारसँग वार्ता भयो । र, ऐन संशोधन गरेरै भए पनि लालपुर्जा वितरण हुने आश्वासन सरकारबाट प्राप्त गरिरहे । तर, कार्यान्वयन शून्य रह्यो । यसपटक भने छिनोफानो गरेर मात्रै घर फर्किने घोराही-२ की ६५ वर्षीय चन्द्री थरुनीले बताइन् । 'लालपुर्जाका लागि बुबाहरूले लडे । अहिले हामी लडिरहेका छौं । यसबिचमा पटक-पटक आन्दोलन भए । सरकारसँग वार्ता भए । आश्वासन पनि धेरै बाँडिए । तर, लालपुर्जा बाँडिएन । धर्तीपुत्र हामी आफ्नै भूमिमा भूमिहीन भयौं । पीडा बोकेर काठमाडौं आएका छौं । हामी आन्दोलनमा छौं । यसपटक छिनोफानो नगरी घर फर्कन्नौं,' उनले भनिन् ।

७ फागुन ०८० मा उनीहरूले जिल्ला प्रशासन कार्यालय दाङ घेराउ गरेका थिए । चरणबद्ध आन्दोलनपछि सरकारसँग वार्ता भयो । त्यसपटक पनि विशेष ऐन ल्याएरै भए पनि समस्या समाधान गरिने आश्वासन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले दिएका थिए । तर, आश्वासन अहिलेसम्म पूरा हुन सकेन । दाङको लमही नगरपालिका- ३ की पुष्पाकुमारी चौधरीले भनिन्, 'हामीले गत वर्ष आन्दोलन गर्‍यौं । सरकारसँग वार्ता पनि भयो । समस्या समाधानको आश्वासन दिइयो । तर, हालसम्म पनि कुनै समस्या समाधान हुन सकेन । त्यो पीडा सुनाउन काठमाडौं आएका छौं । अब हामी खाली हात फर्कने पक्षमा छैनौं ।'

कुमारी सहकारी ठगी आरोपमा म्याग्दीका जिसस प्रमुख पक्राउ



म्याग्दी/ सहकारी ठगीको आरोपमा म्याग्दीका जिल्ला समन्वय समितिका प्रमुखसहित पाँचजना पक्राउ परेका छन् । बेनी नगरपालिका- ८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाका बचतकर्ताको बचत रकम हिनामिना गरेको आरोपमा जिसस प्रमुख राजकुमार थापासहित सहकारीका पाँचजनालाई जिल्ला प्रहरी कार्यालय म्याग्दीले आइतबार पक्राउ गरेको हो ।

थापासहित सहकारीका तत्कालीन व्यवस्थापक तथा सञ्चालक समितिमा रहेका मनप्रसाद थजाली, थमबहादुर गर्वुजा, रुद्रबहादुर गुरुङ, देवीकुमारी थापालाई पक्राउ गरी आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिए । सहकारी रजिस्ट्रार कार्यालय पोखराले गरेको छानबिनका क्रममा सहकारीका बचतकर्ताहरूको रकम दुरुपयोग गरेको भेटिएको र आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयलाई प्रतिवेदन पठाएपछि जिल्ला अदालतबाट पक्राउपुर्जी जारी भएको थियो ।

■ उमागौरी सहकारीका अध्यक्ष रौनियार कारागार चलान

मोरङको उमागौरी कृषि सहकारीको रकम हिनामिना कसुरमा फरार भएको सय दिनपछि अदालतमा हाजिर भएका अध्यक्ष शम्भुप्रसाद रौनियार जेल चलान भएका छन् । जिल्ला अदालत मोरङका न्यायाधीश अरुणकुमार झाको इजलासले आइतबार भएको थुनछेक बहसपछि मुख्य आरोपी रौनियारलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश गरेको हो ।

सहकारीको २२ करोड ४८ लाख २७ हजार रकम अपचलन गरी ठगी भएको कसुरमा मोरङ अदालतमा मुद्दा दर्ता भएपछि रौनियार फरार भएका थिए । उनी गत १४ माघमा अदालतमा हाजिर भएका थिए । बयान नसकिएपछि न्यायाधीश झाको इजलासमा हेर्दाहिँदैमा राखेर तीन दिनसम्म बयान भएको थियो । आइतबार रौनियारको थुनछेक बहस सकिएपछि उनलाई पुर्पक्षका लागि जिल्ला कारागार मोरङ पठाइएको अदालतका सेस्तेदार मणिराम पोखरेलले बताए ।

उमागौरी कृषि सहकारी संस्थाको बचत अपचलन कसुरमा पूर्वसञ्चालक सदस्य सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालासहित २६ जनालाई प्रतिवादी बनाएर जिल्ला सरकारी वकिल कार्यालयले गत २७ मंसिरमा अदालतमा मुद्दा दर्ता गरेको थियो । हालसम्म सहकारी कसुर मुद्दामा आफैं अदालतमा हाजिर भएका अध्यक्ष रौनियारसहित थप एकजना सञ्चालक पुर्पक्षका लागि कारागार चलान भइसकेका छन् । पूर्वसञ्चालक कोइरालासहित ६ जना धरौटीमा पुर्पक्ष गर्न पाउने गरी छाडिएका छन् । गत २४ पुसमा अदालतमा हाजिर भएकी कोइराला १० लाख रुपैयाँ धरौटीमा थुनामुक्त भएकी थिइन् ।

संक्षेप

सिटिइभिटीका उपाध्यक्षको नियुक्ति सर्वोच्चद्वारा बदर

काठमाडौं/ सर्वोच्च अदालतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को उपाध्यक्ष ओमप्रकाश बरालको नियुक्ति बदर गरेको छ । परिषद्को उपाध्यक्षका लागि तोकिएको योग्यता नरहेको भन्दै सर्वोच्चले आइतबार उत्प्रेषणको आदेशबाट नियुक्ति बदर गरेको हो ।

गत ६ मंसिरमा मन्त्रिपरिषद्को बैठकले बराललाई उपाध्यक्ष नियुक्त गरेको थियो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा उनको १५ वर्षको अनुभव नभएको भन्दै नियुक्ति बदर भएको हो । सिटिइभिटीको नियमावलीमा उपाध्यक्ष हुनका लागि सम्बन्धित क्षेत्रमा १५ वर्षको अनुभव हुनुपर्ने प्रावधान छ । बरालसँग त्यस्तो अनुभव नभएको ठहरसँगै उनी पदमुक्त भएका छन् । उनको नियुक्तिविरुद्ध टैलेन्द्र आचार्यले दायर गरेको रिटमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र नृपध्वज निरौलाको इजलासले यस्तो फैसला गरेको हो ।

विद्युतीय चिकित्सा अभिलेख प्रणाली सञ्चालनमा ल्याउँदै स्वास्थ्य मन्त्रालय

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले 'विद्युतीय चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१' स्वीकृत गरेको छ । यो निर्देशिका स्वीकृत भएसँगै अब एक स्थानमा भएको बिरामीको परीक्षणसम्बन्धी जानकारी आवश्यक पर्ने सबै स्वास्थ्य संस्थाले विद्युतीय रूपमा प्राप्त गर्न सक्नेछन् । हरेक अस्पतालले सफ्टवेयरबाट बिरामीको रिपोर्ट तथा परीक्षणसम्बन्धी जानकारी हेर्न सक्नेछन् । स्वास्थ्यमन्त्री माननीय प्रदीप पौडेलले यो निर्देशिकासँगै बिरामीको परीक्षणसम्बन्धी विवरण सबै स्वास्थ्य संस्थाले आवश्यक परेमा हेर्न मिल्ने बताए । 'स्वास्थ्य संस्थापिच्छे बिरामीको एकै खालका परीक्षण दोहोरिने कठिनाइ हटाउन परीक्षणसम्बन्धी जानकारी विद्युतीय रूपमा सबै स्वास्थ्य संस्थाले प्राप्त गर्ने गरी विद्युतीय चिकित्सा अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८१ स्वीकृत गरेका छौं,' उनले आइतबार सामाजिक सञ्जालमा लेखेका छन्, 'यस प्रणालीको कार्यान्वयनपछि बिरामीको खर्च, समय तथा परीक्षणमा हुने दोहोरोपनाको अन्त्य हुनुका साथै स्वास्थ्यसम्बन्धी नीति-निर्माणमा एकीकृत तथ्यांकले मद्दत मिल्ने हाम्रो विश्वास छ ।'

अब सरकारी तथा निजी सबै स्वास्थ्य संस्थाहरूले विद्युतीय चिकित्सा अभिलेख प्रणालीअन्तर्गत एकअर्कासँग बिरामीका तथ्यांक तथा विवरण साझा गर्न मिल्ने गरी विकसित प्रणालीमा अभिलेख राख्नुपर्नेछ । मन्त्रालयका अनुसार बिरामीको खर्च, समय तथा परीक्षणमा हुने दोहोरोपनाको अन्त्य हुनुका साथै स्वास्थ्यसम्बन्धी नीति निर्माणमा एकीकृत तथ्यांक प्राप्त हुनेछ । रोगको निदान तथा उपचार पद्धतिमा बिरामीलाई कम भार पर्नेछ । एकीकृत तथ्यांकको भण्डारण र व्यवस्थापनले सेवाग्राही र प्रदायक दुवैलाई सहजता हुन गई सेवा प्रवाह द्रुत, चुस्त र प्रभावकारी हुनेछ । फरक-फरक खालका तथ्यांक पहिलोपटक मन्त्रालयको नियन्त्रणमा रहने केन्द्रीकृत प्रणालीमा आबद्ध हुँदा स्रोत छरिने र धेरै प्रणाली सञ्चालनको समस्या हट्ने स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

न्यायपरिषद्को सदस्यमा खड्का अनुमोदित



काठमाडौं/ संसदीय सुनुवाइ समितिले न्यायपरिषद् सदस्यमा दामोदर खड्काको नाम अनुमोदन गरेको छ । आइतबार खड्काको सुनुवाइ गरेर समितिले सर्वसम्मत अनुमोदन गरेको हो । सुनुवाइका क्रममा आफ्नो कार्ययोजना प्रस्तुत गर्दै खड्काले कानुनको परिधिभित्र रहेर निष्ठाका जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता जनाएका थिए । वरिष्ठ अधिवक्ता खड्कालाई न्यायपरिषद् सदस्यमा नियुक्त गर्न नेपाल बार एसोसिएसनले २७ पुसमा नाम सिफारिस गरेको थियो । उनीविरुद्ध सुनुवाइ समितिमा कुनै उजुरी परेको थिएन । खड्काका कार्ययोजना र अनुभव सुनेर समितिले सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरेको सभापति ईश्वरीदेवी न्यौपानेले बताइन् ।

बागमती र मधेशका ६ लाख बालिकालाई एचपिभी खोप लगाइँदै

मकवानपुरमा **पोष्टराज अधिकारी**
जनकपुरधाममा **हदीश खुद्दार**



२२ माघदेखि सुरु हुने राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत बागमती र मधेश प्रदेशका ६ लाख बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपिभी (ह्युमन प्यापिलोमा भाइरस) खोप लगाइने भएको छ ।

स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका निर्देशक नरेन्द्र झाका अनुसार राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत २२ माघदेखि ६ फागुनसम्म प्रदेशका १३ जिल्लाका १० देखि १४ वर्ष उमेर समूहका दुई लाख ९८ हजार ३०५ बालिकालाई एचपिभीविरुद्धको खोप दिइने भएको हो । उनले प्रदेशका १३ जिल्लाका विद्यालयमा अध्ययनरत ६ कक्षादेखि १० कक्षासम्मका छात्रा र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका बालिकालाई खोप दिन लागिएको बताए ।

विद्यालय र खोप केन्द्रहरूबाट खोप दिइनेछ । निर्देशक झाले सबैभन्दा बढी काठमाडौंका एक लाख ११ हजार १०४ जना र सबैभन्दा कम रसुवाका एक हजार ६८६ जना बालिकालाई खोप लगाइने बताए । ललितपुरका ३१ हजार ९८५, चितवनका ३१ हजार ५७०, मकवानपुरका २२ हजार ७१३, भक्तपुरका १९ हजार २९५, काभ्रेका १६ हजार ११३, सिन्धुलीका १४ हजार ६२२, धादिङका १३ हजार ९७३, नुवाकोटका ११ हजार १७८, सिन्धुपाल्चोकका १० हजार ४६८, रामेछापका सात हजार ७८ र दोलखाका ६ हजार ५२० बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपिभी खोप लगाइनेछ ।

यस्तै, मधेशका तीन लाख ६९ हजार १२४ बालिकालाई एचपिभी खोप लगाइने मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । मधेशका तीन हजार ३२५ विद्यालयमा अध्ययनरत तथा विद्यालयबाहिर रहेका बालिकाहरूलाई एचपिभी खोप लगाइने निर्देशनालयले जनाएको छ । प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक श्रवण नायकले खोप र अन्य आवश्यक सामग्री प्रदेशका सबै जिल्लामा पठाइसकिएको बताए ।

भीम रावलको अभियानमा सहभागी भएको भन्दै एमालेद्वारा पाँच नेता निष्कासित

धनगढी/ एमाले सुदूरपश्चिम प्रदेश कमिटीले अछामका आफ्ना पाँचजना नेता कार्यकर्तालाई कारबाही गरेको छ । एमालेले पूर्वउपाध्यक्ष भीम रावलले सुरु गरेको मातृभूमि जागरण अभियानमा सहयोग गरेको भन्दै पाँचजनालाई सदस्यबाट निष्कासन गरेको हो ।

रावललाई एमालेले हालै पार्टीको साधारण सदस्यबाट निष्कासित गरेको थियो । एमालेले निष्कासन गरेपछि नयाँ पार्टी गठन गर्ने तयारीस्वरूप रावलले मातृभूमि जागरण अभियान सञ्चालन गरिरहेका छन् । अभियानमा सहभागी भएको पाइएपछि पाँचजनालाई पार्टीबाट निष्कासन गरिएको एमाले सुदूरपश्चिम प्रदेशसचिव रणबहादुर चन्दले बताए ।

प्रदेश सचिवालय बैठकले सल्लाहकार परिषद् सदस्य लालबहादुर खड्का र हर्क कुँवर, पार्टीको प्रदेश कमिटी सदस्य जंगबहादुर विक, दुधकला विष्ट र केशर मियाँलाई सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको एमाले सुदूरपश्चिमका सचिव रणबहादुर चन्दले जानकारी दिए । अभियानमा सहभागी भएको विषयमा सोधिएको स्पष्टीकरणको जवाफ प्रदेश कमिटी सदस्य विकले नदिएको एमालेले जनाएको छ । त्यस्तै, सल्लाहकार परिषद् सदस्य खड्काले स्पष्टीकरणको जवाफ दिएपछि एकपटकका लागि कारबाही नगर्ने भनिएकामा फेरि सोही गतिविधिमा संलग्न रहेको देखिएपछि निष्कासन गर्ने निर्णय भएको सचिव चन्दले बताए ।

रावलको अभियानमा सहभागी रहेको पुष्टि भएपछि अन्य तीनजनालाई तीन महिनाका लागि निलम्बन गरिएकोमा उनीहरू पुनः रावलको अभियानमा सहभागी भएको पाइएपछि सदस्यबाट हटाइएको एमाले प्रदेश कमिटीले जनाएको छ । यसअघि रावललाई स्वागत गर्न विमानस्थल पुगेको भन्दै प्रदेशका पूर्वमन्त्री कृष्णराज सुवेदी र प्रदेश कमिटी सदस्य भीष्मराज सुवेदीलाई पनि कारबाही गर्दै एमालेले पार्टी सदस्यबाट हटाएको थियो । एमालेले निष्कासित गरेपछि रावलले मातृभूमि जागरण अभियान घोषणा गरेका थिए । उनी अभियान लिएर केही दिन गृहजिल्ला अछाम बसेका थिए ।

मानव अधिकार आयोगलाई शक्तिशाली बनाउने प्रस्ताव

प्रधानमन्त्री कार्यालयले रायका लागि पाँच महिनापछि पठायो अर्थ मन्त्रालयमा विधेयक

नयाँ पत्रिका



राष्ट्रिय मानव अधिकार आयोगलाई थप शक्तिशाली र आर्थिक रूपमा स्वायत्त बनाउने गरी तयार गरिएको विधेयक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले परामर्शका लागि अघि बढाएको छ । प्रधानमन्त्री कार्यालयले करिब दुई साताअघि विधेयक रायका लागि अर्थ मन्त्रालयमा पठाएको छ ।

आयोगले गत १८ भदौमा विधेयकको मस्यौदा प्रधानमन्त्री कार्यालयमा पठाएको थियो । त्यसको करिब पाँच महिनापछि बल्ल विधेयकमाथि छलफल र परामर्श अघि बढेको हो । विधेयक रायका लागि अर्थ पठाइएको र त्यसपछि कानुन मन्त्रालय पठाइने प्रधानमन्त्री कार्यालयका सचिव फणीन्द्र गौतमले बताए ।

विधेयकको मस्यौदामा आयोगका अधिकार थपदेखि कर्मचारीका वृत्ति विकासका विषय समावेश छन् । आयोगको सिफारिस कार्यान्वयन नगर्नेलाई अपहेलनामा कारबाही गर्ने अधिकार विधेयकमा राखिएको छ । आयोगका धेरै सिफारिस कार्यान्वयन हुन नसकेपछि यस्तो प्रस्ताव गरिएको हो । सर्वोच्च अदालतबाट समेत यससम्बन्धी अपहेलनामा कारबाही गर्नुपर्ने फैसला भएकाले सोहीअनुसार नयाँ कानुनमा अपहेलनासम्बन्धी विषय राखिएको आयोगका सदस्य मनोज दुवाडीले बताए ।

आयोगको विधेयकमा मुद्दा चलाउन सिफारिस गर्नेदेखि अनुसन्धानमा असहयोग गर्ने तथा सिफारिस कार्यान्वयन नगर्नेलाई अपहेलनाको कारबाही गर्न सक्ने अधिकार दिन लागिएको हो । विधेयकको मस्यौदामा भनिएको छ, 'आयोगले माग गरेको सूचना, कागजपत्र वा प्रमाणपत्र उपलब्ध नगराउने, आयोगको सिफारिस, आदेश वा निर्णय पालना नगर्ने, आयोगको कार्यमा असहयोग गर्ने वा आयोगले उपस्थितिका लागि बोलाएकोमा विनाकारण अनुपस्थित हुनेउपर विभागीय कारबाही गर्न आयोगले सम्बन्धित निकायमा र अन्यको हकमा आयोगको अपहेलना गरेको मानी यस ऐनबमोजिक आवश्यक कारबाही हुनेछ ।'

साथै, आर्थिक रूपमा स्वायत्त अधिकार दिने प्रावधान छ । अहिले आयोगले कुनै निकायबाट आर्थिक सहायता लिनुपरेमा सुरुमै सरकारबाट स्वीकृति लिनुपर्ने प्रावधान छ । राष्ट्रिय मानव अधिकार आयोगहरूको संस्था ग्लोबल एलायन्स अफ नेसनल ह्युमन राइट्स इन्स्टिच्युसन (गानरी)ले दिएका सुझावसमेत समेटेर नयाँ विधेयक अघि बढाइएको छ । गानरीले हरेक पाँच वर्षमा आयोगको मूल्यांकन गर्दछ । त्यही मूल्यांकनका क्रममा दिइएका सुझावसमेत समेटेर नयाँ ऐनको प्रक्रिया अघि बढेको आयोगका पदाधिकारी बताउँछन् ।

गानरीको पछिल्लो मूल्यांकनका आधारमा हाल नेपालको मानव अधिकार आयोग 'क' श्रेणीमा छ । यसअघि संसदीय सुनुवाइ नगरी पदाधिकारी नियुक्त गरेपछि 'ख' श्रेणीमा किन नराख्ने भनेर गानरीले श्रेणी घटाउने चेतावनी दिएको थियो । नेपालले कानुनलगायत विषयमा सुधार गर्ने प्रतिबद्धताका आधारमा 'क' श्रेणीमै राखेको थियो । सरकारले पेरिस सम्झौताअनुसार आयोगको कानुन बनाउने भनेर गत वर्ष नै निर्णय गरेको थियो । सोही आधारमा पनि आयोग 'क' श्रेणीमै रहन सफल भएको आयोगका अधिकारीहरू बताउँछन् । एक वर्षपछि बल्ल आयोगको विधेयक बनेको पाँच महिनापछि बल्ल त्यसउपर छलफल अघि बढेको हो ।

नयाँ विधेयकमा आयोगका कर्मचारीका भर्ना, वृत्ति विकास तथा सेवा-सुविधासम्बन्धी विषय समेटिएको छ । हाल कार्यान्वयनमा रहेको आयोगको ऐनमा यससम्बन्धी केही उल्लेख नभएकाले आयोगको कर्मचारी व्यवस्थापन नियमावलीका भरमा चलेको छ । नियमावलीलाई लोक सेवा आयोगले सर्तसहित सहमति दिएको थियो । प्रधानमन्त्री कार्यालयका सचिव गौतमले मानव अधिकार र कर्मचारीको विषयमा फरक-फरक विधेयक बनाउने कि भन्ने विषयमा पनि छलफल भइरहेको बताए ।

ग्रामीण विकासका चुनौती र अवसर

ग्रामीण क्षेत्रमा विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत-साधनको दोहन र जथाभावी डोजरको प्रयोग चिन्ताजनक छ



● इ. प्रकाश थापा

अग्रलेख

ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा वातावरणीयलगायत समग्र दैनिक जीविकामा प्रभाव पार्ने आयाममा सकारात्मक परिवर्तनको प्रक्रिया हो, ग्रामीण विकास । जो आफैंमा एउटा जटिल विषय पनि हो । ग्रामीण विकासले समग्र राष्ट्रिय प्रगति र आर्थिक स्थायित्व सुनिश्चित गर्दै ग्रामीण जनतालाई उपयुक्त अवसर र स्रोतसाधन उपलब्ध गराएर उनीहरूको उत्थान तथा जीविकालाई सहज गर्ने लक्ष्य राखिएको समग्र दृष्टिकोणलाई परिभाषित गर्छ ।

ग्रामीण विकासले मानिसको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सकारात्मक परिवर्तनको अपेक्षा राखेको हुन्छ । भौतिक पूर्वाधार निर्माणसँगै कृषि प्रणालीमा सुधार, स्रोत परिचालन र समुचित उपयोग, रोजगारीको सिर्जना, शिक्षा र स्वास्थ्यमा सुधार, खाद्य सुरक्षा, दिगो वातावरणीय सन्तुलन र विकासमा समावेशी समानुपातिक सहभागितासँगै समग्र समाजको आधुनिकीकरणजस्ता पक्षले ग्रामीण विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । ग्रामीण विकासले ग्रामीण जनताको जीवनलाई गुणात्मक रूपमा सहज बनाउन स्थानीयस्तरमा तर्जुमा हुने आयोजनामा स्थानीय जनसहभागिता कायम गरी सर्वसाधारण जनताको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्दै विकास र स्थानीय स्रोत-साधनमा समानता र न्यायोचित वितरणको अवधारणामा विशेष ध्यान दिने हुँदा दिगो विकासमा ग्रामीण विकासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपालमा जम्मा ७५३ स्थानीय तहमध्ये ४६० गाउँपालिका रहेका छन् । साथै, ६ महानगरपालिका ११ उपमहानगरपालिका र २७६ नगरपालिकाका अधिकांश क्षेत्र पनि ग्रामीण भूभाग नै रहेकाले पनि नेपालमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसको संख्या ठुलो रहेको छ । जसले गर्दा ग्रामीण विकास राष्ट्रको समग्र समृद्धिका लागि अति महत्त्वपूर्ण छ । ग्रामीण विकासले नै देशको समृद्धि झल्काउने यथार्थलाई हामी सबैले बुझ्नुपर्छ । तर, ग्रामीण आवश्यकता र प्राथमिकताका आधारमा पूर्वाधार निर्माण गर्न नसक्नु, थोपा विकासको अभ्यास, अस्थिर राजनीतिक अवस्था, विकास निर्माणमा जनसहभागिताको अभाव, राजनीतिक प्रतिबद्धताको कमी, भौगोलिक जटिलतालगायत ग्रामीण विकाससम्बन्धी अध्ययन र अनुसन्धानमा प्राप्त स्रोत र साधन पर्याप्त नहुनुजस्ता समस्याले नेपालमा ग्रामीण विकासको प्रयासले सन्तोषजनक उपलब्धि प्राप्त गर्न नसकिरहेको देखिन्छ ।


अझै पनि ग्रामीण क्षेत्रमा विकासका नाममा अनियन्त्रित रूपमा प्राकृतिक स्रोत-साधनको दोहन र जथाभावी डोजरको प्रयोगले गाउँको पर्यावरणमा नकारात्मक असर पर्ने कुराप्रति कसैको चासो देखिँदैन । राजनीतिक खिचातानी, नेतृत्वमा दीर्घकालीन सोचको अभाव, विकास निर्माणमा प्राविधिक ज्ञानको कमीसँगै वित्तीय स्रोतहरूको अभावले ग्रामीण विकासमा अपेक्षित प्रगति हुन नसकेको अवस्था छ ।

समग्र राष्ट्रको विकासमै अपेक्षित प्रगति हुन नसकिरहेको अहिलेको अवस्थामा ग्रामीण विकासमा पनि थुप्रै चुनौती बाधकका रूपमा रहेको देख्न सकिन्छ । तर, ती चुनौतीको सामना गरेर अगाडि बढ्न सकेमा पक्कै पनि नेपालको ग्रामीण क्षेत्रको विकासलाई अगाडि बढाउन सहयोग पुग्छ । वर्तमान परिप्रेक्ष्यमा देखापरेका केही चुनौती यहाँ उल्लेख गरिएको छ ।

पूर्वाधारको अभाव : नेपालका धेरै गाउँघरमा अझै पनि सडक सञ्जालको अवस्था दयनीय छ । सहज सडकको व्यवस्था नहुँदा स्थानीयस्तरमा उत्पादन भएका कृषि उपजको बजारीकरण र आवतजावतमा ग्रामीण जनताले सास्ती भोग्नुपरिरहेको छ । धेरैजसो ग्रामीण बस्तीमा बिजुली र सञ्चार सुविधाको पहुँच आवश्यकताअनुरूप पुग्न नसकेको अवस्था छ । धेरैजसो स्वास्थ्य केन्द्र र विद्यालय अपूर्ण छन् वा गुणस्तरहीन अवस्थामा छन् । उपलब्ध स्रोत-साधनलाई परिचालन गर्ने दक्ष जनशक्तिसँगै पूर्वाधार अभावले नेपालका अधिकांश ग्रामीण बस्ती पछाडि परेका छन् ।

आर्थिक अवसरको कमी : नेपालका ग्रामीण क्षेत्रमा औद्योगिकीकरण हुन नसकेकाले रोजगारीका अवसर सीमित छन् भने पुर्खौंदेखि चल्दै आएको कृषिमा आधुनिकीकरण हुन नसक्दा उत्पादकत्वमा कमी छ । स्थानीयस्तरमा उपलब्ध स्रोत-साधनको उचित परिचालन गरी त्यसबाट आयआर्जनका स्रोत बढाउन सक्ने प्रशस्त सम्भावना हुँदाहुँदै पनि उचित नीति तथा कार्यक्रम नहुँदा ग्रामीण जनतामा बेरोजगारी बढ्दो क्रममा छ ।

युवाको विदेश पलायन : ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सीमित मात्रमा हुँदा युवा जनशक्ति बिदेसिने क्रम बढ्दै गएको छ । देशको युवा जनशक्ति बिदेसिँदा गाउँमा विकासका गतिहरू सुस्त भएका छन् । युवाको विदेश पलायनसँगै गाउँबाट सहरकेन्द्रित बसाइँसराइ बढ्दो छ । जसले गर्दा नेपालका अधिकांश ग्रामीण बस्तीमा जनशक्ति अभाव हुँदा विकास निर्माणमा जनसहभागिताको कमी भई विकासको गतिमा



नकारात्मक असर परिरहेको छ ।

जलवायु परिवर्तन र प्राकृतिक प्रकोप : बाढी, पहिरो, खडेरीजस्ता प्राकृतिक विपत्तिले ग्रामीण क्षेत्रका मानिसको जीवनमा ठुलो प्रभाव पार्छ । जलवायु परिवर्तनका कारण कृषिमा नकारात्मक असर परेको देखिन्छ । ग्रामीण मानिसमा जलवायु परिवर्तनको असरबारे अझै पनि चेतनाको कमी छ । जलवायु परिवर्तनको असर र प्राकृतिक प्रकोपले निम्त्याउन सक्ने भयावह अवस्थाबारे ग्रामीण जनतालाई सरोकारवाला निकायले वेलैमा सुसूचित गर्नु आवश्यक छ ।

सामाजिक संरचनाका समस्या : नेपालका अधिकांश ग्रामीण क्षेत्रमा जातीय, लैंगिक र वर्गीय विभेद अझै पनि व्याप्त छ । महिला, दलित तथा अन्य पछाडि पारिएका समुदायको समुचित विकास हुन सकेको छैन । विकास निर्माण तथा उपलब्ध स्रोत-साधनको न्यायोचित तथा समानुपातिक वितरण अझै पनि हुन सकेको छैन । अझै पनि अधिकांश ग्रामीण बस्तीमा सामाजिक अन्याय कायम छ । जबसम्म समाजमा थिचोमिचो कायम रहन्छ, तबसम्म विकासको प्रतिफलमा जनताको बराबर पहुँच नहुने हुँदा सामाजिक संरचनाका समस्या समाधानतर्फ सरकारवाला निकायको ध्यान जानु आवश्यक छ ।

> ग्रामीण क्षेत्रमा उपलब्ध अवसरलाई सही नेतृत्व, नीति र कार्यक्रममार्फत स्थानीय युवासँग जोड्न सकेमा ग्रामीण क्षेत्रको दिगो विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ

भौगोलिक अवस्था र छरिएको बस्ती : नेपालको भौगोलिक अवस्था अत्यन्तै विविधतापूर्ण छ, जसले गर्दा जनसंख्याको वितरण र बसोवासका स्वरूप पनि फरक-फरक छन् । हिमाली र पहाडी क्षेत्रमा छरिएर रहेका बस्ती छन् भने तराईमा सहरीकरण तीव्र रूपमा बढिरहेको छ । नेपालको भौगोलिक संरचनाले यातायात, आर्थिक गतिविधि, कृषि प्रणाली तथा समाजको जीवनशैलीलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने गरेको छ । छरिएर रहेका बस्तीलाई समग्र विकासको दायरामा ल्याउनु खर्चिलो बनिरहेको छ ।

ग्रामीण विकासका चुनौतीसँगै ग्रामीण क्षेत्रमा पर्याप्त स्रोत र साधन उपलब्ध छन् । मात्र तिनीहरूको उपयुक्त परिचालन तथा उचित उपभोग आवश्यक छ । चुनौतीका बाबजुद समग्र नेपालको ग्रामीण क्षेत्रमा विभिन्न अवसर देख्न सकिन्छ । ग्रामीण क्षेत्रमा उपलब्ध अवसरलाई सही नेतृत्व र नीति तथा कार्यक्रममार्फत स्थानीय युवालाई जोड्न सकेमा ग्रामीण क्षेत्रको दिगो विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ । निम्नलिखित अवसर पहिल्याउन सकेमा पक्कै पनि ग्रामीण विकासले एउटा स्वरूप प्राप्त गर्न सक्छ :

कृषिमा आधुनिकीकरण र व्यवसायीकरण : कृषिमा प्रविधिको प्रयोग तथा विकास गरेर उत्पादन वृद्धि गर्न सकिन्छ । जैविक कृषि, चिया, कफी, जडीबुटी खेतीजस्ता उच्च बजार मूल्य भएका उत्पादनलाई प्रवर्द्धन गर्न सकिन्छ । स्थानीय स्रोतसाधनमा आधुनिक प्रविधिको उच्चतम उपभोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ । स्थानीयस्तरमा उत्पादित कृषि सामग्रीलाई नजिकको बजारसम्म पुऱ्याएर त्यसको बिक्री वितरण सुनिश्चित गर्नुपर्छ । साना तथा मझौला उद्यममार्फत स्थानीयस्तरमा उत्पादन हुने वस्तुको उत्पादनलाई व्यवसायीकरण गर्न सकिन्छ ।

पर्यटन प्रवर्द्धन : प्राकृतिक स्रोतले परिपूर्ण ग्रामीण क्षेत्रमा ग्रामीण पर्यटन, होमस्टे, साहसिक पर्यटन र सांस्कृतिक पर्यटनको विकास गरेर आयआर्जन गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा रहेका प्रसिद्ध पर्यटकीय स्थलबाट नजिक पर्ने गाउँलाई पर्यटकीय गतिविधिमा जोड्न सकिन्छ । पर्यटन प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्दै युवालाई स्थानीयस्तरमा व्यवसायको सम्भावना देखाउन सकिन्छ ।

लघु उद्यमलाई प्राथमिकता : गाउँमा स्थानीय स्रोतको उपयोग गरी साना उद्योग, जस्तै- कपडा, हस्तकला, दुग्ध व्यवसायलगायत अन्य उद्योग खोल्न सकिन्छ । लघु उद्यममार्फत स्थानीय उत्पादनलाई नजिकको सहरसँग बजारीकरणको सम्बन्ध स्थापित गर्न सकिन्छ । सहकारी प्रणालीमार्फत साना कृषक तथा व्यवसायीलाई वित्तीय पहुँच प्रदान गर्न सकिन्छ ।

प्रविधि र डिजिटल पहुँच : ग्रामीण बस्तीमा भरपर्दो र उच्च गतिको इन्टरनेट विस्तार गरी शिक्षा र स्वास्थ्य सेवा गुणस्तरीय बनाउन सकिन्छ । इन्टरनेट तथा मोबाइल प्रविधिको विस्तारले ग्रामीण क्षेत्रका मानिसलाई शिक्षा स्वास्थ्य तथा व्यापारमा सजिलो बनाइरहेको छ । यसलाई अझ प्रभावकारी ढंगबाट समेट्न प्रविधिको प्रयोगबारे जनचेतनाका कार्यक्रममार्फत सूचित गर्न सकेमा डिजिटल बैंकिङ, अनलाइन बैंकिङ, अनलाइन मार्केटिङ तथा प्रविधियुक्त कृषिको विकासले ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउन सकिन्छ । स्थानीय स्रोत-साधनमा आधुनिक प्रविधिको प्रयोग गर्दै ग्रामीण जीवनको समृद्धि, आत्मनिर्भरता र स्वच्छता निर्माण गर्न सकिन्छ ।

नवीकरणीय ऊर्जा प्रवर्द्धन : साना जलविद्युत्, सौर्य ऊर्जा तथा बायोग्यास परियोजनाले ग्रामीण क्षेत्रलाई स्वावलम्बी बनाउन सक्छन् । सरकार र निजी क्षेत्रको सहकार्यमा ऊर्जा विकासको अवसर बढाउन सकिन्छ । जलवायु परिवर्तनको बढ्दो प्रभावलाई मध्यनजर गर्दै आर्थिक आत्मनिर्भरता बढाउन सौर्य ऊर्जा, वायु ऊर्जा, बायोग्यास र स्थानीय नदी खोलाबाट निकालिने जलविद्युत्जस्ता नवीकरणीय ऊर्जा उत्पादन र उपभोगमार्फत ग्रामीण विकासलाई मजबुत गर्न सकिन्छ ।

नेपालको ग्रामीण विकासमा जेजस्ता चुनौती भए पनि सही नीति, प्रविधिको प्रयोग र स्थानीय समुदायको सक्रिय सहभागिताले ती समस्या समाधान गर्न सकिन्छ । यदि कृषिमा आधुनिकीकरण, पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासमा जोड दिने हो भने नेपालका गाउँहरू आत्मनिर्भर बन्न सक्छन्, जसले समग्र राष्ट्रको आर्थिक वृद्धि र दिगो विकासमा टेवा पुऱ्याउन सक्छ । विकासमा आधुनिकीकरणसँगै सामाजिक, सांस्कृतिक तथा वातावरणीय सन्तुलनलाई कायम राख्न सकेमा ग्रामीण विकास दिगो बन्न सक्छ ।

---

३ प्रश्न

शिक्षाविद्
तुलसी थपलियालाई



शिक्षकहरूले आफूहरूसितको सहमतिविपरीत शिक्षा ऐन नआओस् भनेर खबरदारी गर्नुलाई के भन्नुहुन्छ ?

सरसर्ती हेर्दा संसद्मा विचाराधीन विधेयकले आफ्ना हितमा कुनै समस्या खडा गर्छ कि भन्ने डर शिक्षकमा रहेको देखिन्छ । स्थानीय तहमा अधिकार बढी जाँदा हाम्रो हितमा असर पर्छ कि भन्ने चिन्ता शिक्षकहरूको हो । संवैधानिक व्यवस्थालाई कसैले पनि बेवास्ता गर्न सक्दैन । त्यसैले, राज्यले पनि संवैधानिक सीमाभित्र बसेर शिक्षकहरूको हित संरक्षण गर्नुपर्छ । अहिले शिक्षकको खबरदारी पनि त्यसैबाट प्रेरित हुनुपर्छ । उहाँहरूले नयाँ शिक्षा ऐन बन्दै गर्दा हाम्रा मागमा राज्यको ध्यानाकर्षण होस् भन्न खोज्नुभएको हुनुपर्छ ।

शिक्षकले राजनीतिक गतिविधिमा खुलेआम सहभागी हुन पाउनु ठिक हो ?

यसलाई सकारात्मक रूपमा हेर्न सकिन्न । राजनीतिक दलको कुनै पनि तहको पदाधिकारी या सदस्य बन्न पाइँदैन भन्नु गलत होइन । विगतमा दलहरूमाथि प्रतिबन्धको अवस्थामा जनतासम्म दलहरूका आवाज पुऱ्याउने सेतु तिनै शिक्षक थिए । त्यतिखेर दलहरूले पनि अप्ठ्यारोमा आफ्नो काम गरिदिने मान्छे पाएका थिए र शिक्षक पनि आन्दोलनको सफलतापछि राजनीतिक ओत पाइने विश्वासमा थिए । पेसागत हक, हितका लागि आवाज उठाउनु, संगठित हुनु र संघर्ष गर्नु गलत होइन । तर, राजनीतिक दलका कार्यकर्ता बनेर झोला बोक्नु भने शिक्षकका लागि सुहाउने कार्य होइन ।

शिक्षा क्षेत्रलाई स्वच्छ र मर्यादित बनाउन शिक्षकदेखि मन्त्रालयसम्मले के गर्नुपर्ला ?

अहिले केही नाम चलेकाबाहेक सार्वजनिक विद्यालयप्रतिको जनविश्वास क्रमशः घट्दै गएको देखिन्छ । सार्वजनिक शिक्षालाई उकास्ने हो भने सबैले पत्याउने गरी प्रस्ट योजना र कार्यक्रमसहित स्थानीय तह अगाडि आउनुपर्छ । साथै, स्थानीय तहमा कानुनी र संरचनात्मक सुधार गरिनुपर्छ । शिक्षकले पनि पेसाप्रति निष्ठावान् हुनुपर्छ । राज्य शिक्षामा लगानी बढाएर समन्वयात्मक ढंगले अघि बढ्नुपर्छ ।

प्रेरक प्रसंग

संघर्षको परिणाम

माटोमुनि दबिएको एउटा बिउ आफ्नो खोलभित्र आरामसाथ सुतिरहेको थियो । उसका बाँकी साथीहरू पनि आआफ्नो खोलभित्र त्यसैगरी खुम्चिएर बसिरहेका थिए । एक दिन अचानक वर्षा भयो । माटोमाथि थोरै पानी जम्मा भयो । सबै बिउ भिजेर सड्न थाले । पहिलो बिउको अवस्था पनि राम्रो थिएन । ऊ पनि सड्ने अवस्थामा पुग्यो । बिउले सोच्यो- यसरी नै बसिरहँे भने मेरो अवस्था पनि साथीहरूको जस्तै हुनेछ । म पनि बिउको रूपमै मर्नेछु । त्यसैले, अब म आफू अमर बन्ने कोसिस गर्नैपर्छ । त्यसै हिम्मत हार्नु हुँदैन । बिउले हिम्मत देखायो र पूरै शक्ति लगाएर आफ्नो खोल तोड्यो र आफूलाई एक बिरुवाका रूपमा परिवर्तित गऱ्यो । अब माटो र वर्षा उसका मित्र बने । हानि पुऱ्याउनुको साटो उनीहरू उसलाई बढ्न मद्दत गर्न थाले । बिस्तारै ऊ बढ्दै गयो । बढ्दाबढ्दै ऊ अब थप बढ्न नसक्ने अवस्थामा पुग्यो । उसले पुनः सोच्यो- अब म बढ्न सक्दिनँ । यसैगरी बसिरहँे भने एक दिन मर्नेछु । तर, मलाई त अमर हुनु छ । यस्तो सोचेर उसले आफूलाई एक सुन्दर फूलमा परिवर्तन गऱ्यो ।



हरेक वसन्तमा फूल फुल्न थाल्यो । उसको बास्ना निकै टाढा-टाढासम्म पुग्न थाल्यो । भँवराहरू त्यहाँ घुम्न थाले । फूलबाट थप बिउ पैदा भए । र, ती बिउ टाढा-टाढासम्म पुगे । अन्ततः अनेक कठिन परिस्थिति र चुनौती झेलेर आफूलाई परिवर्तित गर्ने निर्णय गर्ने बिउ पुनः लाखौं बिउका रूपमा जीवित भयो ।

परिवर्तनलाई एक घटनाका रूपमा होइन, प्रक्रियाका रूपमा हेर्नुपर्छ । यो नयाँ खोजजस्तै हुन्छ । यसले हाम्रो वातावरणलाई मात्र होइन, हामीलाई पनि बदल्न सक्छ । हामी विकासका नयाँ-नयाँ सम्भावना देख्न थाल्छौं र आफूलाई बदल्न सक्षम हुन्छौं । यसले हामीलाई मेटाउनुको साटो थप मजबुत बनाउँछ र हामी थप प्रगतिउन्मुख हुन सक्छौं ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रेडक्रसमा भाँडभैलो किन ?

हेनरी ड्युनाले पवित्र परोपकारी भावना लिएर रेडक्रस स्थापना गरेका थिए । तर, त्यसैको नेपाल शाखाका रूपमा रहेको नेपाल रेडक्रस सोसाइटी भने अत्यन्त अपवित्र भावना भएका मान्छेको नेतृत्वमा रहेकाले त्यहाँ भाँडभैलो नै भाँडभैलो मच्चिरहेको देखिन्छ । हेनरी ड्युनाले आफ्नो सम्पत्तिसमेत रेडक्रसमा लगाएर समाजसेवा गरे । नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीले चाहिँ दातालेे दिएको रेडक्रसको रकमसमेत आफ्नो व्यक्तिगत सम्पत्ति बनाए । यस्ता भाँडभैलोकारी पदाधिकारी नियुक्त गर्ने र भाँडभैलो मच्चाउन सघाउने राज्यका अधिकारी पनि यसका भागीदार छन् । अब सरकारले सूक्ष्म अनुसन्धान गरी नेपाल रेडक्रसभित्रका बेथितिको खोजी गरी दुईमध्ये एक कार्यसमिति भंग गरेर त्यस्ता बेथितिका संरक्षकमाथि कारबाहीको डन्डा चलाओस् ।

● **सुमिना पुलामी**, ढुंगेअड्डा, काठमाडौं

मुटु कँपाउने हत्याकाण्ड

'यौन प्रस्ताव अस्वीकार गरेपछि सरस्वती मारिइन्, अपराधबाट उम्किन इसराको पनि हत्या' शीर्षकको समाचार पढ्दा मुटु काँप्यो । १५ र १७ वर्षका किशोरले १४ र १५ वर्षका बालिकाको हत्या गरेको समाचारले हाम्रो समाज कता गइरहेको छ, समाजमा आपराधिक प्रवृत्ति कसरी मौलाइरहेको छ र त्यसलाई हाम्रो समाजले नै कसरी मलजल गरिरहेको छ भन्ने प्रश्नले अहिलेसम्म पनि सताइरहेका छन् । कतै हामीले हाम्रा सन्ततिलाई सही बाटो देखाउन नसकेका त होइनौं ?

● **सलिना अमात्य**
टेकु, काठमाडौं

निजगढबारे छिटो निर्णय गर

निजगढ विमानस्थलबारे समाचार आउन थालेको लामो समय भयो । तर, अझै पनि सरकारले विमानस्थलले ओगट्ने जमिनको चारकिल्ला तोक्न नसकेको समाचार पढ्दा दुःख लाग्यो । हामीलाई अर्को अन्तर्राष्ट्रिय विमानस्थलको खाँचो छ । तर, भैरहवा र पोखरास्थित अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमै आउन नसकिरहेको समयमा निजगढ विमानस्थल बनाउन कति आवश्यक छ र बनिसकेपछि सञ्चालन गर्न कति सहज छ, त्यसबारे पनि राज्यले खबौं लगानी गर्नुभन्दा पहिल्यै प्रस्ट हुनु जरुरी छ ।

● **सुबोध भण्डारी**
हेटौंडा-६, मकवानपुर

संविधान संशोधन कहिले ?

प्रधानमन्त्री केपी ओलीले संसद्लाई सम्बोधन गर्दै पुनः एकपल्ट संविधान संशोधनको कुरा उठाएका छन् । तर, कुनकुन विषयमा संशोधन आवश्यक छ भन्नेचाहिँ उनले स्पष्ट भन्न सकेका छैनन् । केही दिनअघि उनले संविधान संशोधन ०८७ पछि मात्र हुन्छ भनेका थिए । जसलाई लिएर कांग्रेस नेताले तीव्र असन्तुष्टि जनाए । सातबुँदे सहमतिको पहिलो बुँदामै संविधानमा भएका कमी-कमजोरी हटाउन संविधान संशोधन गर्ने भनिएको थियो ।

वर्तमान सरकार केका लागि ? भनेर आउने प्रश्नको उत्तरमा सो बुँदालाई पहिलो नम्बरमै राखिएको थियो । अन्यथा, संसारको कुनै कुनामा पनि पहिलो र दोस्रो पार्टी मिलेर सरकार बनाउने चलन थिएन, छैन । न भारतमा भाजपा र कांग्रेसको संयुक्त सरकार बन्न सक्छ, न त अमेरिकामै रिपब्लिकन र डेमोक्र्याटको मिलिजुली सरकार बन्न सक्छ । त्यसरी सरकार बनाएमा त्यो अप्राकृतिक मात्र होइन, लोकतन्त्रको मर्मविपरीत पनि हुन्छ । तर, जे गर्नु हुँदैन, त्यही गरिन्छ नेपालमा । त्यसैले त सरकार गठनका लागि दुई ठुला पार्टी मिल्न पुगे । त्यसका लागि कांग्रेस र एमालेले संविधान संशोधनको नारा दिए । जुन केवल भ्रम र मिथ्या रहेछ भन्ने तथ्य प्रधानमन्त्री ओलीले आफ्नै पार्टीको केन्द्रीय समिति बैठकमा दिएको सार्वजनिक अभिव्यक्तिले पुष्टि गरेको छ । ओलीले त ०८७ पछि मात्र संविधान संशोधन हुन्छ भनिसकेका छन् । वास्तवमा कहिले हुन्छ त यो संशोधन ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

भारतमा कठघरामा इस्लाम

पुराना मस्जिद हटाएर मन्दिर पुनर्निर्माण गर्नुले विगतका अन्याय सुधार्दैन, बरु नयाँ अन्याय सिर्जना गर्छ



देश / विदेश

● शशी थरुर

यही जनवरीको सुरुमा भारतको सर्वोच्च अदालतले मथुराको शाही इदगाह मस्जिदमुनि हिन्दु धार्मिक स्थल रहेको हुन सक्ने दाबीको छानबिन गर्न खोज्ने १५ वटा मुद्दालाई एकसाथ हेर्ने निर्णय गऱ्यो । अदालतका अनुसार यो कदम बहुविधायुक्त कानुनी कारबाही र बाझिने फैसला रोक्न मद्दत गर्दै बढ्दो धार्मिक विवादबिच न्यायिक स्थिरता कायम राख्न पनि सहयोगी हुनेछ । धेरै भारतीय मुसलमान शासक विशेषतः मुगलले लुटपाट गरेर ध्वस्त पारिएका हिन्दु मन्दिरका ठाउँमा मस्जिद निर्माण गरेका थिए भन्नेमा विश्वास गर्छन् । यो विषय भारतीय राजनीतिमा संवेदनशील मानिन्छ र हिन्दुत्व समर्थक राष्ट्रिय स्वयंसेवक संघ परिवारजस्ता समूहले यसलाई थप चर्काउनमा भूमिका खेल्दै आएका छन् ।

भारतको स्वतन्त्रतापछि चार दशकसम्म यो विषय प्रायः निष्क्रिय नै रह्यो । तर, सन् १९८० को दशकमा अयोध्यामा राम जन्मभूमि फिर्ता गर्ने आन्दोलनले तनाव चुल्यायो । डिसेम्बर १९९२ मा हिन्दुत्व अतिवादीले १६औं शताब्दीको बाबरी मस्जिद भत्काएका थिए । लामो कानुनी लडाइँपछि सन् २०१९ को फैसलाले हिन्दु पक्षलाई मन्दिर निर्माणको अनुमति दियो, जबकि मुसलमानलाई प्रतीकात्मक रूपमा मस्जिदलाई अन्यत्र बनाउन पाँच एकड जमिन दिइयो । यसरी आपराधिक रूपमा भएको सम्पत्ति विनाशको विवाद अपराधीकै पक्षमा टुंगियो, जसमा हिन्दु भावनालाई अल्पसंख्यकको अधिकारको मूल्यमा प्राथमिकता दिइयो । यद्यपि पीडित मुसलमान समुदाय शान्त नै रह्यो ।

धेरै भारतीय मुसलमानका लागि यी विवाद कुनै विशिष्ट मस्जिदको विषय मात्र नभई भारतीय समाजमा आफ्नो स्थानसँग जोडिएको मुद्दा हो । बाबरी मस्जिदको विध्वंस भारतको बहुलवादी लोकतान्त्रिक मूल्यमाथि विश्वासघातजस्तो महसुस भयो । तर, धेरै मुसलमानले राम जन्मभूमि विवादको समाधानले हिन्दु-मुस्लिम सम्बन्धमा दशकौंदेखि रहेको कटुता अन्त्य गर्ने अपेक्षा गरेका थिए । त्यसैगरी, मुगलले ध्वस्त पारेको भनिएका हिन्दु मन्दिर फिर्ताको प्रयास रोकिनेछ भन्नेमा पनि भारतीय मुसलमान आशावादी थिए । तर, त्यस्तो कहिल्यै भएन । हिन्दु राष्ट्रवादीका लागि यो निर्णय भारतको हिन्दुत्ववादी पुनर्व्याख्याको विजय थियो, जसले मस्जिदविरुद्धको अभियानलाई रोक्नुको साटो तीव्र बनाइदियो ।

बाबरी मस्जिद भत्काउने घटनापछि मात्रै सन् १९९१ मा लागू गरिएको पूजास्थल (विशेष प्रावधान) ऐन अयोध्याजस्तो अन्य आन्दोलन रोक्न बनाइएको थियो । यो ऐनले स्वतन्त्रताको समय अर्थात् १५ अगस्ट १९४७ मा रहेका सबै पूजास्थलको धार्मिक चरित्र जस्ताको तस्तै राख्ने उद्देश्य राख्छ । यसले कुनै पनि पूजास्थलको रूपान्तरणमा निषेध गर्छ र यससँग सम्बन्धित कानुनी मुद्दा दायर गर्नबाट रोक्छ । तर, ऐनका स्पष्ट प्रावधान हुँदाहुँदै पनि यसको कार्यान्वयनमा चुनौती देखिएका छन् । उदाहरणका लागि सन् २०२२ मा वाराणसीको ज्ञानवापी मस्जिदको भिडियो निरीक्षण गर्ने अनुमति दिएको अदालतको आदेशपछि अन्य मस्जिदको जाँचका लागि थुप्रै समान प्रकृतिका मुद्दा दायर भएका थिए । मुद्दा दायर गर्नेले पूजास्थलको धार्मिक चरित्रसम्बन्धी मुद्दा अदालतमा उठाउन नदिँदा यो ऐनले न्याय प्राप्त गर्ने अधिकार सीमित गर्छ भनेर दाबी गर्छन् । यसले ऐनको संवैधानिकता र व्यक्ति तथा समुदायको अधिकारमा पर्ने प्रभावबारे बहसलाई झन् तीव्र बनाएको छ ।

विलियम एफ बक्लीले पुरातनपन्थी 'इतिहासको मार्गमा उभिएर 'रोक ! भन्दै कराउँछन्' भनेर लेखेको भनाइ निकै प्रशिद्ध भएको थियो । तर, भारतका हिन्दुत्ववादी



तस्बिर : सोनु मेहता/हिन्दुस्तान टाइम्स

राष्ट्रवादी इतिहासलाई लिएर उल्लिखित पुरातनपन्थीलाई माथ दिन्छन्, अर्थात् उनीहरू 'पछाडि फर्क !' मा लागेका छन् । वास्तवमा यो इतिहासप्रति गहिरो श्रद्धाभन्दा पनि वर्तमानलाई पुनः परिभाषित गर्ने उद्देश्यले प्रेरित देखिन्छ । सर्वोच्च अदालतले समेत स्वीकार गरेअनुसार यदि कुनै मस्जिद भत्काइएका मन्दिरमाथि बनाइएको प्रमाणित भएमा त्यो मन्दिर पुनर्स्थापना गर्नुपर्ने माग अनिवार्य रूपमा उठ्नेछ । यसरी पुनर्निर्मित प्रत्येक मन्दिर हिन्दुत्ववादी भारत निर्माणतर्फको एउटा इँटासरह हुनेछ । अन्तरधार्मिक सहअस्तित्वको आदर्श लगभग परित्याग भएको अवस्था छ र मुसलमानलाई राष्ट्रिय भाष्यमा किनारामा धकेलिएको छ । अयोध्यामा भएका भव्य समारोह (जसमा प्रधानमन्त्री नरेन्द्र मोदी र राज्य संयन्त्र खुलेरै संलग्न थिए) खासमा यो राष्ट्रधर्म घोषणा गर्ने दिशामा ठुलो पाइला हो । 'हिन्दू राष्ट्र' हाम्रो आँखै अगाडि निर्माण भइरहेको छ ।

भारतीय इतिहासलाई पल्टाएर हेर्ने हो भने विवादित क्षेत्र र स्थल छन्, तर विगतका विवादको पुनरुत्थान आजको दिनमा अशुभ संकेत हो । मथुरासम्बन्धी मुद्दालाई एकीकृत गर्ने सर्वोच्च अदालतको निर्णय यस प्रवृत्तिलाई नियन्त्रण गर्ने दिशामा एउटा कदम हो । अदालतले तल्लो अदालतलाई नयाँ मुद्दा दर्ता गर्न रोक लगाएको छ, विशेषतः ती मुद्दा जसले मन्दिरका भग्नावशेषमाथि निर्माण गरिएको भनिएका मस्जिद र दरगाहलाई तारो बनाउँछन् । त्यसैगरी अदालतले विचाराधीन मुद्दामा आदेश जारी गर्न पनि निषेध गरेको छ, तर यो अपुग छ । सर्वोच्च अदालतले थप कडा कदम चाल्न आवश्यक छ । पुराना मस्जिद हटाएर मन्दिर पुनर्निर्माण गर्नुले विगतका अन्याय सुधार्दैन, बरु नयाँ अन्याय सिर्जना गर्छ । निको भएका घाउलाई फेरि आलो पार्रिदै छ ।

यदि न्यायालयले यी विवादलाई दृढतापूर्वक रोक लगाएन भने मुसलमानबाट प्रतिरोध पनि हुन सक्छ । साम्प्रदायिक हिंसाको नयाँ लहरले भविष्यका पुस्तालाई विगतका अन्यायको बदला लिनुपर्ने पाठ मात्र सिकाउनेछ । हिन्दुत्व अभियान इतिहासलाई युद्धको इन्धनका रूपमा प्रयोग गर्न उत्सुक छ । तर, विगतलाई उल्ट्याउने यिनको अन्धमोहले भारतको भविष्यलाई नै संकटमा पार्दै छ ।

(थरुर भारतीय राष्ट्रिय कांग्रेसका नेता एवं लोकसभाका सांसद हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इरानले गच्यो नयाँ ब्यालेस्टिक क्षेप्यास्त्र सार्वजनिक

तेहरान / इरानले नयाँ ब्यालेस्टिक क्षेप्यास्त्र सार्वजनिक गरेको छ । राष्ट्रपति मसुद पेजेस्कियानको उपस्थितिमा आइतबार आयोजित एक समारोहमा तेहरानले एक हजार ७०० किलोमिटर टाढा मार हान्न सक्ने नयाँ ब्यालेस्टिक क्षेप्यास्त्रलाई सार्वजनिक गरेको हो । यो इरानले निर्माण गरेको 'सबैभन्दा पछिल्लो ब्यालिस्टिक क्षेप्यास्त्र' हो । इरानको ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमले मध्यपूर्वलाई अस्थिर बनाएको आरोप लगाउँदै पश्चिमा देशहरूले चिन्ता व्यक्त गरेका छन् । यो नयाँ स्वरूपको क्षेप्यास्त्रसहित इरानका क्षेप्यास्त्र आफ्नो कट्टर शत्रु इजरायलसम्म पुग्ने त्याकत राख्छ । इरानले यी क्षेप्यास्त्रलाई गत वर्ष गाजा युद्ध सुरु भएपछि दुईपटक प्रयोगमा ल्याएको छ ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : मंगलबजार, ललितपुर
फोन नं.: ०१-५४५३२९५/९६

शाखा कार्यालय: काकरभिता, झापा
फोन नं.: ०२३-५६७३०१/६९६

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही
फोन नं.: ०७१-५४१६२४/२५

शाखा कार्यालय: कावासोती, नवलपरासी
फोन नं.: ०७८-५४०२९६/२७

शाखा कार्यालय: लम्की, कैलाली
फोन नं.: ०२१-५४०५५७/५८

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१०/२१ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय,घरेलु तथा साना उद्योग कार्यालय, ललितपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७३/०१/१३ मा दर्ता नं. १५८२६/७२२/०७२/०७३ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ३०, हरिसिद्धी **स्थित एलेक्स हाण्डिक्राफ्ट प्रोप्राइटर: समिर महर्जन**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. लाल महर्जनको नाति, साईला महर्जनको छोरा, ललितपुर जिल्ला, ललितपुर गा.वि.स./उ.म.न.पा वडा नं. १८, स्थित स्थायी ठेगाना भएको **समिर महर्जन (ना.प्र.प.नं. २५३५१, ललितपुर)**

२. लाल महर्जनको बुहारी, साईला महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर गा.वि.स./उ.म.न.पा वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **सावित्री महर्जन (ना.प्र.प.नं. ३५८०४, ललितपुर)**

३. साईला महर्जनको बुहारी, समिर महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर गा.वि.स./उ.म.न.पा वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **सुमित्रा व्यञ्जनकार (ना.प्र.प.नं. ११८७८, ललितपुर)**

धितोमा रहेको सम्पतिको विवरण

सावित्री महर्जनको नाममा भुमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स./न.पा. वडा नं. २ स्थित कित्ता नं. ८०४ को क्षेत्रफल ०-३-१-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय : मंगलबजार, ललितपुर

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७१/०२/०४ मा दर्ता नं. १२२६४५/७०/०७१ कायम भई दर्ता भएको ललितपुर, जिल्ला, ललितपुर म.न.पा. वडा नं. ११ स्थित **महिला स्वरोजगार उद्योग प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चक्र बहादुर खड्काको बुहारी, केदार खड्काको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रसिला थापा खड्का (ना.प्र.प.नं. ३०-०१-७६-०५०३५, काभ्रेपलाञ्चोक)**

२. देव बहादुर खड्काको नाति, चक्र बहादुर खड्काको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स./उ.म.न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **केदार खड्का (ना.प्र.प.नं. २४१५/८७५, काभ्रेपलाञ्चोक)**

३. चक्र बहादुर खड्काको नातिनी, केदार खड्काको छोरी, काभ्रेपलाञ्चोक जिल्ला, गणेशस्थान चलाल गा.वि.स. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **कृष्ठिना खड्का (ना.प्र.प.नं. ३०३०५०/७९, काभ्रेपलाञ्चोक)**

४. चक्र बहादुर खड्काको नातिनी, केदार खड्काको छोरी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **कृतिका खड्का (ना.प्र.प.नं. ३०-०१-७५-०२०३७, काभ्रेपलाञ्चोक)**

धितोमा रहेको सम्पतिको विवरण

१. **रसिला थापा खड्काको** नाममा भूमिसुधार मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित कित्ता नं. ७३९ को क्षेत्रफल ५१०.०२ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. यस बैंकको हितमा गरिदिएको मौज्दात, हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

शाखा कार्यालय: काकरभिता, झापा

ऋणीको विवरण

शन्मान अधिकारीको नाति, नर बहादुर अधिकारीको छोरा, झापा जिल्ला, काकरभिट्टा गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **अनुप कुमार अधिकारी (ना.प्र.प.नं. ४६३८१४९, झापा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. नर बहादुर अधिकारीको बुहारी, अनुप कुमार अधिकारीको पत्नी, झापा जिल्ला, मेचीनगर गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **अनिता अधिकारी (ना.प्र.प.नं. ०४-०१-६९-१२११६, झापा)**

२. शन्मान अधिकारीको नाति, नर बहादुर अधिकारीको छोरा, झापा जिल्ला, काकरभिट्टा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **राजु अधिकारी (ना.प्र.प.नं. ६४३८/०६४, झापा)**

३. शन्मान अधिकारीको बुहारी, नर बहादुर अधिकारको पत्नी, झापा जिल्ला, काकरभिट्टा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **कृष्ण माया अधिकारी (ना.प्र.प.नं. ६४३८६२७३, झापा)**

धितोमा रहेको सम्पतिको विवरण

कृष्ण माया अधिकारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १३ स्थित कित्ता नं. २१५ को क्षेत्रफल २२०१.०८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही

१. ऋणीको विवरण

अनन्त उपाध्यायको नाति, ठेक लाल शर्माको छोरा, रुपन्देही जिल्ला, पर्रोहा गा.वि.स/न.पा वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४ बस्ने **लोक नाथ शर्मा (ना.प्र.प.नं. ३७२०२७/५५१४१, रुपन्देही)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ठेक लाल शर्माको बुहारी, लोक नाथ शर्माको पत्नी, पाल्पा जिल्ला, सोमादी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४, बस्ने **जीवा शवाली (ना.प्र.प.नं. ३९३०६२/११६, पाल्पा)**

२. नोमलाल उपाध्यायको नाति, अनन्त उपाध्यायको छोरा, कपिलवस्तु जिल्ला, निग्लीहवा गा.पा/न.पा वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४ बस्ने **ठेक लाल शर्मा (ना.प्र.प.नं. १३२६, कपिलवस्तु)**

धितोमा रहेको सम्पतिको विवरण

ठेकलाल शर्माको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, आ. अमवा गा.वि.स./न.पा. वडा नं ४ स्थित कित्ता नं. १४८३, १४८१ र १४७२ क्रमश क्षेत्रफल ०-०-४-०, ०-०-८-० र ०-०-८-० (बिघा) को घर/जग्गा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा मिति २०७७/०९/१९ मा दर्ता नं. ११६५/०७७/७८ कायम भई दर्ता भएको रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १२, स्थित **नेपाल ग्रामेन्ट उद्योग**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दलसुर गुरुङको नाति, भुपाल सिंह गुरुङको छोरा, चितवन जिल्ला, शारदानगर गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **निर बहादुर गुरुङ (ना.प्र.प.नं. ३१५०/०५९, चितवन)**

२. चेतनारा गुरौको नाति, चनरमन गुरौको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **देवि प्रसाद गुरौ (ना.प्र.प.नं. ७०१३७, नवलपरासी)**

३. चनरमन गुरौको बुहारी, देवी प्रसाद गुरौको पत्नी, चितवन जिल्ला, गुप्तजनगर गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **द्रौपति महतो (ना.प्र.प.नं. ०३२३०६, चितवन)**

४. टिकाराम महतोको नाति, शन्त कुमार महतोको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **रुप नारायण महतो (ना.प्र.प.नं.११४८६, नवलपरासी)**

५. नर बहादुर गुरौको नाति, चेत नारा गुरौको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **चनरमन गुरौ (ना.प्र.प.नं.२४१६७, नवलपरासी)**

६. शन्त कुमार महतोको नाति, रुप नारायण महतोको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **योगा नारायण महतो थारु (ना.प्र.प.नं.७८८९९, नवलपरासी)**

७. शन्त कुमार महतोको नाति, रुप नारायण महतोको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **राम प्रसाद महतो (ना.प्र.प.नं.३६१०४८/७३३, नवलपरासी)**

८. शन्त कुमार महतोको बुहारी, रुप नारायण महतोको पत्नी, नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **पिचारी देवी चौधरी (ना.प्र.प.नं. ३२५.२७.५९३, नवलपरासी)**

९. चतुरी थारुको नातिनी, केदार नाथ थारुको छोरी, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **गंगा कुमारी चौधरी (ना.प्र.प.नं.३६३०४८।९८, नवलपरासी)**

१०. चेतनारा गुरौको नाति, चनरमन गुरौको छोरा, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **शेष नारायण गुरौ (ना.प्र.प.नं.७०१३६, नवलपरासी)**

११. चेतनारा गुरौको बुहारी, चनरमन गुरौको पत्नी, नवलपरासी जिल्ला, रुपौलिया गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **राधा कुमारी गुरौ (ना.प्र.प.नं.३६०५८, नवलपरासी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **चनरमन गुरौको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, रुपौलीया गा.वि.स./न.पा वडा नं २ स्थित कित्ता नं. २९४ र २८९ को क्रमशः क्षेत्रफल ०-०-१२-२२ ०-६-३-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **रुप नारायण महतोको** नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, रुपौलीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ५३१, ६७, २८९, २८८ र २१४ को क्रमशः क्षेत्रफल ०-१-५-०, ०-३-६-०, ०-८-१०-०, ०-१५-१०-० र ०-४-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय बागमती, ललितपुरमा दर्ता रहेको तपसिल बमोजिमको सवारीसाधन:**

सवारीको मोडल	इन्जिन नं.	च्यासिस नं.	दर्ता नं.
Ford Figo 1.2L- 2020	LA63177	MAJGXXMTKGLA63177	प्रदेश ३ - ०१ ०२४ च ३०७१

४. यस बैंकको हितमा गरिदिएको मौज्दात, हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

नोट: माथि उल्लेखित शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देहीको ऋणी नं. २ को धितोमा रहेको सम्पतिको विवरण नं. १ र २ ऋणी नेपाल ग्रार्मेन्ट उद्योगको नाममा रहेको हायर पर्चेज कर्जाको लागी समेत धितोमा रहेको।

३. ऋणीको विवरण

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य कार्यालय, रुपन्देही, भैरहवामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०६०/०७/२८ मा दर्ता नं. १७२७२/०६० कायम भई दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. ४, स्थित **रन्जित अठो सेन्टर प्रोप्राइटर: अन्जित कवर योगी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मन्जर कँवर योगीको नाति, नारायण नाथ कँवर योगीको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अन्जित कँवर योगी (ना.प्र.प.नं. ३/३२५, नवलपरासी)**

२. नारायण नाथ कँवर योगीको नाति, अन्जित कँवर योगीको छोरा, नवलपरासी जिल्ला, रामनगर गा.वि.स./उ.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अनिल कुवंर (ना.प्र.प.नं. ३६३०३८/१४३, नवलपरासी)**

३. डिल्लीनाथ योगीको नातिनी, चोपनाथ योगीको छोरी, दाङ जिल्ला, गढवा गा.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **ऋतु योगी (ना.प्र.प.नं. ५२-०६-७६-०२७१३, दाङ)**

४. नारायण नाथ कँवर योगीको बुहारी, अन्जित कुँवर योगीको पत्नी, नवलपरासी जिल्ला, रामनगर गा.वि.स./उ.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **सावित्री देवी कुवंर (ना.प्र.प.नं. ३६३०३८/१५६, नवलपरासी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **अन्जित कवर योगीको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं २ स्थित कित्ता नं. ३०७० को क्षेत्रफल ०-०-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत।

२. **अनिल कुवंरको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं १ स्थित कित्ता नं. ११०६ को क्षेत्रफल ०-१२-१३-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **सावित्री देवी कुवंरको** नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स./न.पा. वडा नं ५ स्थित कित्ता नं. ११३३ को क्षेत्रफल ०-१-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. यस बैंकको हितमा गरिदिएको मौज्दात, हाइपोथिकेशन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

शाखा कार्यालय: लम्की, कैलाली

ऋणीको विवरण

लक्ष्मी नारायण डगौराको नाति, छोटे लाल डगौराको छोरा, कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा. वडा नं. १ बस्ने **मनिराम चौधरी (ना.प्र.प.नं. ६६१, कैलाली)**

व्यक्तिगत जमानतकर्ताको विवरण

छोटे लाल डगौराको बुहारी, मनिराम चौधरीको पत्नी, कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा. वडा नं. १ बस्ने **सगरधिया डगौरा (ना.प्र.प.नं. १०२०/४५७, कैलाली)**

धितोमा रहेको सम्पतिको विवरण

मनिराम चौधरीको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेस्ता कायम रहेका कैलाली जिल्ला, भजनि गा.वि.स./न.पा. वडा नं ३ स्थित कित्ता नं. १४३५ को क्षेत्रफल ६७७.२८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/१०/२१ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु मंगलबजार, ललितपुर, काकरभिता, झापा, पाल्पारोड बुटवल, रुपन्देही, कावासोती, नवलपरासी र लम्की, कैलालीबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/११/०५ गते सोमबार कार्यालय समय भित्र शाखा कार्यालय मंगलबजार, ललितपुरको धितोमा रहेको सम्पतिको हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा, शाखा कार्यालय पाल्पारोड बुटवल, रुपन्देही ऋणी नं. २ को धितोमा रहेको सम्पतिको विवरण नं. १, २ र ऋणी नं. ३ को धितोमा रहेको सम्पतिको विवरण नं. २ को हकमा शाखा कार्यालय कावासोती, नवलपरासीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/११/०६ गते मंगलबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्टाखुद्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु मंगलबजार, ललितपुर, काकरभिता, झापा, पाल्पारोड बुटवल, रुपन्देही, कावासोती, नवलपरासी र लम्की, कैलालीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २१ माघ ०८१

बढ्न थाल्यो कर्जाको माग

आयाततर्फको कर्जा प्रवाह ५६.६ प्रतिशतले बढ्यो, आयातमा भएको वृद्धिले मुद्रास्फीतिमा पनि चाप

पवन तिमिल्सिना/ नयाँ पत्रिका

लामो समयदेखि कर्जा विस्तार गर्न नसकेर अधिक तरलता (लगानीयोग्य पुँजी थुप्रिने) व्यहोरिरहेका बैंक तथा वित्तीय संस्थालाई वस्तु आयातमा भएको वृद्धिले लाभ पुऱ्याएको छ। वस्तु आयात गर्दा व्यवसायीले लिने कर्जा प्रवाहमा भएको वृद्धिसँगै समग्रमा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह विस्तार बढेको हो।

चालू आर्थिक वर्ष ०८१/८२ को ६ महिनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा दुई खर्ब ६५ अर्ब ५६ करोड कर्जा विस्तार भएको छ। समीक्षा अवधिमा ५.२ प्रतिशतले कर्जा विस्तार भएको हो। केन्द्रीय बैंकका अनुसार यो अवधिमा ७.१ प्रतिशतले बढेर आठ खर्ब २२ अर्बको वस्तु आयात भएको छ।

■ सेवा क्षेत्रले लिने आयात कर्जा १३५ प्रतिशतले बढ्यो

आयात गर्दा निजी क्षेत्रले लिने ट्रस्ट रिसिप्ट कर्जामा ५६.६ प्रतिशतले वृद्धि भएको छ। यस्तो कर्जा लिँदा आयात गरिने वस्तु नै धितो राख्न पाइन्छ। आयात कर्जा बढी लिनेमा सेवा क्षेत्र र औद्योगिक क्षेत्रका कम्पनीहरू छन्। खासगरी भटमास, सूर्यमुखीजस्ता खानेतेल उद्योगहरूले कच्चा तेलको आयात बढाउँदा औद्योगिक क्षेत्रबाट लिने आयात कर्जामा वृद्धि भएको हो। अहिले चामल-धान, यातायात उपकरण, सवारीसाधन तथा अन्य सवारीसाधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खानेतेललगायतका वस्तुको आयात बढेको छ।

त्यस्तै, औद्योगिक क्षेत्रमा गएको आयात कर्जा ३६ अर्ब २७ करोडले बढेको छ। यो अघिल्लो आवको सोही अवधिको तुलनामा ८४ प्रतिशतको वृद्धि हो। सेवा क्षेत्रका संस्थाहरूले ६ महिनामा तीन अर्ब २५ करोडको आयात कर्जा लिएका छन्। यो १३५ प्रतिशतको वृद्धि हो। गत आर्थिक वर्षको पहिलो ६ महिनामा यस्तो कर्जा ४६.२ प्रतिशतले घटेको थियो।

केन्द्रीय बैंकका अनुसार ६ महिनामा निक्षेप संकलनमा भएको वृद्धिदरको तुलनामा कर्जा प्रवाह वृद्धिदर बढी छ। ६ महिनामा निक्षेप संकलन ३.७ प्रतिशतले बढ्दा कर्जा प्रवाह ५.२ प्रतिशतले बढेको छ। पछिल्लो समय आयातमा भएको वृद्धि नै कर्जा प्रवाह वृद्धि हुनुको प्रमुख कारण रहेको राष्ट्र बैंकका प्रवक्ता रामु पौडेलको भनाइ छ। उनले भने, 'निक्षेप संकलनभन्दा कर्जा विस्तारको रफ्तार बढ्दै गएकाले समग्र मागमा सुधारको संकेत देखिएको बुझ्न सकिन्छ।'

कर्जा विस्तारमा रेमिट्यान्सको भरथेग



● **रामु पौडेल**, प्रवक्ता, नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढ्दै जाँदा कर्जा नोक्सानी व्यवस्था पनि बढाउँदै लैजानुपर्ने हुन्छ। कर्जा असुली प्रभावित भएकाले बैंकको पुँजीमा नै दबाब सिर्जना भएको छ। तर, रेमिट्यान्स आप्रवाहमा भएको वृद्धिले बैंकिङ प्रणालीमा पर्याप्त तरलता उपलब्ध भएको छ। त्यसैले दबाबबिच पनि ब्याजदर बढ्न सकेको छैन। अहिले सस्तो ब्याजदरमा कर्जा लिने अवसर पनि हो।

■ चालू आवको ६ महिनाको अवस्था

कर्जा	कर्जा वृद्धि/ गिरावट (रुपैयाँमा)	प्रतिशतमा
आवधिक कर्जा	६० अर्ब १८ करोड	३.१
ओभरड्राफ्ट	-१२ अर्ब २४ करोड	-९.८
नगद ऋण कर्जा	३० अर्ब ६२ करोड	४.७
आयात कर्जा	४६ अर्ब ८९ करोड	५६.६
चालू पुँजी कर्जा	८९ अर्ब ५५ करोड	१२.३
आवासीय घर कर्जा	१५ अर्ब १५ करोड	३.९
रियल इस्टेट कर्जा	५ अर्ब ५६ करोड	२.१
मार्जिन कर्जा	२३ अर्ब ६८ करोड	२६.३
हायर पर्चेज	४ अर्ब ७० करोड	३.८
विपन्न कर्जा	-१० अर्ब २३ करोड	-३.३
अन्य कर्जा	१३ अर्ब ५७ करोड	२.९

स्रोत : नेपाल राष्ट्र बैंक

■ खराब कर्जा वृद्धि र पुँजीकोषको दबाबमा बैंकहरूलाई रेमिट्यान्सको आडभरोसा

बढ्दो निष्क्रिय कर्जा र पुँजीकोषको दबाबमा पनि कर्जाको माग धान्न बैंक तथा वित्तीय संस्थालाई रेमिट्यान्सले भरथेग गरेको देखिन्छ। केन्द्रीय बैंकका अनुसार ६ महिनामा रेमिट्यान्स आप्रवाह सात खर्ब ६३ अर्ब आठ करोड पुगेको छ। यो ४.१ प्रतिशतको वृद्धि हो। मंसिरसम्म बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको अनुपात ४.४२ प्रतिशत छ। चुलिँदो निष्क्रिय कर्जा र पुँजीकोषको दबाबमा पनि रेमिट्यान्समार्फत आएको रकमले लगानीयोग्य पुँजी बढाएका कारण बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको माग धान्न सकिरहेको प्रवक्ता पौडेलले बताए। उनले भने, 'निष्क्रिय कर्जा बढ्दै जाँदा कर्जा नोक्सानी व्यवस्था पनि बढाउँदै लैजानुपर्ने हुन्छ। कर्जा असुली प्रभावित भएकाले यस्तो अवस्था आएको हो। अन्तिममा यसले बैंकको पुँजीमा दबाब सिर्जना भएको छ। रेमिट्यान्समा भएको वृद्धिले बैंकिङ प्रणालीमा पर्याप्त तरलता उपलब्ध गराएको छ।' पर्याप्त तरलताकै कारण दबाबमा पनि बैंक तथा वित्तीय संस्थाको ब्याजदर बढ्न सकेको छैन। उनले भने, 'अहिले सस्तो ब्याजदरमा कर्जा लिएर लगानी गर्ने अवसर पनि हो।'

■ मुद्रास्फीति ५.४१ प्रतिशत

पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धिदर) ५.४१ प्रतिशत पुगेको छ। मंसिरमा ६.०५ प्रतिशतको मुद्रास्फीतिको तुलनामा पुसमा घटेको छ। यद्यपि, अघिल्लो वर्षको पुस महिनामा ५.२६ प्रतिशत थियो। खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.६७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१९ प्रतिशत छ।

■ बाह्य क्षेत्र सुविधाजनक

अर्थतन्त्रलाई चलायमान राख्न बाह्य क्षेत्र हालसम्मकै सुविधाजनक स्थितिमा छ। यद्यपि, बढ्दो आयात र घट्दो रेमिट्यान्स वृद्धिदरले बाह्य क्षेत्रको सुविधा कम हुने सम्भावना बढ्दै गइरहेको छ। बाह्य क्षेत्रका प्रमुख सूचकमध्ये चालू खाता एक खर्ब ४८ अर्ब १७ करोडले बचतमा छ। गत आवको ६ महिनामा चालू खाता एक खर्ब ६२ अर्ब ५६ करोडले बचतमा थियो।

त्यस्तै, शोधनान्तर स्थिति बचतमा पनि कमी आएको छ। ६ महिनामा शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा छ। अघिल्लो वर्ष ०८०/८१ को सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा थियो। खुद सेवा आय ४३ अर्ब ५३ करोडले घाटामा पुगेको छ। यसमा नेपालमा आउने विदेशी पर्यटकले गर्ने खर्च (भ्रमण आम्दानी)भन्दा नेपालीले विदेश भ्रमणमा जाँदा गर्ने खर्च (भ्रमण व्यय) बढी हुँदा यसले सेवा आय नै घाटामा पुऱ्याएको हो। भ्रमण आय ५.१ प्रतिशतले वृद्धि भई ४१ अर्ब ८६ करोड पुगेकोमा भ्रमण खर्च ९.७ प्रतिशतले वृद्धि भई एक खर्ब एक अर्ब ९२ करोड पुगेको छ। चालू आवको ६ महिनाको अवधिमा ६ अर्ब ५० करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी आप्रवाह चार अर्ब ५४ करोड थियो। गत असार मसान्तको तुलनामा विदेशी विनिमय सञ्चिति १३.५ प्रतिशतले बढेर २३ खर्ब १६ अर्ब ८४ करोड पुगेको छ। अहिलेको सञ्चितिले १७.३ महिनाको वस्तु आयात धान्न पर्याप्त देखिन्छ।

नागरिक उड्डयन प्राधिकरण टुक्र्याउने विधेयक संसद्मा

निजी क्षेत्रलाई विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापनको प्रस्ताव

नयाँ पत्रिका

सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई नियामक र सेवा प्रदायकमा टुक्र्याउने दुई विधेयक संसद्मा दर्ता गरेको छ। आइतबार नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल हवाई सेवा प्राधिकरण विधेयक संसद्मा दर्ता गरिएको हो।

नागरिक उड्डयनसम्बन्धी सेवाप्रदायक संस्थाहरूको नियमनकारी निकायका रूपमा नागरिक उड्डयन प्राधिकरण हुनेछ भने विमानस्थलको निर्माण, सञ्चालन र व्यवस्थापन हवाईसेवा प्राधिकरणबाट हुनेछ। अहिले उड्डयन क्षेत्रको नियमन र सेवा सञ्चालन दुवै एउटै निकाय क्यानले गर्दै आइरहेको छ। संसद्बाट विधेयक पारित भएर नयाँ ऐन जारी भएपछि नियमनकारी र सेवाप्रदायी काम चौतर्फी आलोचना भएपछि पर्यटनमन्त्री पाण्डेले विधेयकलाई अगाडि बढाएका हुन्। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) र युरोपेली यूनियनले पनि हवाई सुरक्षा अभिवृद्धिका लागि नियमनकारी र सेवाप्रदायी संस्था अलग-अलग हुनुपर्ने सुझाव दिँदै आइरहेका छन्।

● **बद्रीप्रसाद पाण्डे**, पर्यटनमन्त्री



यो ऐन जारी भएपछि एयर नेभिगेसन सेवा र विमानस्थल सञ्चालन सेवालाई अन्तर्राष्ट्रिय प्रचलनबमोजिम अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्न सकिनेछ। सेवा प्रवाहमा चुस्तता र व्यावसायिकता प्राप्त भई सम्बद्ध कर्मचारीहरू थप उत्प्रेरित भई काम गर्ने हुँदा उडान एवं विमानस्थल सञ्चालन गुणस्तरमा अभिवृद्धि हुनेछ।

नागरिक उड्डयन प्राधिकरणको अध्यक्षमा विभागीयमन्त्री र नेपाल हवाईसेवा प्राधिकरणको अध्यक्षमा विभागीय मन्त्रालयका सचिव रहने व्यवस्था गरिएको छ। नागरिक उड्डयन प्राधिकरणमा कार्यकारी प्रमुखका रूपमा काम गर्न राजपत्रांकित प्रथम श्रेणीको अधिकृत वा प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठ अधिकृतलाई महानिर्देशकको पदमा नियुक्त गर्ने व्यवस्था गरिएको छ।

तर, हवाईसेवा प्राधिकरणमा भने कार्यकारी प्रमुखकका रूपमा काम गर्न बाहिरबाट पनि प्रतिस्पर्धाका माध्यमबाट प्रबन्ध निर्देशक नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ। प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठ अधिकृत वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरेको र नागरिक उड्डयन क्षेत्रमा कम्पनीमा पाँच वर्षको व्यवस्थापकीय अनुभवसहित १५ वर्षको कार्यानुभव भएको व्यक्ति हवाईसेवा प्राधिकरणको प्रमुख बन्न योग्य हुनेछन्। हवाईसेवा प्राधिकरणलाई विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन गर्ने अधिकार दिइएको छ।



छुट्टाछुट्टै संस्थाबाट हुने भएकाले स्वार्थको द्वन्द्व अन्त्य हुने संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले बताए। यसअघि ०७६ मा पनि क्यानलाई टुक्र्याउने विधेयक संसद्मा दर्ता गरिएको थियो। विधेयक राष्ट्रियसभाले पारित गरेपनि प्रतिनिधिसभाबाट पारित हुन नसक्दा फिर्ता भएको थियो। पछिल्लो समय हवाई दुर्घटनाहरू बढेर सरकार र क्यान नेतृत्वको संसद्बाट विधेयक पारित भएमा निजी क्षेत्रले सरकारको स्वीकृति लिएर आवश्यकताअनुसार आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सञ्चालन गर्न बाटो खुल्नेछ। हवाईसेवा प्राधिकरणले आफ्नो मातहतमा रहेका विमानस्थल सरकारसँग स्वीकृति लिएर प्रतिस्पर्धात्मक विधिबाट निजी क्षेत्रलाई करार सम्झौता गरी सञ्चालन तथा व्यवस्थापन गर्न दिन सक्ने व्यवस्था गरिएको छ।

Local Government
Shivapuri Rural Municipality
Sherabagar, Nuwakot
Bagamati Provience, Nepal

Invitation Bid for the Procurement of Medicine Iteams

(Date of First publication: 2081/10/21 B.S.)

Shivapuri Rural Munucipality, Nuwakot invites electronic bids only from Nepalese eligible bidders for the Procurement of Project as mentioned below. Eligible Bidders may obtain all further information from PPMO's website http://www.bolpatra.gov.np/egp.

S. N.	Contract Id	Name of Project	Bid Security Amount(NRs)	Bid doc fee NRs
1	SRM/SQ/ GOODS/081-082/02	Procurement of Medicine Iteams	41,000.00 (Forty One Thousand Only)	1000.00

Chief Administrative Officer

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Dhangadhi, Kailali

Issuance of Letter of Intent to Award the Contract

Date of Publication: 2081/10/21

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2081-10-02 in Naya Patrika Newspaper for execution of the Supply and Delivery of Goods as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

S. N.	Contract ID No.	Description of Works	Lowest Evaluated Bidder	Evaluated Bid Amount Including VAT (Nrs.)
1	01/2081/082/SQ/ G/FWSSMP/ Dhangadhi	Supply and Delivery of PE 100 HDPE Pipe for Different Water Supply Projects of Achham, Bajhang and Bajura District	Salina and Sarita Suppliers, Kohalpur-14, Banke	1994918.95

Project Chief

मधेश प्रदेश सरकार
ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
मलंगवा, सर्लाही

दरभाउपत्र स्वीकृतिको आशय-पत्र

प्रथम पटक प्रकाशित मिति : २०८१।१०।२१

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१।०९।२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपाई दरभाउपत्रदाताहरुले तपसिलमा उल्लेखित ठेक्काहरुको दरभाउपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रही स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ यो दरभाउपत्र स्वीकृत गर्ने ७ दिने आश्यको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं.	आयोजनाको नाम	कार्यको विवरण	छनौट भएका बोलपत्रदाताहरुको नाम/ठेगाना	न्यूनत्तम कबोल अंक (भ्याट समेत)	कै.
01/081-082	चक्रघटा गा.पा. ४ सुन्दरपुर खा.पा.आ.	एच.डि.पि.ई.पाइप आपूर्ति कार्य	हार्डवेयर नेपाल प्रा.लि. बालाजु १६, काठमाण्डौं	16,46,297.00	
02/081-082	हरिवन न.पा.१ भोकटेनी खा.पा.आ.	एच.डि.पि.ई.पाइप आपूर्ति कार्य	नेपाल प्लाष्टिक प्रा.लि. धरान	19,92,121.07	
03/081-082	रामपुर खा.पा.आ. परोहा ९	एच.डि.पि.ई.पाइप आपूर्ति कार्य	हार्डवेयर नेपाल प्रा.लि. बालाजु १६, काठमाण्डौं	19,87,423.66	

(रामनाथ साह)
नि.डिभिजन प्रमुख

जनवरीमा समग्र पर्यटक बढे, तर भारतीय घटे

काठमाडौं/ सन् २०२५ को पहिलो महिनामा विदेशी पर्यटक आगमन १.१ प्रतिशतले बढेको छ। जनवरीमा विभिन्न देशबाट ७९ हजार नौ सय ९१ पर्यटक नेपाल घुम्न आएका छन्। अघिल्लो जनवरीमा ७९ हजार एक सय पर्यटक आएका थिए।

जनवरीमा समग्र पर्यटक आगमन बढ्दा भारतीय पर्यटक आगमन भने १५ प्रतिशतले घटेको छ। अघिल्लो जनवरीमा २४ हजार एक सय ३९ भारतीय नेपाल घुम्न आएकामा यो जनवरीमा २० हजार चार सय ८५ मात्र भारतीय पर्यटक आएका नेपाल पर्यटन बोर्डले जनाएको छ। नेपालमा घुम्न आउने पर्यटकमा सबैभन्दा धेरै पर्यटक भारतीय हुने गरेका छन्। तर, यस वर्ष भारतीय सवार दुई ठूला बस दुर्घटनाका कारण भारतीय पर्यटकको नेपाल आगमन घट्दै गइरहेको देखिन्छ।

वर्ष (सन्)	जनवरीमा भित्रिएका पर्यटक
२०१९	८१,२७३
२०२०	७९,७०२
२०२१	८,८७४
२०२२	१६,९७५
२०२३	५५,०७४
२०२४	७९,१००
२०२५	७९,९९१

अमेरिका, चीन, अस्ट्रेलिया, दक्षिण कोरिया, बंगलादेश, भुटानलगायत देशबाट पर्यटक आगमन उत्साहप्रद वृद्धि देखिन्छ। चीनबाट आठ हजार एक सय ९१ पर्यटक भित्रिएर दोस्रो स्थानमा उक्लिएको छ। अमेरिकाबाट आठ हजार ६३, बंगलादेशबाट पाँच हजार चार सय ६, अस्ट्रेलियाबाट चार हजार तीन सय एक, साउथ कोरियाबाट तीन हजार सात सय ५६, युकेबाट तीन हजार पाँच सय २१, थाइल्यान्डबाट तीन हजार दुई सय १९, भुटानबाट दुई हजार सात सय ६८, जापानबाट एक हजार पाँच सय ७० पर्यटक नेपाल आएका छन्।

नेपाल घुम्न आउने पर्यटकमध्ये ३७ प्रतिशत (२९,४८७) सार्क देशका रहेका छन्। अन्य एसियाली देशबाट २५.५ प्रतिशत (२०,३९१) पर्यटक भित्रिँदा युरोपबाट १३ प्रतिशत (१०,३६७), अमेरिकाबाट १२ प्रतिशत (९,६३७) पर्यटक नेपाल भित्रिएका छन्।

राष्ट्रिय सभामा पनि सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न माग

नयाँ पत्रिका

आइतबारको राष्ट्रिय सभा बैठकमा सिमेन्टको कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्नुपर्ने विषय उठेको छ। राष्ट्रिय सभा सदस्य गोपी सार्की अछामीले शून्य र विशेष समयमा सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएका हुन्। शून्य समयमा बोल्दै उनले सिमेन्टको मूल्यवृद्धिले निर्माण क्षेत्र मारमा परेको तथा निर्माण लागत पनि बढिरहेको भन्दै नियन्त्रण गर्न सरकारले भूमिका खेल्नुपर्ने बताएका हुन्।

लगत्तै विशेष समयमा आफ्नो धारणा राख्ने क्रममा माओवादी सांसद् अछामीले चार महिनाअघि साढे चार सय प्रतिबोरा रहेको सिमेन्टको भाउ अहिले आठ सय भन्दा बढी हुन पुगेको भन्दै नियन्त्रण गर्न ध्यानाकर्षण गराएका थिए। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमेत उपस्थित बैठकमा सांसद अछामीले उद्योगको कार्टेलिङ र सिन्डिकेटका कारण सिमेन्टको मूल्य बढेको बताए। 'सिमेन्टमा कार्टेलिङ र सिन्डिकेट भएकाले असाध्यै मूल्य बढेको छ,' उनले भने, 'अन्तर्राष्ट्रिय बजारमा भन्दा नेपाली उपभोक्ताले चर्को मूल्य हाल्नुपर्ने जुन स्थिति छ, यसले निर्माण कार्यमा लागत बढेको छ।' पुँजीगत खर्च बढाउनुपर्ने दायित्वमा रहेको सरकारले निर्माण क्षेत्रको लागत बढ्ने गरी कृत्रिम रूपमा बढाइएको सिमेन्टको भाउ नियन्त्रण गर्न चनाखो हुनुपर्ने उनको भनाइ थियो।

सार्वजनिक लेखा समितिले समेत मूल्यवृद्धि नियन्त्रण गर्न निर्देशन दिए पनि कार्यान्वयन नभएको भन्दै उनले सरकारी निकायबाट छिटोभन्दा छिटो मूल्य घटाउन हस्तक्षेप गर्नुपर्ने धारणा राखेका थिए। 'लेखा समितिले पनि छलफल गरेर मूल्य घटाउन निर्देशन दिएको छ। यो निर्देशनलाई कार्यान्वयन गर्ने गरी सिमेन्टको मूल्य घटाउने गरी यो सरकारको तर्फबाट पहल होस् भन्न चाहन्छु,' उनले भने। निर्माण व्यवसायी महासंघले सिमेन्टको भाउ घटाउन सरकार र संसद् गुहारे पनि अहिलेसम्म नियन्त्रण हुन सकेको छैन।

■ सरकार र संसद्को निर्देशनविपरीत मूल्यवृद्धि यथावत्

'गेट प्राइस' तीन सय ५० रुपैयाँसम्म झरेको सिमेन्टको उपभोक्ता मूल्य गत दसैंअगाडिसम्म पाँच सय ५० रुपैयाँ प्रतिबोरासम्म थियो, तर निर्माण कार्य सुरु हुने सिजनको सुरुवात (मंसिर)मै भाउ बढेर सात सयदेखि आठ सय रुपैयाँ प्रतिबोरासम्म पुगेको थियो। त्यसपछि निर्माण व्यवसायीले १२ मंसिरमा विज्ञप्ति निकालेर मूल्य नियन्त्रण नभए आन्दोलन गर्नेसम्मको चेतावनी दिएका थिए। निर्माण व्यवसायीको उजुरीपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा मंसिर अन्तिम साता भएको छलफलमा बढेको भाउमा प्रतिबोरा एक सय रुपैयाँका दरले मूल्य घटाउने सहमति भएको थियो। सो सहमतिले प्रतिबोरा सिमेन्ट ६ सय रुपैयाँआसपास निर्धारण हुने जानकारी उद्योगीले दिएका थिए। तर, उक्त सहमतिविपरीत उद्योगीले मूल्य घटाएनन्। उद्योगीले मूल्य नघटाएपछि निर्माण व्यवसायीले पुनः मन्त्रालयमा ताकेता गरेका थिए। त्यसपछि गत ६ माघमा मन्त्रालय, सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबिच फेरि मूल्य घटाएर लागू गर्ने प्रारम्भिक समझदारी बनेको थियो।

Bagamati Province Government
Ministry of Social Development
Social Development Office, Lalitpur

Invitation for Bids

Date of publication: 2081/10/21 (3rd February 2025)

1. ***Social Development Office, Lalitpur*** invites only electronic bids from eligible bidders for the construction of works as mentioned below. ***Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.***
2. Bidder can submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
3. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Limited, Gabahal, Lalitpur Office Code no. : **3500134023**
   Rajaswa (revenue) Shirshak no. : **14229, Revenue Acount No. 27020000001001000001**
4. Pre-bid meeting - ***2081/11/15 (13.00 hours), Last date of Bid Submission - 2081/11/21 (12.00 hours),*** Bid opening Date - ***2081/11/21 (13.00 hours)*** at the office ***Lalitpur***.

SN	Description of Work and Contract No.	Estimate Amount Without Vat & Contingencies (NRs.)	Bid Security Amount (NRs.)	Bid Fee (NRs.)
1	Building Construction of Gyanodaya Secondary School, Ka.ma.na.pa. -13, Kathmandu SDOLALITPUR/NCB/07/2081-82	55,62,426.60	1,57,000	3,000

'इला कम्फर्ट' होटेल सञ्चालनमा



बागलुङ/ आइएमई ग्रुपले बागलुङमा 'इला कम्फर्ट' होटेल सञ्चालनमा ल्याएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष एवं आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले गृह जिल्ला बागलुङमा सुविधायुक्त होटेल सञ्चालनमा ल्याएका हुन्।

करिब ३० करोड रुपैयाँ लगानी रहेको होटेलको शनिबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले उद्घाटन गरे। बागलुङ बजारक्षेत्रभित्र करिब तीन रोपनी क्षेत्रफलमा फैलिएको होटेलमा ३० कोठा रहेका छन्। थ्री स्टारको मान्यताबराबरको यो होटेलको सुविधा भने पाँचतारे होटेलबराबरको रहेको अध्यक्ष ढकालले बताए। उनले आफ्नी आमाको आग्रहमा छोरा सचिन ढकालको अगुवाइमा आफ्नै जन्मभूमिमा होटेल सञ्चालन गरेको बताए। पर्यटनमन्त्री पाण्डेले निजी क्षेत्रको लगानीमा बनेका पर्यटकीय पूर्वाधारले नेपालको पर्यटन क्षेत्रमा ठुलो टेवा पुऱ्याएको बताए। उनले बागलुङमा सञ्चालन गरेको यो होटेलले यस क्षेत्रको पर्यटन विकासमा सहयोग पुऱ्याउने बताए। उनले धौलागिरि क्षेत्रमा पर्यटनको अधिक सम्भावना रहेको भन्दै यस क्षेत्रमा लगानी गरेर लाभ लिन निजी क्षेत्रलाई आग्रह गरे।

पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य दीपक गिरी, नेपाली कांग्रेसका सहमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य जीवन परियारलगायतले सुविधासम्पन्न होटेलको स्थापनाले यो क्षेत्रको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुऱ्याउने बताए। कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण पाठकले निजी क्षेत्र र लगानीलाई राज्यले विशेष प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताए। बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठले होटेल सञ्चालनमा आएपछि बागलुङमा व्यवसायमैत्री वातावरण भएको सन्देश गएको बताए। बागलुङमा सुविधासम्पन्न होटेल खोज्ने पर्यटकका लागि इला कम्फर्ट विकल्प बनेको उद्योग वाणिज्य संघ बागलुङका अध्यक्ष नरेश कँडेलले बताए।

ढकालले केही वर्षअघि बागलुङबाटै महासंघको वरिष्ठ उपाध्यक्ष उम्मेदवारी घोषणा गर्ने क्रममा आफ्नो जन्मभूमिमा हस्पिटालिटी क्षेत्रमा लगानी गर्ने सोच रहेको बताएका थिए।

सिद्धार्थ बैंकका ग्राहकलाई सिग्माको सेवामा छुट

काठमाडौं/ सिद्धार्थ बैंकका ग्राहकले सिग्मा डायग्नोस्टिक्सको सेवामा ४० प्रतिशतसम्म छुट पाउने भएका छन्। यसका लागि सिद्धार्थ बैंक र सिग्मा डायग्नोस्टिक्स ल्याबोरेटरी प्रालि (राधे-राधे भक्तपुर)बिच सम्झौता भएको हो।

सम्झौताअनुसार बैंकका ग्राहकले भक्तपुरस्थित सिग्मा डायग्नोस्टिक्स ल्याबोरेटरीमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा इन हाउस ल्याब टेस्टमा ४० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने बैंकले जनाएको छ। बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केही समयअघि मात्रै 'सिद्धार्थ रिवार्डस्' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ।

सानिमा रिलायन्स लाइफले गऱ्यो एजेन्सी म्यानेजरलाई सम्मान

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले एजेन्सी म्यानेजरलाई सम्मान गरेको छ। कम्पनीले २०२५ का लागि एमडिआरटी, सिओटी र टिओटीमा योग्य भएका एजेन्सी म्यानेजरलाई सम्मान गरेको हो।

चन्द्रागिरि हिल्स रिसोर्टमा आयोजना गरिएको उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, नायब प्रमुख कार्यकारी अधिकृत नीराजन कँडेल, प्रमुख व्यवसाय अधिकृतहरू, प्रदेश प्रमुख, क्षेत्रीय म्यानेजर, एरिया म्यानेजर, ब्रान्च तथा सब-ब्रान्च म्यानेजरहरूको उपस्थिति रहेको थियो। कम्पनीबाट २०२५ का लागि एकजना टिओटी, दुईजना सिओटी र २४ जना एमडिआरटीका लागि योग्य भएका छन्। टिओटीका लागि योग्य नमिता न्यौपाने यसअघि पनि दुईपटक टिओटी भइसकेकी छिन्। रणबहादुर तामाङ पहिलोपटक सिओटीका लागि योग्य भएका छन्। त्यस्तै, नारायणबहादुर गुरुङ दोस्रोपटक सिओटीका लागि योग्य भएका हुन्। सन् २०२५ का लागि एमडिआरटीको लक्ष्य ४६ लाख ९२ हजार नौ सय, सिओटीका लागि एक करोड ४० लाख ७८ हजार सात सय र टिओटीका लागि दुई करोड ८१ लाख ५७ हजार चार सय तोकिएको थियो।

नेपाल लाइफको बिक्री रणनीति तर्जुमा

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले बिक्री रणनीति तर्जुमा गरेको छ। कम्पनीले एक दिवसीय कार्यक्रम गरेर बिक्रीको रणनीति तर्जुमा गरेको हो।

काठमाडौंमा आयोजित कार्यक्रममा चालू आर्थिक वर्षको दोस्रो त्रैमासको व्यापार समीक्षा गर्दै बाँकी समयावधिका लागि सेल्स रणनीतिको तर्जुमा गरिएको थियो। कार्यक्रममा कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवाल, प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली, नेसनल सेल्स हेड उमापति पोखरेललगायत उच्च व्यवस्थापकहरू तथा प्रादेशिक प्रमुखहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै सञ्चालक अग्रवालले नेपाल लाइफ जीवन बिमा उद्योगको मार्ग प्रदर्शकका रूपमा रहेको र अहिले हासिल गरेको उपलब्धिभन्दा धेरै माथिको उपलब्धि ल्याउन सक्ने प्रचुर सम्भावना बोकेको बताए। प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले आमजनतामा अझै पनि बिमासम्बन्धी सचेतना पर्याप्त रूपमा नपुगेको अवस्थामा बिमा बजारमा सम्भावना रहेको मान्नुपर्ने बताए। कम्पनीको सिर्जनात्मक योजनाहरू बजारमा ल्याइरहेको र आगामी दिनमा अझ परिष्कृत गर्ने बताए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतीस) दिने सूचना

प्रकाशित मितिः २०८१/१०/२१

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जाजरकोटबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकमचुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरु लाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : सन्तोष निर्माण सेवा
रजिष्टर्ड ठेगाना : खलंगा गा.वि.स.-५, जाजरकोट (हालः भेरी न.पा.-३, जाजरकोट)
रजिष्ट्रेशन नं. : ३१०/०६५/६६ (घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय जाजरकोट)
पान नं. : ३०३१४५३६५

फर्मको प्रोप्राइटरको नाम र ठेगाना

दलविर खड्का क्षेत्रिको नाती, धनबहादुर खड्का क्षेत्रिको छोरा, श्रीमती मेनुका खड्काको श्रीमान,जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी म.न.पा. वडा नं. ०३, बस्ने **कमान बहादुर खड्का** (ना.प्र.नं. १७९३/०५२, जारी मिति २०५२/०८/१०, जि.प्र.का. जाजरकोट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. सेतु खड्का क्षेत्री को नाती, दलवीर खड्का क्षेत्री को छोरा, श्रीमती नर देवि खड्का को श्रीमान बाँके जिल्ला बनकटुवा गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **धनबहादुर खड्का क्षेत्रि** (ना.प्र.नं. १९५६०, जारी मिति २०३६/१२/२५, जि.प्र.का. बाँके)
२. मोहन बहादुर कार्कीकी छोरी, धनबहादुर खड्का क्षेत्रिकी बुहारी, श्री कमान बहादुर खड्काकी श्रीमती जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **मेनुका खड्का** (ना.प्र.नं. ३७४३, जारी मिति २०६१/०१/०८, जि.प्र.का. जाजरकोट)
३. दलविर खड्का क्षेत्रिको नाती, धनबहादुर खड्का क्षेत्री को छोरा, श्रीमती कल्पना रानाको श्रीमान जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **प्रदिप खड्का** (ना.प्र.नं. ४३४०, जारी मिति २०६३/०१/२४, जि.प्र.का. जाजरकोट)
४. ठगेन्द्र बहादुर रानाकी छोरी, धनबहादुर खड्का क्षेत्रिकी बुहारी, श्री प्रदिप खड्काकी श्रीमती जाजरकोट जिल्ला भेरीमालिका न.पा. वडा नं. १० स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **कल्पना राना** (ना.प्र.नं. ६२-०१-७३-००१६२, जारी मिति २०७३/०१/१६, जि.प्र.का. जाजरकोट)
५. धनबहादुर खड्का क्षेत्रिको नाती, कमानबहादुर खड्काको छोरा, जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **प्रेम राज खड्का** (ना.प्र.नं. ६२१००५/१२५५, जारी मिति २०६८/०३/१०, जि.प्र.का. जाजरकोट)
६. धनबहादुर खड्का क्षेत्रिको नाती, कमानबहादुर खड्काको छोरा, जाजरकोट जिल्ला खलंगा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **सन्तोष राज खड्का** (ना.प्र.नं. ६२१००५/२५८४, जारी मिति २०७१/०७/११, जि.प्र.का. जाजरकोट)

२. ऋणीको नाम र ठेगाना

नुनादेव शर्माको नाती, नारायण प्रसाद शर्माको छोरा, श्रीमती सरस्वती शर्माको श्रीमान सल्यान जिल्ला थारमारे गाविस वडा नं. ०३, स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०२, बस्ने **भवानी प्रसाद शर्मा** (ना.प्र.नं. ५७१३, जारी मिति २०४७/०४/२१, जि.प्र.का. सल्यान)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नरते रोकायको छोरी, नारायण प्रसाद शर्माको बुहारी, श्री भवानी प्रसाद शर्माको श्रीमती जाजरकोट जिल्ला खलंगा गाविस वडा नं. ०६ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०२, बस्ने **सरस्वती शर्मा** (ना.प्र.नं. ६२१००५/२२८, जारी मिति २०६४/०९/१९, जि.प्र.का. जाजरकोट)
२. नारायण प्रसाद शर्माको नाती, भवानी प्रसाद शर्माको छोरा, जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०२,स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०२, बस्ने **विनोद शर्मा** (ना.प्र.नं. ६२-०१-७३-००९६९, जारी मिति २०७३/०३/२१, जि.प्र.का. जाजरकोट)

३. ऋणीको नाम र ठेगाना

चामरो सुनारको नाती, गुर चाउरो सुनारको छोरा, श्रीमती विना सुनारको श्रीमान जाजरकोट जिल्ला जगतिपुर गाविस वडा नं. ०१, स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ११, बस्ने **लाल बहादुर सुनार** (ना.प्र.नं. १२१४, जारी मिति २०५२/०२/१०, जि.प्र.का. जाजरकोट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. लाले कामीको छोरी, गुर चाउरो सुनारको बुहारी, श्री लाल बहादुर सुनारको श्रीमती जाजरकोट जिल्ला जगतिपुर गाविस वडा नं. ०१ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ११, बस्ने **विना सुनार** (ना.प्र.नं. ६२१००७/७०३, जारी मिति २०६९/०३/१३, जि.प्र.का. जाजरकोट)
२. गुर चाउरो सुनारको नाति, लाल बहादुर सुनारको छोरा, जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ११ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ११, बस्ने **शंकर सुनार** (ना.प्र.नं. ६२-०१-७२-०२५४१, जारी मिति २०७२/१०/०६, जि.प्र.का. जाजरकोट)

४. ऋणीको नाम र ठेगाना

१. नन्दे घर्तीको नाती, सुरे घर्तीको छोरा, श्रीमती गगनी घर्तीको श्रीमान जाजरकोट जिल्ला पुन्मा गाविस वडा नं. ०५, स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०६, बस्ने **जय बहादुर घर्ती** (ना.प्र.नं. ४९६, जारी मिति २०४५/०१/०२, जि.प्र.का. जाजरकोट)
२. सुरे घर्तीको नाती, जय बहादुर घर्तीको छोरा, श्रीमती खिमसरा घर्ती मगरको श्रीमान जाजरकोट जिल्ला पुन्मा गाविस वडा नं. ०५, स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०६, बस्ने **नवीन घर्ती मगर** (ना.प्र.नं. २०२८, जारी मिति २०६०/०८/२९, जि.प्र.का. जाजरकोट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. खर्के रानाको छोरी, सुरे घर्तीको बुहारी, श्री जय बहादुर घर्तीको श्रीमती जाजरकोट जिल्ला पुन्मा गाविस वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०६, बस्ने **गगनी घर्ती** (ना.प्र.नं. ६२-०१-७१-००७१०, जारी मिति २०७१/०९/०६, जि.प्र.का. जाजरकोट)
२. परिमल पुनको छोरी, जय बहादुर घर्तीको बुहारी, श्री नविन घर्ती मगरको श्रीमती जाजरकोट जिल्ला पुन्मा गाविस वडा नं. ०५ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ०६, बस्ने **खिमसरा घर्ती मगर** (ना.प्र.नं. ६२१०१८/७८६, जारी मिति २०६८/०२/२२, जि.प्र.का. जाजरकोट)

५. ऋणीको नाम र ठेगाना

ऋणीको नाम : शुभलक्ष्मी स्टोर एण्ड सप्लायर्स
रजिष्टर्ड ठेगाना : खलंगा गा.वि.स.-२, जाजरकोट (हालः भेरी न.पा.-३, जाजरकोट)
रजिष्ट्रेशन नं. : ६४/०६५/०६६ (घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय जाजरकोट)
पान नं. : ३०३२८९९७३

फर्मको प्रोप्राइटरको नाम र ठेगाना

कालु शाहीको नाती, मानबहादुर शाहीको छोरा, श्रीमती राम छाया कुमारी शाहीको श्रीमान जाजरकोट जिल्ला ढिमे गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **चित्रबहादुर शाही** (ना.प्र.नं. ९१६, जारी मिति २०४९/१०/२७, जि.प्र.का. जाजरकोट)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. विर बहादुर सिहंको छोरी, मानबहादुर शाहीको बुहारी, श्री चित्रबहादुर शाहीको श्रीमती जाजरकोट जिल्ला ढिमे गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **राम छाया कुमारी शाही** (ना.प्र.नं. ९३५, जारी मिति २०५१/०१/११, जि.प्र.का. जाजरकोट)
२. मानबहादुर शाहीकी नातीनी, चित्रबहादुर शाहीकी छोरी, जाजरकोट जिल्ला ढिमे गा.बि.स वडा नं. ०९, जाजरकोट स्थाई ठेगाना भई, हाल जाजरकोट जिल्ला भेरी न.पा. वडा नं. ०३, बस्ने **नविना शाही** (ना.प्र.नं. ६२-०१-७२-०३१९४, जारी मिति २०७२/१२/२४, जि.प्र.का. जाजरकोट)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९७७७/८८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पावरहाउस चोक विरगंज शाखा, विरगंज महानगरपालिका,पर्सा
सम्पर्क फोनः +९७७-०५१-५२८७२४

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री दशै दासको नातिनी, मोहन दास थारुको छोरी, मधेश प्रदेश पर्सा जिल्ला, सखुवा प्रसौनी गा.पा. वडा नं. ६ हाल विरगंज महानगरपालिका वडा नं.१३, बस्ने ५० वर्षकी श्रीमती पार्वती कुमारी दासको मिति २०८१/०७/३० (ई.सं. १५/११/२०२४) मा मृत्यु भएकोले स्व. श्रीमती पार्वती कुमारी दासको पति हाल विरगंज महानगरपालिका वडा नं.१३ बस्ने श्री दीप नारायण प्रसाद महतोले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पावरहाउस चोक विरगंज शाखा, विरगंज महानगरपालिका दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27 बैंक पनि, साथी पनि राम्रो पनि, हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५९९९७७७/८८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बतीसपुतली शाखा, काठमाडौं महानगरपालिका, बतीसपुतली
सम्पर्क फोनः +९७७-०१४५८४७१३

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री भगिरथ उप्रेतीको छोरा, बाग्मती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०२ हाल गौशाला, काठमाडौं महानगरपालिका वडा नं. ०२ बस्ने ७४ वर्षको श्री हरि प्रसाद उप्रेतीको मिति २०८१/०४/१२ (ई.सं. २७/०७/२०२४) मा मृत्यु भएकोले स्व. हरि प्रसाद उप्रेतीको छोरा हाल गौशाला-०२ बस्ने श्री उपेन्द्र उप्रेतीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बतीसपुतली शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

27 बैंक पनि, साथी पनि राम्रो पनि, हाम्रो पनि

धितोमा रहेको चलअचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/१०/२१ गते)

तपसिल बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तरताकेता तथा कर्जा बुझाउनेबारे २१ एक्काइस) दिने सूचना प्रकाशन गर्दासमेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित ३५(पैंतीस) दिनभित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधिअनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ति बैंक आफैंले सकार गरिलिनसक्ने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिल

धितो लिलाम बिक्री हुने मिति : २०८१ साल फागुन महिना २७ गते, सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि., शाखा कार्यालय पाँचखाल। लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि., शाखा कार्यालय बनेपा।

१.ग्राहकको नाम : निजोन एग्रिकलचर फर्म प्रा.लि., दर्ता भएको कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, **फर्मको दर्ता नं.** २३२६६६/०७६/०७७, **दर्ता मितिः** २०७६/१०/०५, **पान नं.** ६०९७०४१४३

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यवसायिक कृषि	सुनिता लामा	काभ्रे	बालुवा	०६	१२९३	२-८-१-१

संचालकको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
सुनिता लामा	जैसीथोक-०९, काभ्रे	३०-०१-०६७-१४८७९	काभ्रे/२०६७/११/२०/ जिल्ला प्रशासन कार्यालय	पतिःतेजबहादुर लामा बाबुःविष्णुमान तामाङ	ससुराः सिताराम तामाङ

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
तेज बहादुर लामा	जैसीथोक-०९, काभ्रे	३०३०१०२८/१७७४८६	काभ्रे/२०६५/११/२६/ जिल्ला प्रशासन कार्यालय	सिताराम तामाङ	धन बहादुर तामाङ

२. **ग्राहकको नामः शेषा कृषि तथा पशुपंक्षी फर्म, दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय काभ्रे, **फर्मको दर्ता नं.** ११९१८/०७८/०७९, **दर्ता मितिः** २०७८/०५/०८ **पान नं.** ६१६५१६१५३

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गा धनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यवसायिक कृषि	सविन कुमार त्रिपाठी	काभ्रे	पलान्चोक	०६	७४६	०-१०-३-०

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	ससुरा
सजना त्रिपाठी	खरेलथोक-०६	३०-०१-०७०-०९५७३	काभ्रे/२०७०/१०/१२/ जिल्ला प्रशासन कार्यालय	बाबुः लेखराज रोक्का पतिः सविनकुमार त्रिपाठी	कृष्ण गोपाल त्रिपाठी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
सविन कुमार त्रिपाठी	खरेलथोक-०६	३० घुम्ति २/८२४	काभ्रे/२०६१/०१/२०/ जिल्ला प्रशासन कार्यालय	कृष्ण गोपाल त्रिपाठी	लक्ष्मीप्रसाद

३. **ग्राहकको नामः रुद्र बहादुर श्रेष्ठ, ठेगानाः** पाँचखाल न.पा.-०६, काभ्रे, ना.प्र.नं. ३०१०४२/१७७८९८/२५२०५, **जारी मितिः** २०६५/१२/०६, **जारी भएको कार्यालयः** जिल्ला प्रशासन कार्यालय काभ्रे, **बाबुको नामः** तेज बहादुर श्रेष्ठ, **बाजेको नामः** मनलाल, **पत्नीको नामः** ज्ञानुमाया श्रेष्ठ

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसीकर्जा	रुद्र बहादुर श्रेष्ठ	काभ्रे	पाँचखाल	०९	१३३५, २७२०	२-६-३-०, ०-१४-०-०.५

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
ज्ञानुमाया श्रेष्ठ	पाँचखाल-०६	७५७१०	काभ्रे/२०५४/१२/२७/ जिल्ला प्रशासन कार्यालय	रुद्र बहादुर/कृष्णलाल	तेज बहादुर श्रेष्ठ
राजकुमार श्रेष्ठ	पाँचखाल-०६	३०-०१-०६६-३७९१	काभ्रे/२०६६/१२/३१/ जिल्ला प्रशासन कार्यालय	रुद्र बहादुर श्रेष्ठ	तेज बहादुर श्रेष्ठ

४. **ग्राहकको नामःदुर्गा प्रसाद ढकाल, ठेगानाः** मण्डनदेउपुर न.पा. वडा नं. ०६ काभ्रे, ना.प्र.नं.३०३०१८/४०५ **जारी मितिः** २०६३/१०/११, जारी भएको कार्यालयःजिल्लाप्रशासनकार्यालय काभ्रे,बाबुको नामःचुडामणि, बाजेको नामःजीवलाल, पत्नीको नामःदेवकी खतिवडा ढकाल

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
घरायसी	दुर्गा प्रसाद ढकाल र दिलकुमारी ढकाल संयुक्त	काभ्रे	गैरीविसौना	०३	२५१४	२-१-१-०

व्यक्तिगत जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति	ससुराको नाम
दिलकुमारी ढकाल	गैरीविसौना-०१, काभ्रे।	५४५७९/४४१	काभ्रे/२०५१/१२/०५/ जिल्ला प्रशासन कार्यालय	चुडामणी	जीवलाल

शर्तहरू

१ धितो लिलाम डाँकबढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनुपर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटीबापत् त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क राखी वा कृषि विकास बैंक पाँचखाल शाखाको खाता नं. ०२१२६००१२०४२७०१३ जम्मा भएको हुनुपर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ। बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दाबढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं

■ त्रिकोणात्मक टी-२० आई सिरिज

तेस्रो खेलमा पनि ब्याटिङमै कमजोरी

रमेश सुवेदी/नयाँ पत्रिका

त्रिवि क्रिकेट मैदानमा चलिरहेको त्रिदेशीय टी-२० अन्तर्राष्ट्रिय सिरिजमा नेपाली महिला क्रिकेट टोलीले लगातार तेस्रो हारको सामना गरेको छ। हारसँगै घरेलु भूमिमा उपाधि जित्ने नेपालको सम्भावना कमजोर बनेको छ। नेदरल्यान्ड्सले नेपाललाई १५ रनले हरायो। टस जितेर पहिलो ब्याटिङ गरेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै एक सय ४० रन बनाएको थियो। प्रत्युत्तरमा नेपालले २० ओभरमा आठ विकेट गुमाउँदै १२५ रन बनायो।

लगातार तेस्रो खेलमा नेपालका खेलाडीले फितलो ब्याटिङ प्रदर्शन गरेका छन्। कुनै पनि खेलाडीले एकनासको ब्याटिङ गर्न सकिरहेका छैनन्। नेदरल्यान्ड्सविरुद्ध शीर्ष तथा मध्यक्रमका ब्याट्सम्यान चल्दा तल्लो क्रमका खेलाडी चल्न नसक्दा नेपाल १५ रनले हार्न पुग्यो। लगातार तेस्रो खेलमा हार सामना गरेको इनिङ्समा नेपालकी सीता रानामगरले नेदरल्यान्ड्सविरुद्ध पाँच विकेटको प्रदर्शन गर्न सफल भइन्।

लक्ष्य पछ्याउन सक्ने अवस्थामा समेत पराजित हुँदा यसको असर धेरै भएको सीताले बताइन्। 'घरेलु मैदानमा लगातार हार्दा यसको धेरै असर हुन्छ। हामीले जित्न सकेका छैनौं। प्रत्येक खेलमा राम्रो गर्न सकिरहेका छैनौं,' उनले भनिन्, 'लगातारको हारले दबाब बढेको छ। पिएम कपदेखि लगातार खेल्दा खेलाडी पनि थाकेका छन्।'

यसअघि नेदरल्यान्ड्स र थाइल्यान्डविरुद्धका दुवै खेलमा नेपाल पराजित भइसकेको छ। उपाधि सम्भावना कायम राख्न आइतबार नेदरल्यान्ड्सलाई हराउनुपर्ने दबाब नेपालमाथि थियो। नेपाल पहिलो खेलमा नेदरल्यान्ड्ससँग २० रन र दोस्रो खेलमा थाइल्यान्डसँग चार विकेटले पराजित भएको थियो। थाइल्यान्डले आफ्नो पहिलो खेलमा नेदरल्यान्ड्सलाई आठ विकेटले हराएको हो। अब, नेपालले मंगलबार थाइल्यान्डको सामना गर्नेछ।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

■ तल्लो क्रमको कमजोर प्रदर्शन

अघिल्ला दुई खेलमा शीर्ष क्रमका ब्याट्सम्यान चलेनन्। तेस्रो खेलमा शीर्ष क्रमका खेलाडीले राम्रो प्रदर्शन गरे पनि तल्लो क्रमका खेलाडी चुकेका छन्। नेपालका लागि कप्तान इन्दु बर्माले ३२ बलमा एक छक्कासहित सर्वाधिक ३० रनको योगदान दिइन्।



लगातार हारले राम्रो भइरहेको छैन

● **सीता रानामगर**, नेपाल

हामी खेलमा पराजित भइरहेका छौं। व्यक्तिगत प्रदर्शन राम्रो होइन। अन्तिममा मात्रै तीन विकेट आएको थियो। सुरुमै राम्रो गरेको भए धेरै रन बन्दैनथ्यो। इन्जुरी बचाउन पनि खेलिरहेकी छु। नेपालका खेलाडीले जिम्मेवारीपूर्वक ब्याटिङ गरिरहेका छैनन्। धेरै गल्ती भइरहेका छन्। हामी खेलाडीभित्र समस्या छ। पिएम कपबाट लगातार खेल्दा पनि थाकेको अनुभव भइरहेको छ।

ओपनर सम्झना खड्काले २३ रन बनाउँदा पूजा महतोले १८ रन बनाइन्। कविता जोशीले १४ रनको योगदान गरिन्। १६.४ ओभरमा चार विकेट झर्दा १०० रन बनाएको थियो। नेपालले त्यसपछि लगातार चार विकेट गुमाउँदा १५ रन मात्र जोडेको थियो। पूर्वकप्तान रुबिना क्षेत्री र विन्दु रावल डक आउट भए। कप्तान रुबिना गोल्डेन डक भइन्। सम्झना र ममता चौधरीले पहिलो विकेटका लागि ३१ रनको साझेदारी गरेका थिए।

■ नेदरल्यान्ड्सको ब्याटिङ बलियो

नेपालविरुद्धको दोस्रो भेटमा पनि नेदरल्यान्ड्सले बलियो ब्याटिङ प्रदर्शन गऱ्यो। पहिलो इनिङ्समा नेदरल्यान्ड्सकी कप्तान डी लिडेले ३८ बलमा चार चौका र एक छक्कासहित ४१ रन बनाइन्। हेथर सिगेर्सले २६ रन, ओपनर फेवेले २१ रनको योगदान गरेकी थिइन्। नेपालकी सीताले तीन ओभरमा १२ रन खर्चिएर सर्वाधिक पाँच विकेट हात पारिन्।

■ अर्जुन ट्रफी

धनगढी फराकिलो अन्तरले विजयी

धनगढीमा **तेजराज भट्ट**



अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सिवाइसी अत्तरिया र डिसिए धनगढी विजयी भएका छन्। फाप्ला क्रिकेट मैदानमा आइतबार भएको पहिलो खेलमा सिवाइसीले दशरथ चन्द एकेडेमी बैतडीलाई २६ रनले पराजित गरेको हो। अत्तरियाको जितमा भीम सार्की र विवेक यादवले उत्कृष्ट प्रदर्शन गरे। अत्तरियाले पहिलो ब्याटिङ गर्दै तीन विकेट गुमाएर १६४ रनको योगफल बनायो। लक्ष्य पछ्याएको दशरथ चन्दले २० ओभरमा नौ विकेट गुमाएर १३८ रन जोड्यो। दशरथ चन्दका लागि हिमाल दुलियाले ३९ रन, वसन्त खत्रीले २३ र सुमित बडालले १८ रन बनाए।

अत्तरियाका विवेक यादवले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा २५ रन दिएर चार विकेट लिए। साहब आलम र कमल गुप्ताले समान दुई विकेट लिए। यसअघि पहिलो ब्याटिङ गरेको अत्तरियाका लागि भीम सार्कीले ७० रनको नटआउट इनिङ्स खेले। उनले ३३ बलमा ६ चौका र चार छक्का प्रहार गरे। तृतराज दासले ३० रन र शंकर रानाले २५ रन बनाए। विवेक यादव १७ बलमा २५ रनमा अविजित रहे।

■ धनगढीले घोडाघोडीलाई हरायो

दोस्रो खेलमा धनगढीले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर १४९ रन बनाएको थियो। प्रत्युत्तरमा घोडाघोडी १६.५ ओभरमा सबै विकेट गुमाउँदै ८० रनमा समेटियो। घोडाघोडीका लागि टेक रावतले १८ रन र दीपक टमाटाले १३ रनबाहेक अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन्। धनगढीका राष्ट्रिय खेलाडी ललित राजवंशीले तीन विकेट लिए। उनी नै खेलका म्यान अफ दी म्याच पनि भए।

धनगढीका राजु रिजालले २७ बलमा ३७ रन बनाए। त्यस्तै, लोकेश बमले ३१ रन, अभिषेक पालले २८ र कप्तान नारायण जोशीले १९ रन बनाए। घोडाघोडीका लागि धर्मराज जोशीले तीन तथा नरेन साउदले दुई विकेट लिए। प्रतियोगितामा आठ टोलीले भाग लिइरहेका छन्। विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन्।

पहिलो खेलबाटै बाहिरियो आयोजक



धरानमा **केदार बस्नेत**

आयोजक धरान फुटबल क्लब आइतबार पाहुना टोली युनाइटेड कार्साङ फुटबल क्लबसँग सडनडेथमा ७-६ ले पराजित हुँदै बुढासुब्बा गोल्डकपको पहिलो खेलबाटै बाहिरिएको छ। निर्धारित समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा पुगेको थियो। धरान र कार्साङले टाइब्रेकरमा पनि ५-५ गोल गरे। त्यसपछि सडनडेथबाट विजेताको टुंगो लागेको हो। धरानका मनोज राईको प्रहार पोस्टमाथि गएपछि कार्साङ सेमिफाइनलमा प्रवेश गरेको हो।

टाइब्रेकरमा धरानका दोर्जे तामाङ, विवेक राई, सुम जिमी, कार्लोस सम र बाफोरले गोल गरे। सडनडेथमा धरानका प्रज्वल थापाले गोल गरे भने मनोज राईको प्रहार अकासिएको थियो। टाइब्रेकरमा कार्साङका विशाल क्षेत्री, सदीश राई, श्रीजल राई, रुस्तम प्रधान र राज राउतले गोल गरे। सडनडेथमा आकाश प्रधान र हेमराज भुजेलले गोल गर्न सफल भए।

खेलको १७औं मिनेटमा हेमराज भुजेलले उत्कृष्ट गोल गर्दै कार्साङलाई १-० को अग्रता दिलाए। नयन प्रधानले प्रहार गरेको बल धरानका गोलरक्षक प्रवीण लिम्बूले रोकेका थिए। गोलरक्षकबाट रिबाउन्ड भएको बललाई भुजेलले फिनिसिङ गरेका हुन्। खेलको ४४औं मिनेटमा धरानका विनोद राईले खेललाई १-१ को बराबरीमा पुऱ्याएका थिए। उनले मैदानको मध्यभागबाट एकल प्रदर्शनमा उत्कृष्ट गोल गरेका हुन्।

धरानले दोस्रो हाफमा उत्कृष्ट खेल प्रदर्शन गऱ्यो। तर, धरानका खेलाडीले फिनिसिङ गर्न सकेनन्। तीन विदेशी खेलाडीसहित मैदानमा उत्रिएको धरानले दोस्रो हाफमा गोल अवसर धेरै गुमाएको थियो। दोस्रो हाफको ११औं मिनेटमा मनोज राईको क्रसमा डिबक्समभित्रबाट तपन कार्कीले गोल गर्न चुके। दोस्रो हाफको २३औं मिनेटमा कार्लोसले दिएको पासलाई विवेक राईको हेडिङ पोस्टभन्दा बाहिर गयो। प्रतियोगिताको सोमबार इटहरीको राजा क्लब र भुटानको आरटिसीबिच खेल हुनेछ।

खेल संक्षेप

डिएभीलाई फुटसल उपाधि

काठमाडौं/ छैटौं डिएभी प्लस टु अन्तरकलेज सिक्स 'ए' साइड फुटसल प्रतियोगिताको उपाधि आयोजक डिएभी कलेजले जितेको छ। डिएभीले फाइनलमा ओमेगा कलेजलाई हराएको हो। उपाधिसँगै डिएभीले तीन लाख र उपविजेता ओमेगाले दुई लाख हात पारे। डिएभीका भारगव सिलवाल उत्कृष्ट खेलाडी बने। यसैगरी, ओमेगाका रिदम आलेमगर उत्कृष्ट गोलरक्षक र ओमेगाकै योगान्त महर्जन उच्च गोलकर्ता भए। उनीहरूले जनही १५ हजार रुपैयाँ जितेका छन्।

रोज बड च्याम्पियन

काठमाडौं/ ज्ञान निकेतन, नेरिक एकेडेमी र रोज बडले दर्सौं इनोभेटिभ कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। ज्ञान निकेतन सिनियर पुरुष, नेरिक जुनियर पुरुष र रोज बड सिनियर महिलामा च्याम्पियन बनेका हुन्। प्रतियोगिताको आइतबार भएको सिनियर पुरुष फाइनलमा ज्ञान निकेतनले नेरिकलाई ४२-३० ले पराजित गऱ्यो। जुनियर पुरुषको उपाधि भिडन्तमा नेरिकले ज्ञान निकेतनलाई ३२-२२ ले हरायो। नेरिकका सबिन खत्रीले १२ स्कोर गरे। सिनियर महिलाको उपाधि प्रतिस्पर्धामा रोज बडले मातृभूमिलाई १६-१४ ले पाखा लगायो।

ग्रिनफिल्ड पहिलो स्थानमा

काठमाडौं/ वेस्टर्न रिजन अन्तरकलेज स्पोर्टस् मिटको बास्केटबलमा ग्रिनफिल्ड र जेसिस च्याम्पियन बनेका छन्। ग्रिनफिल्डले पुरुष र जेसिसले महिलामा उपाधि जितेका हुन्। प्रतियोगिताको पुरुष फाइनलमा ग्रिनफिल्डले मनास्लुलाई ५८-२१ ले पराजित गऱ्यो। महिलाको उपाधि भिडन्तमा जेसिसले समृद्धिलाई १०-७ ले हरायो। पुरुष फुटसलमा मनास्लु पहिलो र काठमाडौं कलेज अफ सेन्ट्रल स्टेट दोस्रो भए। टग अफ वारको पुरुषमा नेपाल काष्ठमण्डप कलेज विजेता तथा केसिसिएस उपविजेता बने।

टाइगर कपको पुरुषमा पुलिस र महिलातर्फ आयोजक विजेता





कास्कीमा **रोहितराज पराजुली**

पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब भलिबल प्रतियोगिताको पुरुषतर्फ नेपाल पुलिस र महिलातर्फ आयोजक टाइगर ग्रुपले उपाधि जितेका छन्। प्रतियोगिताको आइतबार भएको महिला फाइनलमा आयोजकको टाइगरले साबिक विजेता नेपाल एपिएफ क्लबलाई ३-२ को सेटमा पाखा लगायो। पुरुषतर्फ पुलिसले गण्डकीले प्रदेशलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जित्यो।

महिलातर्फको फाइनलमा पहिलो सेट १७-२५ ले पछि परेको टाइगर दोस्रो सेट २९-२७ ले जित्दै खेलमा फर्किंयो। एपिएफले तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा राख्यो। चौथो सेट आयोजक टाइगरले २५-१६ ले जित्यो। सुरुवात चार सेटमा दुवै टोलीले २-२ को बराबरी गरे। निर्णायक सेटमा १५-१३ ले बाजी मार्दै आयोजक टाइगरले उपाधि हात पार्न सफल भयो। आयोजकको महिला टोलीले पहिलोपटकमै उपाधि उचाल्यो।

प्रतियोगितामा एपिएफ र आयोजकबिच तेस्रोपटक भिडन्त थियो। लिग चरणमा ३-० र क्वालिफायरमा ३-१ को सेटमा एपिएफले आयोजकलाई हराएको थियो। टाइगरले अघिल्लो दुई खेलमा हारको बदला फाइनलमा लियो। पुरुषतर्फ फाइनलमा पुलिसले पहिलो सेट २५-२३ र दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको थियो। घरेलु टोली गण्डकीले तेस्रो सेट २५-२० ले जित्यो। चौथो सेट २५-२२ ले हात पार्दै पुलिसले उपाधि चुम्यो। प्रतियोगितामा महिलातर्फ न्यु डायमन्ड र पुरुषतर्फ त्रिभुवन आर्मी क्लब तेस्रो भएका छन्। महिला र पुरुष विजेताले समान पाँच लाख ८५ हजार रुपैयाँ पाएका छन्। उपविजेताले समान दुई लाख ८५ हजार र तेस्रो हुनेले टोलीले समान एक लाख ८५ हजार रुपैयाँ हात पारेको आयोजक ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्माले बताए। सर्वोत्कृष्ट खेलाडीले समान २५ हजार सात सय रुपैयाँ पाएका छन्। उत्कृष्ट स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्डर र प्रशिक्षकलाई समान १० हजार पाँच सय रुपैयाँ प्रदान गरिएको छ।

उत्कृष्ट खेलाडी

सर्वोत्कृष्ट : महिलामा टाइगरकी अम्फा सोमसुरात र पुरुषमा पुलिसका पहल गहतराज

स्पाइकर : महिलामा एपिएफकी सरस्वती चौधरी र पुरुषमा गण्डकीका रमनकुमार

सेटर : महिलामा टाइगरकी अरुणा शाही र पुरुषमा गण्डकीका विवश आलेमगर

ब्लकर : महिलामा टाइगरकी नान्तिकान टुनिपा र पुरुषमा पुलिसका रविन नगरकोटी

सर्भर : महिलामा एपिएफकी निरुता ठगुन्ना र पुरुषमा गण्डकीका सञ्जुकुमार शाह

लिबेरो : महिलामा न्यु डायमन्डकी सलिना श्रेष्ठ र पुरुषमा आर्मीका ईश्वर थापा

प्रशिक्षक : महिलामा टाइगरका अर्जुन घिमिरे र पुरुषमा पुलिसका चन्द्र कुँवर

CHILIME HYDROPOWER COMPANY LIMITED

Maharajgung, Kapanmarga, Kathmandu

Unaudited Financial Position as on 29th Poush 2081 (January 13, 2025)

(Rs.'000')

Particulars	2081.09.29 (13.01.2025)	2081.06.30 (16.10.2024)	2080.09.29 (14.01.2024)
Assets			
Non-current assets			
Property, plant and equipment	1,624,858.08	1,635,089.25	1,690,532.85
Capital Work-In-Progress	528,101.87	528,101.87	449,406.82
Investment Work-In- Progress	264,521.29	264,521.29	608,858.17
Financial Assets			
Investment in subsidiary	6,533,568.81	6,533,568.81	6,140,105.90
Total non-current assets	**8,951,050.05**	**8,961,281.22**	**8,888,903.74**
Inventory	94,648.47	97,534.41	92,937.23
Advances and Deposit	455,880.15	395,227.40	126,279.71
Financial Assets			
Investment in Term Deposits	2,000,862.53	1,823,656.31	1,598,245.06
Other current assets	171,128.16	269,723.02	159,666.91
Cash and cash equivalent	88,418.26	64,003.54	277,753.86
Current Tax Assets(Net)	-	5,214.72	
Total current assets	**2,810,937.58**	**2,655,359.40**	**2,254,882.78**
Total assets	**11,761,987.62**	**11,616,640.60**	**11,143,786.52**
Equity and liabilities			
Equity			
Paid up share capital	8,782,396.92	7,983,997.20	7,983,997.20
Retained earnings	2,389,508.64	3,184,737.93	2,538,646.84
Total Equity	**11,171,905.56**	**11,168,735.13**	**10,522,644.04**
Defined Benefit Plans	170,540.62	168,504.63	163,716.59
Deferred tax Liabilities	106,163.94	106,163.94	217,397.53
Total Non-current liabilities	**276,704.56**	**274,668.57**	**381,114.12**
Current liabilities			
Provisions for employee benefits	193,462.82	24,397.83	113,560.66
Corporate Social Responsibility Fund	23,336.87	21,672.92	20,727.35
Financial Liabilities			
Trade and Other Payables	68,866.34	85,648.03	66,098.35
Current Tax Liabilities (Net)	27,711.46	41,518.12	39,642.00
Total Current Liabilities	**313,377.50**	**73,236.90**	**240,028.36**
Total Equity and Liabilities	**11,761,987.62**	**11,616,640.60**	**11,143,786.52**

Unaudited Profit & Loss Accounts from 1st Shrwan 2081 to 29th Poush 2081 (16th July 2024 to 13th January 2025)

(Rs.'000')

Particulars	FY 2081/082 (Up to Poush) (2024/025)	FY 2081/082 (Up to Aswin) (2024/025)	FY 2080/081 (Up Poush) (2023/024)
Revenue	640,942.64	3,61,855.00	612,037.41
Direct Expenses	(57,112.38)	(28,913.00)	(64,001.27)
Royalty Expenses	(86,294.26)	(58,286.00)	(76,802.24)
Gross Profit	**497,536.00**	**2,74,657.00**	**4,71,233.90**
Employee benefit expense	(19,224.55)	(11,437.00)	(22,450.33)
Administrative Expenses	(10,321.41)	(6,711.00)	(7,797.06)
Depreciation and amortization	(33,160.37)	(18,319.00)	(34,500.67)
Profit from Operation	**434,829.67**	**2,38,190.00**	**406,485.84**
Finance Income	62,457.11	20,343.00	82,035.24
Other Income	3.50	-	114.34
Profit/(Loss) Before Tax and Bonus	**497,290.28**	**2,58,533.00**	**488,635.41**
Employee Bonus	(9,945.81)	(5,171.00)	(9,581.09)
Profit/(Loss) Before Tax	**487,344.48**	**2,53,362.00**	**479,054.32**
Current tax	(100,591.75)	(41,518.00)	(99,912.63)
Profit after Tax	**386,752.72**	**2,11,844.00**	**379,141.70**
Corporate Social Responsibility Expenses	(3,867.53)	(2,118.00)	(3,791.42)
Net Profit for the year	**382,885.19**	**2,09,726.00**	**375,350.28**
Revenue	640,942.64	3,61,855.00	612,037.41
Direct Expenses	(57,112.38)	(28,913.00)	(64,001.27)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ३६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :

(क)दोस्रो त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

विवरण	आ.व. २०८१/०८२ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म)	आ.व. २०८०/०८१ दोस्रो त्रैमासिक (पौष मसान्तसम्म)	कैफियत
प्रतिशेयर आम्दानी	८७२	९.४०	बार्षिकिकरण गरिएको
P/E Ratio	५७.५	५५.२०	
प्रतिशेयर नेटवर्थ	१२७.२१	१३१.८०	
प्रतिसेयर कुल सम्पत्तिको मूल्य	१३४.०१	१३९.५८	
तरलता अनुपात	८.१२	९.३९	

२. व्यवस्थापकीय विश्लेषण :

(क)गत आ.व. २०८०/०८१ को अनुपातमा यस आ.व. २०८१/०८२ को पौष मसान्तसम्मको विद्युत विक्री रु २ करोड ८९ लाख ५ हजार अर्थात ४.७२ % ले वृद्धि हुन गएको छ । नेपाल विद्युत प्राधिकरणले यस आ.व.को पौष मसान्तसम्म कर्नेयाक्ट ईनर्जिको तुलनामा विगत आ.व. मा भन्दा अतिरिक्त विद्युत उर्जा खरिद गरिदिएको हुँदा विद्युत विक्री आम्दानि पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

गत आ.व. को यसै अवधिको तुलनामा यस आ.व. मा बैक मौज्दात न्युन हुन जाँदा र व्याज दरमा पनि क्रमशः घट्दै गएकोले व्याज आम्दानीतर्फ रु १ करोड ९६ लाख ८८ हजार अर्थात २३.९७ % ले न्युन हुन गएको छ । हालको नगद मौज्दातलाई लाभांश दिन, नयाँ आयोजनाको पहिचान एवं विकास, अध्ययन, चिलिमे कर्पोरेट निर्माण, कार्यालय सञ्चालनार्थ लगायतका कामहरुका लागि उपयोग गर्दै लगिने छ । मिति २०८१ साल पुस २८ गतेको २८ औं वार्षिक साधारण सभाले पारित गरे बमोजिमको २% नगद लाभांश रकम भुक्तानी नभैसकेकोले व्यवस्था (Provision) मा देखाउँदा यस शिर्षकमा दायित्व वृद्धि हुन गएको छ । यो प्रतिवेदन तयार गर्दाका वखत भने उक्त रकम शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत शेयरधनीको खातामा पठाइ सकिएको छ ।

(ख)कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सदा रहिरहने ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

यस कम्पनीले आ.व. २०७५/०७६ को आय विवरण ठूला करदाता कार्यालयमा पेश गरिएको मा तहाँबाट संशोधित कर निर्धारण भएको र उक्त कर निर्धारण गरेको कुरा चित्त नबुझी आन्तरिक राजश्व विभागमा पुनरावलोकनका लागि पेश गरिएको छ ।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क)सेयरको वजार मूल्यमा असाधरण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् । संस्थाले अपेक्षित नाफा आर्जन गर्न सफल भएको र आगामी दिनमा अझ बढी सफलता हासिल गर्ने कुरामा व्यबस्थापन पक्ष विश्वस्त रही सम्वन्धित लगानीकर्ताहरुलाई पनि विश्वस्त गराउन चाहन्छ ।

(ख)मिति २०८१/०९/२८ गतेको २८औं वर्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण सेयर दाखिला खारेज वन्द भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको २ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको १० प्रतिशत वोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । वोनश सेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । वोनश सेयर डिम्याट गराउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो सेयर अभौतिकीकरण गराउन छुटेका सेयर धनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) प्रथम त्रैमासिक अवधिको सेयर कारोवार सम्बन्धी विवरण :

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
६०८/-	४९८/-	५०१.४०	५५	१२९९१

५. समस्या र चुनौती :

यस कम्पनीको अनुवाइमा गठन भएका जलविद्युत कम्पनीहरु मार्फत अगाडि बढाइएका चार वटा जलविद्युत आयोजनाहरुः सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे.वा.), सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.), रसुवागढी जलविद्युत आयोजना (१११ मेवा) सम्पन्न भई नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति हुन शुरु भई सकेको छ भने मध्य भोटेकोशी जलविद्युत आयोजनाको हकमा केही थप समय लाग्ने देखिन्छ । यो आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति प्रवाहका लागि आवश्यक पर्ने प्रशारण लाइन पनि सम्पन्न भई सकेको छैन ।

यस कम्पनीले संभाव्यता अध्ययनका लागि अनुमति प्राप्त गरेका सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट), बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा), बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) आयोजनाहरु निर्माण कार्य शुरु गर्नुपर्ने भएको छ । बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यार खोला जलविद्युत आयोजना (४५ मेगावाट) को निर्माणको अनुमति पत्र प्राप्त भई सकेको छ भने अन्य दुईको हकमा अनुमति पत्र पाप्त हुने अवस्थामा रहेको छ ।

- यी आयोजनाहरु मध्ये बूढीगण्डकी जलविद्युत आयोजना (९१ मेवा) का लागि संम्भाव्यता अध्ययन गर्नका लागि आयोजना स्थलमा नै उपस्थित भई महत्वपूर्ण जानकारी लिनु पर्ने भएको र सो का लागि नेपाल सरकारको सम्बन्धित विभागमा अनुरोध समेत गरिएकोमा भण्डै अढाइ वर्षसम्म अनुमिति नआउँदा अध्ययनका कामहर अवरुद्ध भएका थिए । हालमने अनुमति पत्र प्राप्त भई सकेको छ ।
- सेतिनदी-३ अर्धजलासययुक्त जलविद्युत आयोजना (८७ मेगावाट) का लागि वित्तिय व्यवस्थापन गर्नका लागि विभिन्न वित्तिय संस्थाहरुसंग छलफल भई रहेको छ । नेपाल हाइड्रोइलेक्ट्रिसिटिबाट Financial Closer का लागि ईच्छुक भएको र अन्य संस्थाहरुसंगको समन्वयमा उल्लेखित कार्य सम्पन्न गर्ने प्रयास भई रहेको व्यहोरा प्राप्त भएको छ । यो आयोजनास्थलसम्म पुग्ने पहुँच सडक पहिले नै भएकोले वित्तिय व्यवस्थापन हुना साथ कामहरु अगाडि बढाउन सकिने अवस्था देखिन्छ । यस आयोजनाका लागि आवश्यक पर्ने राष्ट्रिय प्रशारण लाइनको भने अवस्था सहज देखिदैन ।
- बूढीगण्डकी प्रोक जलविद्युत आयोजना (८१ मेवा) र स्यारखोला जलविद्युत आयोजना (४५ मेगावाट) निर्माण गर्नका लागि आवश्यक पर्ने पहुँच सडक तयारी अवस्थामा नभएको हुँदा तत्काल निर्माणका कामहरु प्रारम्भ गर्न सकिने अवस्था देखिदैन । नेपाली सेनाको नेतृत्वमा सडक खन्ने कार्य जारी रहेको छ । सडक पुग्ना साथ निर्माणका काम प्रारम्भ गरिने छ ।

६. संस्थागत सुशासन :

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम/विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, खरिद मूल्याङकन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको छ । आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको छ । संस्थागत विकास एवं सुदृढिकरण अन्तरगत विभिन्न किसिमका अध्ययन, तालिम, तथा गोष्ठीहरु जस्ता विषयलाई पनि प्रथामिकता दिने गरिएको छ ।

७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महसुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com